◆ **सम्पादकीय-**

- सबैको चाहनाः शान्तिको स्थापना - २

◆ **आवरण**

- नयाँ सरकारबाट गरिएको अपेक्षा- **प्रदिप नेपाल** - ३
- नेपाली राजनीति र चलखेल- **कोमल भट्टराई** - ४
- सरकारको साझा न्यूनतम कार्यक्रम - ७
- एमालेसहित सर्वदलीय सरकार - ९

◆ **विश्लेषण**

- जनताको लडाईं चलिरहन्छ - **बेदुराम भुसाल** - ११

◆ **वहस**

- संविधान सभाः प्रयोगका अनुभवहरु- **टीकाराम भट्टराई** - १३

◆ **पार्टी जीवन**

- जिल्लाको सचिवले कसरी काम गर्ने ? - **काशीनाथ अधिकारी** - १५

◆ **स्मृति**

- पुष्पलालः मिलनसार र सहृदयी नेता - **रामसिंह रावल** - १७

◆ **रोचक इतिहास**

- एउटा पेस्तोलले जिल्ला कब्जा - **कमल कोइराला** - १९

◆ **संस्मरण**

- नलेखिएको इतिहास - **सुरेन्द्रप्रसाद पाण्डे** - २१

◆ **म कसरी कम्युनिष्ट भएँ ?**

- कम्युनिष्ट व्यवस्था आएहुन्थ्यो .... - **महेन्द्रबहादुर पाण्डे** - २३

◆ **चिनारी**

- रामबहादुर कार्की - **कमला पराजुली** - २४

◆ **सरोकार**

- बजेटमा महिला सहभागिता - **उर्मिला अर्याल** - २५

◆ **अर्थ**

- बैंकहरुको सुधार प्रक्रिया .... - **डा. गोविन्दबहादुर थापा** - २७

◆ **कविता**

- उज्यालो खोज्दै- **रामचन्द्र नेपाल** - ३०

◆ **व्यक्तित्व**

- जनकवि केवलपुरे किसान - **मोदनाथ प्रश्रित** - ३१

◆ **कृति परिचय**

- नयाँ सत्ताको गीत - **गंगा बिसी** - ३२

◆ **मोफसल**

- धादिङको कम्युनिष्ट आन्दोलनको इतिहास- **राजेन्द्रप्रसाद पाण्डे** - ३३

◆ **समाज**

- हिंसाको चपेटामा मानवअधिकार- **हरि फुयाल** - ३५

◆ **मुलुक परिचय**

- फिलिपिन्स - **विष्णु रिजाल** - ३६

◆ **टिप्पणी**

- सर्वदलीय सरकार, माओवादी समस्या र समाधान - **सूर्य थापा** - ३७
◆ **नेतृत्व परिचय- केदार न्यौपाने/सुरेश कार्की** - ३९

# सबैको चाहना: शान्तिको स्थापना

*गम्भीर बहसका बीचमा एउटा नयाँ सरकार जनतासामु उपस्थित भएको छ। आन्दोलनकारी पाँच दलको अकर्मण्यताको मानसपुत्रका रूपमा जन्मिएको यो सरकार पनि त्यस्तै अकर्मण्यताको शिकार नभइदियोस् भनेर नेकपा (एमाले) ठूलो संकट मोलेर उक्त सरकारमा सहभागी हुने निर्णय गरेको छ। ढङ्ग पुऱ्याउन सक्दा यो सरकारले नेपाल राष्ट्र र नेपाली जनताका लागि सकारात्मक परिणामहरू दिनसक्ने सम्भावना प्रबल छ भने ढङ्ग नजान्दा नेकपा (एमाले)त डुब्छ नै सँगसँगै यो देश पनि डुब्छ।*

*सरकार गठन हुने भनेको नागरिकका लागि हो। त्यसैले सरकारमा जानेहरूले सबैभन्दा पहिले थाहा पाउनुपर्ने विषय भनेको जनताको इच्छा आकांक्षा नै हो। पार्टीहरू के चाहन्छन् ? यो कुनै महत्वको विषय होइन। राजालाई के चाहिएको छ ? यो पनि कुनै महत्वको विषय होइन। जनताले के चाहेका छन् ? सरकारका लागि यो नै ध्यान दिनुपर्ने विषय हो।*

*सबैलाई थाहा छ, अहिले नेपाली जनताले चाहेको विषय भनेको शान्ति हो। नेपालमा एकातिर माओवादी बन्दुक छ र अर्कोतिर सरकारी बन्दुक छ। दुबै बन्दुकहरू आधारभूत रूपमा जनताका दुश्मन भएका छन्। दुबैले जनताको सेवा र रक्षा गर्ने काम गरेका छैनन्। दुबैले आफूलाई आततायी शासकको रूपमा स्थापित गरेका छन् र दुबैका कारण निर्दोष नागरिकको जीवन समाप्त भएको छ। दुईखाले बन्दुकका कारण सुख, शान्ति र प्रगति नेपाली जनमनका लागि सपनाको विषय बनेको छ।*

*हिजोका दुई सरकारहरू जनताप्रति रौं बराबर पनि जिम्मेवार थिएनन् भन्ने सत्यलाई नेपाली राजनीतिको इतिहासले स्थापित गरिसकेको छ। बेलैमा होस नपुऱ्याए यो तेस्रो सरकारले पनि त्यही बाटो लिने सम्भावना प्रबल छ। हिजोका दुईटा मन्त्रिपरिषद् राजाका निजी थिए भने यो मन्त्रिपरिषद्मा राजा र राजनीतिक दलहरूबीच सम्झौता भएको छ। सबैभन्दा पहिले यो सम्झौताप्रति सरकारमा सामेल पाँचै समूह इमान्दार हुनु अनिवार्य छ। पाँचौं समूह संभवत: साझा न्यूनतम कार्यक्रम निर्माणमा सामेल भएको थिएन। तर यसो भनेर उक्त कार्यक्रमप्रति असहमति जाहेर गर्ने काम उहाँहरूका लागि सुहाउँदैन। अहिलेको सरकारको कार्यसूची भनेको साझा न्यूनतम कार्यक्रम नै हो। सरकारमा बस्नेहरूले अनिवार्यरूपमा त्यसको पालना गर्नुपर्छ। पालना गर्न सकिँदैन भने, आफूलाई सरकारबाट अलग्याउनुपर्छ। यो नै राजनीतिक नैतिकता हो।*

*जनताका तीखा आँखाको निगरानीमा यो सरकार उभिएको छ। शान्तिप्रति सरकारको प्रतिबद्धता कसरी जाहेर हुन्छ ? यो नै अहिलेको मूल प्रश्न हो। यो प्रतिबद्धता सबैभन्दा पहिले बजेटमा अभिव्यक्त हुनुपर्दछ। सरकारी संचार माध्यममा यसको अभिव्यक्ति खोजिने छ। शान्तिप्रति थोरै पनि लरबरिएको भाषा पाइएमा सरकारी संचार माध्यमहरू जनताको आक्रोशको शिकार हुनेछन् भनेर संचार मन्त्रीले बुझ्नुपर्छ। सरकारप्रति अविश्वास भएकै कारण बिस्तारै सरकारी संचारमाध्यमलाई सहकारीकरण या निजीकरण गर्ने आवाज उठ्न थालेको छ र सामयिक भएको हुनाले यो आवाजको स्वर चढ्दै जानेछ।*

*शान्तिलाई मूल कार्यसूची बनाएको सरकारको विरोध गर्नेहरू शान्तिकामी हुँदैनन्। तर आन्दोलन जनताको नैसर्गिक अधिकार हो। कसैलाई पनि जनताको हकहितका पक्षमा आन्दोलन नगर भन्न मिल्दैन। अहिले सरकारले पनि शान्तिको आह्वान गरोस्, आन्दोलनकारीहरूले पनि शान्तिको आह्वान गरून्। यतिबेला सबै पार्टीले माओवादीसँग वार्ता गरेर समस्याको समाधान खोज्ने प्रतिबद्धता जाहेर गरिसकेका छन्। आठ महिनाअघि हाम्रो पार्टीले अघि सारेको राजनीतिक समस्या समाधानको प्रस्ताव अहिले कार्यान्वयनको चरणमा प्रवेश गरेको छ। सबैले नौ बुँदे रोडम्याप भनेर चिनेको उक्त समाधान प्रस्तावले अघि सारेको गोलमेच सम्मेलन, अन्तरिम सरकार हुँदै नयाँ संविधानको निर्माण गर्ने प्रक्रियागत सोचाइ नै आजको शान्तिको एकमात्र गोरेटो हो भन्ने यथार्थलाई सबैले बुझ्नु पर्दछ।*

*र, यो सरकारले उक्त रोडम्याप अविलम्ब कार्यान्वयन गर्ने काम थाल्नु जरूरी छ।*

# नयाँ सरकारबाट गरिएको अपेक्षा

' प्रदिप नेपाल

एक महिनाको लामो प्रसवबेदना पश्चात् नेपालमा एउटा नयाँ सरकारको स्थापना भएको छ । त्यसलाई बोलीचालीको भाषामा प्रधानमन्त्री शेरबहादुर देउवाको पुनर्बहाली भएको विघटित प्रतिनिधिसभाका चारवटा दलहरू समाहित भएको सर्बदलीय सरकार भनिएको छ । यो सरकारमा एकजना राष्ट्रियसभाका पूर्वअध्यक्ष र एकजना राष्ट्रियसभाका पूर्व सदस्यको उपस्थिति रहेका कारण मानिसहरूमा सामान्य अन्यौल पनि छ । यो अन्यौललाई ०५५ मा गठित कांग्रेस-एमाले-सद्भावनाको संयुक्त सरकारसँग जोडेर हेर्नु राजनीतिक बुद्धिमानी हुन्छ । त्यतिबेला पनि सरकारमा सामेल हुनुभएका तत्कालीन राष्ट्रियसभाका सदस्य रमेशनाथ पाण्डे कुनै पार्टीसँग सम्बद्ध हुनुहुन्थेन । जसरी रमेशनाथ पाण्डेको उपस्थितिको सरकारलाई दलीय सरकार मानिएको थियो, त्यसरी नै अहिले पूर्वअध्यक्ष मोहसिन र पूर्वसदस्य थकालीको उपस्थितिको सरकारलाई पनि दलीय सरकार नै मानिन्छ ।

यो सरकारलाई सर्वपक्षीय हो भन्नेहरूले राजाको मानमर्दन गर्न खोजेका हुन् भनेर जोकोहीले पनि बुझ्नुपर्छ । सरकारमा सामेल २९ जनाको दलीय हैसियत छ र दुई जनाको हैसियत व्यक्तिगत छ । उहाँहरू कसैको प्रतिनिधि होइन । उहाँहरूले कसैको प्रतिनिधित्व गर्नुहुन्न । यस्तो अवस्थामा २९ को ठूलो बहुमतलाई २ को सानो अल्पमतसँग जोडेर सर्वपक्षीय भन्नु राजनैतिक नैतिकता होइन । यसले पार्टीको मात्र होइन, राजनीतिक दलहरूको मानमर्यादामाथि समेत आँच पुऱ्याउँछ । यस्तो गल्ती दलकै सिफारिसमा सरकारमा गएकाहरूले गर्न सुहाउँदैन । माननीय मन्त्रीद्वयको व्यक्तिगत हैसियत पनि प्रधानमन्त्री देउवामा गएर टुङ्गिन्छ । उहाँहरूको नियुक्ति प्रधानमन्त्री देउवाले गर्नुभएको हुनाले प्रकारान्तरले उहाँहरू प्रजातान्त्रिक कांग्रेसको कोटामा जोडिनु हुन्छ । व्यक्तिगतरूपमा उहाँहरूलाई नमिठो लागे पनि राजनीतिको इमानले यही भन्छ ।

यसमा भएको पार्टीगत प्रतिनिधित्वका सन्दर्भमा केही लेखिरहनु आवश्यक छैन । पार्टीभित्रका नेताहरूको योग्यता-अयोग्यताका सन्दर्भमा भएका सार्वजनिक बहसहरूले बहसकर्ता नेताहरूकै छाला काढिसकेको छ । मन्त्रिपरिषद्मा कस्ता अनुहारका मानिस पठाउनु पर्थ्यो, कस्तो अनुहारकोलाई पठाउनु पर्दैनथ्यो भन्ने जस्ता विषयले कुनै राजनीतिक अर्थ राख्दैनन् । मुद्दा राजनीतिक हुन्छ राजनीतिमा, वैयक्तिक होइन ।

टिप्पणीकारहरूले कनिष्ठलाई पठाइयो सरकारमा भन्ने टिप्पणी पनि गरेका छन् । यो बरिष्ठ र कनिष्ठको सवाल सामन्तवादको अभिव्यक्तिबाहेक केही होइन । कुन जिम्दार ठूलो हो, कसको मौजा धेरै छ र कुन जमिन्दार सानो भन्नु र पार्टीभित्र कनिष्ठ बरिष्ठको हिसाब लाउनु उस्तै कुरा हो । पार्टीमा जिम्मेवारीप्रतिको निष्ठा सबैभन्दा ठूलो कुरो हुन्छ । कसले काम गरेको छ ? को काम गर्न सक्दैन ? यी प्रश्नहरूले पार्टीभित्र व्यक्तिको स्तर निर्धारण गर्दछन् । यत्ति कुराले मात्र व्यक्तिको स्तर निर्धारण हुँदैन । योभन्दा ठूलो कुरो हो पार्टी र जनताप्रतिको निष्ठा । पाको पठाउनुस् कि युवा पठाउनुस्- उसमा पार्टीप्रति सम्पूर्ण निष्ठा छैन भने सरकारमा व्यक्तिको उपस्थितिको लाभ जनताले प्राप्त गर्नै सक्दैनन् ।

वर्तमान सरकारमा विचारको तानातान चल्ने कुरा सुनिश्चित छ, किनभने फरक- फरक विचारधाराको प्रतिनिधित्व गर्ने दल र राजाबीचको सहकार्यको मन्त्रिपरिषद् हो यो । हाम्रो पार्टी, एमालेबाट गएका मन्त्रीहरू स्वभाविक रूपमा जनताप्रति बढी दायित्वशील हुनेछन् । उनीहरूले गर्ने कामकारबाहीहरू जनताको हितसँग जोडिएका हुनेछन् । यही प्रवृत्ति अरू दलका प्रतिनिधिहरूमा पनि देखापर्नेछ । पाँचतिर फर्किएका मुखहरूको बोली नमिल्ने कुरो अहिलेको सरकारका लागि स्वभाविक हुन्छ । त्यसै हुनाले पार्टीहरूको प्रतिक्रिया पनि आलोचनात्मक एकताको पक्षमा जानेछ । सबै दलहरूले सरकारलाई समर्थन दिनेछन्, दिनुपर्नेछ, । तर सरकारले काम गर्न सके नसकेको आधारमा मन्त्रालयगत टिप्पणी उठाउन पार्टीहरू स्वतन्त्र रहनेछन् । बहुमतप्राप्त दलको सरकार गठन हुँदा त सरकारले पार्टीलाई पुच्छर बनाउन मिल्दैन भने संयुक्त सरकारका सन्दर्भमा त दलको स्वतन्त्र अस्तित्व नै प्रजातन्त्रको हिमायती हो भन्ने अन्तिम सत्यलाई सबैले स्वीकार्नु पर्छ ।

सबै पार्टीहरूले नयाँ अनुहारलाई प्राथमिकता दिएका छन् । यो नेपाली राजनीतिकै लागि एउटा शुभसंकेत हो । सबै पार्टीहरूले एउटा सक्षम टिम पार्टी चलाउन पार्टीमै रहनुपर्छ भन्ने सिद्धान्तमा आधारित भएर मन्त्री चयन गरेको वास्तविकता पनि सार्वजनिक गरेका छन् । अर्थात्, अहिलेको सरकारमा असक्षमलाई मात्र पठाइएको छैन र सरकारमा नपर्ने जति सबै असक्षम छन् भन्ने आरोप पनि सत्य होइन । एउटा राम्रो टिम सरकार संचालन गर्ने काममा खटाइएको छ र त्यत्तिकै अर्को राम्रो टिम पार्टी संचालनका लागि राखिएको छ ।

राजनीतिक पार्टीमा जसरी द्वन्द्व चलिरहन्छ, त्यसरी नै यो सरकारभित्र पनि द्वन्द्व जारी रहनेछ । अहिले प्रतिगमन सच्चिएर पूर्णअग्रगमनको दिशातिर मुलुक फर्किएको पनि छैन । मुलुक एउटा क्रसरोडमा उभिएको छ । यस्तो अवस्थामा सरकारमा सामेल दलहरूबीच तानातान हुनु अत्यन्तै स्वभाविक हुन्छ । त्यसैले सानातिना द्वन्द र विवाद हुँदैमा नागरिकले अथवा पार्टीहरूले नै भनौं, तर्सिनुपर्ने कुनै कारण छैन । यस्तो सरकारको संचालन एकता, संघर्ष र एकताकै आधारमा हुनेछ ।

संघर्षका दर्जनौं मुद्दाहरू होलान् । एउटा पक्ष यही सरकार संचालनकै क्रममा पूर्ण प्रजातन्त्रको प्रयत्नमा लाग्ला भने अर्को पक्ष यही खेलमा प्रतिगमनलाई बलियो बनाउन सकिन्छ कि भन्ने कोसिसमा पनि लाग्ला । दुबैले एकअर्काका गतिविधिहरू नियाल्लान्, तर अन्तिममा दुबैले एउटा साझा बिन्दुमा नआई सुखै छैन ।

**त्यो साझा विन्दु भनेको के हो ?**

त्यो साझा विन्दु भनेको शान्तिको स्थापना हो । अहिले चुनाव हुनुपर्छ भन्ने कसैको चाहना होइन । ०६१ सालको अन्तसम्ममा निर्वाचन प्रक्रिया शुरू गर्ने भाषणहरूको कुनै प्रयोजन छैन । अथवा त्यसलाई मतदाता नामावली अद्यावधिक गर्ने कार्यक्रमका रूपमा लिनसम्म सकिएला, तर त्यसभन्दा माथिको चुनावी योजना बनाउनेहरू सबै सोम शर्मा हुनेछन् भन्ने सत्य यो सरकारले बोध गर्नुपर्छ । प्रधानमन्त्री देउवाले ३१ जना मन्त्रीहरूको जम्बो मन्त्रीमण्डल बनाउनुभए पनि तिनीहरू कोही मतपत्र, मतपेटिका बोकेर

गाउँमा जानसक्ने अवस्थामा छैनन् । नेपाल जस्तो टाट पल्टिँदै गएको देशमा कुनै पढालिखा मान्छे मतदान अधिकृत भएर मतदान केन्द्रमा जानेछैन । निर्वाचन अधिकृतहरू नै पनि पाउन गाह्रो छ पचहत्तर जना । उम्मेद्वारी दिने, मतदान गर्ने भन्ने त त्यसपछिका काम हुन् ।

त्यसै हुनाले मन्त्रीहरूले चुनावको भाषण गर्न छोडून् । अहिले चुनाव हुँदैन, आउने चैत महिनाभित्र पनि चुनावको वातावरण बन्दैन । यो अन्तिम सत्य हो । जनताप्रति निष्ठा राख्ने पार्टीहरूको सरकारको काम मान्छे मारेर शासन चलाउनु होइन, जनताको हितमा आफ्नो बलिदान दिने हो । उसै पनि जनता चुनावका लागि हतारिएका छैनन्, उनीहरू आत्तिएका छन् शान्तिका लागि ।

त्यसै हुनाले यो सरकारले शान्तिको प्रत्याभूति दिन सक्नुपर्छ सबैलाई । सरकारले युद्धविरामको घोषणा गर्नुपर्छ । एकतर्फीरूपमै भए पनि यो घोषणा गरिहाल्नुपर्छ । सरकारले माओवादीका दीर्घकालीन र अल्पकालीन मागहरूको फेहरिस्त बनाउनुपर्छ । त्यसपछि सरकार माओवादीका पछिल्ला मागहरूमा प्रवेश गर्नुपर्छ । युद्धविरामको घोषणा पश्चात् गोलमेच सम्मेलनको आह्वान हुनुपर्छ । त्यही गोलमेचले अग्रगमनका एजेन्डाहरू तय गर्ने छ । गोलमेल सम्मेलन समाप्त भएपछि माओवादीसहितको अन्तरिम सरकार गठन गर्नुपर्नेछ । त्यो अन्तरिम सरकारले नै नेपालमा चुनाव सम्पन्न गराउन सक्नेछ । र, त्यो निर्वाचन नै आतङ्कको छायाँबाट मुक्त रहनेछ ।

# नेपाली राजनीति र चलखेल

**' कोमल भट्टराई**

**ने**पाल कम्युनिष्ट पार्टी (एमाले) अनिर्णयको बन्दी बनेको आन्दोलनलाई छाडेर प्रजातान्त्रिक काँग्रेसका सभापति शेरबहादुर देउवाको प्रधानमन्त्रीत्वलाई सशर्त समर्थन गर्दै सरकारमा सामेल भएको छ । सरकारमा संलग्न हुनुअघि श्री ५ को सरकारको प्रतिगामी कार्यसम्पादन नियमावली-२०५९ को संशोधन गरिएको छ । सरकारमा सम्मिलित हुने दलहरूबीच न्यूनतम सहमतिको प्रस्तावमा हस्ताक्षर भएको छ । यी कार्यहरूमा नेकपा(एमाले)को प्रमुख भूमिका रहेको स्पष्ट नै छ । नेकपा(एमाले)ले देउवा सरकारमा सामेल हुने र पाँच दलको सहकार्यबाट निस्कने तात्कालिकरूपमा अप्रिय लाग्ने निर्णय लिएको छ । यो निर्णयले नेपाली वाम-प्रजातान्त्रिक शक्ति र व्यक्तिहरू आश्चर्य र चिन्तामा पनि छन् । देशीविदेशी शक्तिहरूको चलखेल भइरहेको अवस्थामा देउवाको सरकारमा सामेल भएर एमालेको सोचअनुसार जनसेवा गर्न र राष्ट्रिय समस्या सम्बोधन गर्ने काम सजिलो छैन । तथापि देशको राष्ट्रिय राजनीतिले स्पष्ट मार्ग तय गर्ने र अब विभिन्न शक्तिले आ-आफ्ना पक्षहरू लिनैपर्ने सम्भावना बढेको छ । फलतः समय र सन्दर्भको आग्रहअनुरूप नेकपा(एमाले) राष्ट्रिय समस्या समाधानार्थ हस्तक्षेप गर्ने रणनीतिका साथ वर्तमान सरकारमा सामेल भएको छ । यस परिप्रेक्ष्यमा देशको राष्ट्रिय समस्यामा राजनीतिक पार्टीहरूको भूमिका कस्तो हुनेछ, यसबारे चर्चा गर्नु अब सान्दर्भिक बनेको छ ।

**१. नेपाली राजनीतिमा एमालेको स्थान**

विगत केही वर्षयता नेपाली राजनीतिमा चार कोणीय शक्तिहरू क्रियाशील रहेका छन् । नेकपा (एमाले)को सातौं महाधिवेशनले गरेको उक्त विश्लेषण अहिले पनि उत्तिकै सही छ । तर, माओवादीले नेपाली राजनीतिमा दुई बन्दुकधारीहरूलाई मात्र शक्ति देखेको छ । काँग्रेसलगायत नानाथरीका यथास्थितिवादीहरूले दुई बन्दुकधारी र संसदीय शक्ति गरी तीनवटा मात्र शक्ति भएको प्रचारमा ल्याएका छन् । सर्वविदितै छ, नेकपा(एमाले) दुईवटा अतिवादी निरकुंश शक्तिहरू र काँग्रेसलगायतका यथास्थितिवादी शक्तिहरू भन्दा भिन्न चरित्र र सरोकार राख्ने गर्दछ । यसले वाम-प्रजातान्त्रिक शक्तिका रूपमा कार्य गरिरहेको छ । यसैले नेपाली राजनीतिमा बारम्बार चारवटा शक्तिबीच शक्तिसंघर्ष भइरहेको देखिन्छ ।

नेकपा(एमाले) नेपाली काँग्रेसको यथास्थितिवादी अडानबाट देशले खोजेको परिवर्तनका कार्यहरू अघि बढाउन नसकिने देखेर नै आन्दोलनबाट निस्केको हो । एमालेलाई नेपाली काँग्रेससँगको सहयात्राबाट वर्तमान संविधानलाई दुरूस्त पार्नसक्नेसम्मको सहयोग मिल्दथ्यो तर राष्ट्रिय समस्याको रूपमा रहेको माओवादी समस्या समाधानका लागि पहल गर्न सक्दैनथ्यो । सबैलाई थाहा नै छ, आन्दोलनकारीबीचको तथाकथित आचारसंहिता र काँग्रेसी हठका कारणले माओवादी समस्या समाधानका लागि एमालेको नौ बूँदे प्रस्ताव पनि जनताबीच छलफल हुन सकेन । यसैगरी नेपाली राजनीतिमा नेकपा (एमाले)को वाम-प्रजातान्त्रिक छवि यथास्थितिवादी काँग्रेसको चरित्रको कारण धमिलिने भय बनिरहेको थियो । नेपाली काँग्रेसले देशीविदेशी शक्तिहरूलाई सडक र सदनमा नेकपा(एमाले) र जङ्गलमा माओवादीलाई देखाउँदै आन्दोलनको बीचबीचमा मोलमोलाई गरेको रहस्य खुल्दै गए । काँग्रेसले आन्दोलनको क्रममा नागरिक समाज र विभिन्न राजनीतिक व्यक्तित्वहरूले समस्याको समाधान गर्न नयाँ संविधानको निर्माण गर्न दिएको सुझावलाई स्वीकार गर्ने होइन अनावश्यक चुनौती पनि दियो । त्यसकारण नेपाली काँग्रेस प्रतिगमन सच्याउने र माओवादीलाई ठाउँमा ल्याउने बाटोमा तगारो बनेको थियो । अरू नामधारी वामहरू काँग्रेससँग मिलेर एमालेलाई कतिखेर सराप्न पाइन्छ भनेर क्रान्तिकारी कुरा गरेर बस्थे र

उनीहरूमा वाम आन्दोलनको भविष्यबारे पीर र जिम्मेवारीबोध पनि देखिएन । यिनीहरूले देशको प्रमुख समस्या माओवादी समस्यालाई सम्बोधन गर्ने समाधानको कुनै खाका जनमानसमा ल्याएका पनि छैनन् ।

नेकपा (एमाले)ले संयुक्त आन्दोलनको क्रममा नै देशी विदेशी प्रचारयन्त्र र शक्तिको पूर्वाग्रही कुप्रचारलाई वास्तै नगरिकन माओवादीसँग छलफल गरेर समस्यालाई रूपान्तरण गर्न प्याकेज तयार गरेको छ । जसलाई यसले राष्ट्रिय समस्या समाधानको ९ बूँदे प्रस्ताव भनेको छ । यसलाई अरूले रोडम्याप नामाकरण गरिदिएका छन् । यसमा अहिले समस्या समाधानका लागि उठेका (१) गोलमेच सम्मेलन, (२) अन्तरिम सरकार, (३) नयाँ संविधानका लागि जनमतसंग्रह या संविधानसभा, (४) वार्तामा संयुक्त राष्ट्रसंघको मध्यस्थता जस्ता प्रक्रियागत कुराहरूसमेत प्रस्ताव गरिएको छ । यो प्रस्तावलाई विश्व समुदायले र नेपाली नागरिक समाजले पनि अहिलेसम्मका सबैभन्दा व्यवहारिक प्रस्ताव भनिरहेका छन् ।

वाम-प्रजातान्त्रिक शक्तिको रूपमा एमालेको अग्रसक्रियता नेपाली राजनीतिमा पटक-पटक देखिइरहेको छ । एमाले सरकारमा प्रवेश हुनुलाई पूर्वाग्रही आँखाले "दरबारिया शक्तिसँगको सामिप्यता" या "प्रतिगमनको गोटी" का रूपमा देख्ने र खुकुरीमा साँध लगाउनेहरूले आफूलाई पनि राम्ररी नियाल्नु जरूरी छ । माओवादीले राजाको प्रतिगामी सरकारसँग वार्ता गरेर नै दरवारलाई औपचारिक शक्ति केन्द्रको मान्यता दियो । जवकि देशका सम्पूर्ण राजनीतिक शक्ति र नागरिक समाजसमेत चन्द सरकारलाई बहिस्कार गरिरहेका थिए । नेकपा (एमाले)ले त राजालाई संवैधानिक राजाको रूपमा मात्र स्वीकार गरेको हो । अहिले एमाले राष्ट्रिय शक्तिहरूद्धारा राजाको स्थान र भूमिका तोकिनुपर्दछ र संवैधानिक राजाको स्पष्ट परिभाषा हुनुपर्दछ भन्ने अडानमा रहेको छ । यस कुरामा एमाले अन्य कुनै पनि "प्रजातान्त्रिक" र "क्रान्तिकारी" समूह भन्दा ज्यादै स्पष्ट छ ।

**२. माओवादी समस्याप्रति विभिन्न शक्तिहरूको भूमिका**

नेपाली राजनीतिमा जनयुद्धको सेरोफेरोमा भइरहेको माओवादी आतंक या प्रतिआतङ्क नै प्रमुख राष्ट्रिय समस्या बनेको छ । प्रतिगमनकारीले पश्चिमा शक्तिलाई माओवादीसहित वामदललाई छिन्नभिन्न पार्नसक्ने र नेपालका दलाल पूँजीपति र भर्खरभर्खर प्रवेश गर्न लागेको विदेशी व्यापार पूँजीको सुरक्षा गर्ने विश्वास दिलाएको थियो । तर यो काममा दरवार असफल भयो । अब अन्तर्राष्ट्रिय शक्ति र नेपालका दलाल पूँजीपतिसमेत दरवारको प्रयासबाट दिगो शान्ति कायम नहुने कुरामा विस्तारै विस्वस्त बन्दै गएका छन् ।

नेपालका गैरएमालेहरूबीच माओवादी समस्याको समाधानबारे समान प्रस्तावना र आग्रह रहेका छन् । यिनीहरू माओवादीहरू एमालेलाई विस्थापित गर्नसक्ने भएपछिमात्र नेपाली राजनीतिको मूलधारमा आउनेमा विश्वास राख्दछन् । यही प्रस्तावनाकै आधारमा एमालेविरूद्ध सबै देशी तथा विदेशी शक्ति र प्रचारयन्त्रहरू खनिएका हुन् । यसैको लहैलहैमा सानामसिना वाम दलहरू पनि चिच्याउने गर्दछन् । अर्कोतिर आन्दोलनका ४ दलहरूले माओवादीलाई एमालेमाथि सांघातिक आक्रमण गर्न उक्साइरहेका पनि छन् । औपचारिक भाषण र अनौपचारिक छलफलमा समेत 'अब एमालेका कार्यकर्तालाई माओवादीले कारबाही र हत्या गर्नेछन् र मंसिरसम्ममा दरबारियाले देउवासँग मिलेर एमालेलाई हटाउने छ र एमाले नासिनेछ' भन्ने पूर्वानुमान गर्ने डेढ अक्कलीहरू रत्नपार्कतिर छयास्छयास्ती भेटिन्छन् ।

एमालेले सरकारमा सहभागी भएर साझा सहमतिको कार्यक्रमको कार्यसूचिमा माओवादी समस्यालाई प्रमुखताका साथ उठाएको छ । तर, यसका बारेमा विभिन्न दलहरूले आ-आफ्ना डम्फू बजाउन सक्ने सम्भावनाबारे माओवादी लगायत सबैले बुझ्नु जरूरी छ । साझा सहमतिका कार्यक्रममा उल्लेखित 'सम्मानजनक' र 'अधिकतम लचकताका साथ शान्तिवार्तालाई प्राथमिकता दिइने' वाक्यांश एमालेको बुझाइमा माओवादी समस्या समाधानार्थ हो- प्रतिगमनलाई उकेरा लगाउन र प्रतिगमनकारीको सम्मान होइन । तर, एमालेको प्रभावकारी हस्तक्षेप हुनसकेन भने 'सम्मानजनक' शब्दले प्रतिगमनकारीलाई सम्मान गर्नसक्छ भन्ने कुरामा सबैले हेक्का राख्नु जरूरी छ । सरकारमा संलग्न हुने दलका आ-आफ्ना निर्णयलाई अध्ययन गर्ने हो भने माओवादी समस्याको समाधानका लागि एमालेसँग मात्र सटिक प्रस्ताव छ । जुन प्रस्तावलाई जनमत सर्वेक्षण र माओवादीले समेत स्वीकार गरिसकेका छन् । यसकारण एमालेको प्रस्तावनालाई स्वीकार गरिएमा माओवादी राष्ट्रिय राजनीतिमा आउनुपर्ने नैतिक बन्धनमा पर्ने छन् ।

**३. माओवादी समस्याका बाधक शक्तिहरू र चलखेल**

माओवादी समस्या अब गुजुल्टिएको धागोको लच्छी भइसकेको छ । सर्वप्रथम यो समस्या थाती राख्न दरवार र दुवैथरी काँग्रेसहरू एकमतोमा छन् । दरबार सेनाका आडमा अझै "रचनात्मक" हुने सपना देखिरहेको छ र नभएपनि संवैधानिक बनेर सुखभोग त्याग गर्न तयार छैन । माओवादी समस्याका कारण नै सेनाको अधिकार क्षेत्र बढेको हो र माओवादी समस्या रहिरहँदा मात्र सेनाका लागि सुरक्षाका विभिन्न सामग्रीहरू खरिद-बिक्री कमिसनले आर्थिक सुरक्षा दिन सक्दछ । त्यसैले दरबार र सेना जनताले सोचेको "हदैसम्मको लचकतामा" आउँदैनन् ।

गिरिजा काँग्रेस र प्रजातान्त्रिक काँग्रेस तात्कालिक रूपमा अझै पनि एमालेविरूद्ध हतियार हुनसक्ने माओवादीलाई दीर्घकालीन सोचाइका कारण नेपाली राजनीतिमा ल्याउन इच्छुक छैनन् । यसैगरी कम्युनिष्ट विरोधी विदेशी गठबन्धनहरू माओवादी समस्यालाई वार्ताबाट टुंग्याउन चाहँदैनन् । किनकी सन् १९७५ पछिको दुनियामा कम्युनिष्ट पुनरूत्थान भएको सन्देश संसारमा पुग्छ भन्ने ठान्छन् । दुवैथरी काँग्रेसहरू कुनै न कुनै रूपमा प्रजातन्त्रका लागि वामपन्थीसँग होइन,

माओवादी तह लाउन दरबारसँग मेलमिलाप गर्नमा इच्छुक छन् । यो कुरा वामपन्थीले मात्र होइन, प्रजातान्त्रिक शक्तिले पनि बुझ्नु जरूरी छ ।

विदेशी शक्तिहरू माओवादीसँग वार्तामा जानुअघि 'संवैधानिक शक्तिहरूबीच सहमति हुनुपर्ने' कुरालाई बारबार दोहोऱ्याइरहेका छन् । यस आग्रहभित्र स्पष्ट शब्दमा 'माओवादीलाई एक्ल्याउने' र अव्यक्त शब्दमा 'वामपन्थी विरोधी शक्तिलाई सहकार्य गराउने' नियत रहेको छ । यसको रणनीतिक लक्ष भनेको १. यथास्थीतिवादी दुवै काँग्रेसहरूलाई एकता गराउनु र २. एकीकृत काँग्रेस र राजाबीचको सहमति गराउनु हो । संवैधानिक शक्तिहरूबीच सहमति हुनुपर्ने आग्रह नेकपा (एमाले)लाई गरिएको होइन, यस कुरामा सवै प्रष्ट हुनु जरूरी छ । हाल माओवादीले एमालेका विरूद्ध गिरिजासँगको साँठगाँठ बढाउन खोजिरहेका छन् र बेलाबेलामा विभिन्न माध्यमबाट उनीहरूबीच घनिभूत वार्ता भइरहेको प्रचार पनि भइरहेको छ । तर, गिरिजाप्रसादले 'भारतको उपचार' पछि "भारत पनि माओवादी समस्यालाई आफ्नै समस्याको रूपमा समाधान गर्न चाहन्छ" भनेर माओवादी समस्याको निराकरणमा नेपाली काँग्रेसले भारतको संलग्नता स्वीकारेका छन् । यस स्वीकारोक्तिप्रति माओवादीको कस्तो प्रतिक्रिया हुन्छ । यसले नै अहिलेसम्मका माओवादीबारे उठाइएका यावत् शंकाहरूलाई प्रष्ट पार्ने छ ।

माओवादी समस्याको शान्तिपूर्ण रूपान्तरणका लागि एमाले इमान्दारीपूर्वक लागेको छ । एमालेको प्रस्तावले सारेको ९ बुँदा नै समस्या समाधानका लागि मार्गचित्र हुने प्रष्ट भइसकेको छ । यो प्रस्तावमा एकसरो विश्व समुदाय, दरवार र माओवादीसमेतले छलफल गरिसकेका छन् । तैपनि किसुनजी र कोइरालाले 'भारत उपचार' पछिको प्रथम वाक्य नै आफूसँग तिलस्मी सूत्र भएको अर्थ लाग्नेगरी बोलेका छन् । ती तिलस्मी सूत्रहरूमा पनि नेकपा(एमाले) इमान्दारीपूर्वक छलफल गर्न लचिलो छ । माओवादी समस्याका लागि एमालेको अग्रसक्रियता जस लिनका लागि नभई समाजवादी आन्दोलन र आतंकवादी क्रियाकलाप फरक हुन् भन्ने मान्यतालाई स्थापित गर्नका लागि हो । साथै नेपाली जनताको वामपक्षमा रहेको समर्थनलाई स्थायित्व दिने जिम्मेवारी बहनको द्योतक हो ।

**४. माओवादी समस्या समाधानका लागि माओवादी स्वयंको भूमिका**

माओवादी समस्या समाधानका लागि माओवादीले बारबार गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधानसभाको कुरा गर्ने गरेका छन् । यस कुरालाई राजा र काँग्रेसले विरोध गरिरहेका छन् । विगत केही हप्ताअघि नेपाली काँग्रेसका सभापतिले संविधानसभामा जान तयार रहेको घोषणा गरेका छन् तर, पार्टीले निर्णय गरेको छैन । प्रजातान्त्रिक काँग्रेसले पार्टीगत निर्णय गरेपनि यसका सभापतिले विरोधमा बोलिरहेका छन् । यसकारण माओवादीले राखेको शान्ति प्रक्रियाको शर्त मान्नमा दुई काँग्रेसहरू आवश्यक परेका बेला र एकैपटक सहमत हुनसक्ने छैनन् । तैपनि "हदैसम्मको लचकता" अपनाउन तयार प्रजातान्त्रिक काँग्रेस र 'सवै अप्सन्स (विकल्प) हरू खुला राख्ने' नेकां सभापति कोइरालाको भनाइमा अडिग रहे भने समस्याको समाधानका लागि माओवादी स्वयं तयार होलान् त ? यो प्रश्नमा छलफल गर्ने बेला आएको छ ।

उक्त प्रश्न माओवादीमाथि उठेको यक्ष प्रश्न हो । उनीहरू समस्यालाई समाधान गर्न होइन, बल्झाउन चाहन्छन् । माओवादीका हरेक निर्णय र प्रचारहरू वार्ताबाट समस्या समाधान गर्नुभन्दा जनतासामु आफूलाई शान्तिकामी देखाउनका लागि मात्र हो । उनीहरू अग्रगमनको प्रस्तावनालाई शान्तिपूर्ण प्रक्रियाबाट लागू गर्न सक्दैनन् । यसका लागि उनीहरूको राजनैतिक दृष्टिकोण र प्रतिबद्धता नै बाधक बनेको छ । त्यस दृष्टिकोणअनुसार उनीहरूले वार्ताद्वारा समस्या समाधान खोज्नु भनेको अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनप्रति गद्दारी गर्नु हो । उनीहरू जनयुद्धलाई निरन्तरता दिन विभिन्न कारणहरूले बाध्य छन् । अन्तर्राष्ट्रियतावादी क्रान्तिकारी आन्दोलन (रिम) सँग गठबन्धन गरेका छन् र विश्व क्रान्ति गर्ने बाचा गरेका छन्, ससांरमा समाजवादी आन्दोलनको मियो या नेता कोही र कुनै पार्टी नभएकाले त्यो प्रचण्डपथ र नेकपा (माओवादी) भएको परिकल्पना गरेका छन्, पेरूको असफलताबाट शिक्षा लिँदै जनयुद्ध संचालन गरेको ठान्नेहरू बीचैमा जनयुद्ध रोक्न सक्छन् भनेर सोच्नका लागि आधार छैन । यस्ता सैन्यवादी सोचहरू राख्ने माओवादी शान्तिपूर्ण ढंगले अवतरण हुने आशा राख्न सकिँदैन । जवसम्म माओवादी यस्ता सोचाइहरूबाट मुक्त हुन सक्दैनन् तबसम्म वार्ताको माध्यमबाट शान्ति कायम हुन सक्दैन । तर, यदि उनीहरू लखनउमा एमालेका महासचिवसँगको वार्तामा राखेका अडानमा कायमै रहेका छन् भने हालै माओवादीका कलमहरूले "शान्तिवार्ता" भन्ने अक्षरहरूले पाना भर्न लागेकाले, कोइराला काँग्रेससँग सहकार्य गर्न इच्छुक भएकाले र भारतले पनि समाधानका लागि सहकार्य गर्ने इच्छा राखेकाले उनीहरूको सैन्यवादी सोचमा परिवर्तन आएको छ कि ? यी प्रश्नहरू माओवादीले स्पष्ट गर्नु जरूरी छ ।

माओवादीले उब्जाएको समस्याको समाधानमा उनीहरू नै बाधक बन्नुमा उनीहरूका अराजनीतिक कार्यहरू पनि जिम्मेवार देखिन्छन् । उनीहरूको भद्दा उपयोगितावादले उनीहरूलाई राजनीतिकरूपले विश्वास गर्न सकिने अवस्था छैन । कहिले दलहरूबीच टकरावट बढाउने, राजनीतिक विरोधीलाई सुराकीको आरोपमा काट्ने, मार्ने, दलहरूलाई निस्तेज गर्न राजालाई शक्तिकेन्द्रको मान्यता दिने जस्ता कार्यहरू दुस्मन जुधाउने राजनैतिक चाल हुँदै होइन । उनीहरूले राजालाई शक्तिकेन्द्रको रूपमा मानिदिंदा नै राजाले शासनशक्तिको अंश माग गर्ने अवस्था सिर्जना भएको छ । यसैकारण संवैधानिक राजाको शर्त राखेर मात्र संविधानसभामा जान सकिने माहोल खडा गरिँदैछ । यो परिस्थिति बन्नुमा माओवादीहरू पूर्णतः जिम्मेवार छन् ।

**५. चार दलको आन्दोलनको भविष्य**

एमाले हट्नासाथ आन्दोलन असरदार नहुने पक्कै थियो । त्यसमाथि नेपाली काँग्रेसका सभापतिको भारतको 'उपचार' पछिको व्यक्त विचारले यसको आयुरेखा छोट्टिएको छ । आन्दोलनको मागमा परिवर्तन गर्नुपर्ने र मागमा ४ दलहरूभित्र भिन्नता आउनुले पनि आन्दोलनको भविष्य संकटमा परेको छ । अर्को कुरा सवै दलहरू संगठन विस्तार, व्यवस्थापन या एकतामा लाग्ने संकेत दिंदैछन् । यसै पृष्ठभूमिमा गिरिजाले हठ त्याग्न र राजासँग देउवाले काँग्रेस एक नगराउने गरेको शपथलाई तोड्न विभिन्न विदेशी शक्तिहरू निर्देशन दिइरहेका छन् । तर, काँग्रेसहरूसँगको बाह्य शक्तिहरूको सम्बन्धको प्राथमिकता भिन्नभिन्नै भएकाले पनि यसले तुरून्तै परिणाम दिने सम्भावना देखिंदैन । यसैगरी दुई काँग्रेसको सांगठनिक संरचना र नेता तथा कार्यकर्ताको व्यवस्थापनमा हुने कठिनाईले पनि एकतालाई बाधा गरिरहेको छ । त्यसमा पनि कोइराला भाइभैयादले नेपाली काँग्रेसभित्रको उत्तराधिकारको प्रश्न खडा भइरहेको स्थितिमा पार्टी एकता गरेर देउवालाई सहज बनाउने भूल गर्दैनन् । हाल यी भाइभैयादहरू कोइराला बंशजप्रति वफादार व्यक्तिलाई अगाडि सारेर अन्तरिम नेतृत्व अन्माउने योजना बनाइरहेका छन् । यस्तो स्थितिमा नेकांले सम्पूर्ण शक्ति लगाएर आन्दोलनलाई निरन्तरता दिंदैन । यसैगरी मसाल-एकता केन्द्रभित्र काँग्रेसको गोटी बनेकोमा कार्यकर्ताको विरोध र पुराना घटकबीचको अन्तरद्वन्दले विकराल रूप लिएको छ । आनन्दीदेवी सद्भावनामा आन्दोलन होइन, सकभर सांगठनिक एकता या संगठन निर्माणलाई प्राथमिकता दिइरहेको छ । यसकारण चार दलको आन्तरिक कारणले आन्दोलन विस्तारै विश्राम लिने अवस्थामा पुगिसकेको छ ।

**६. निकास के ?**

नेपाली राजनीतिमा राजाको नेतृत्वमा सेनाको दमनले माओवादी समस्या समाधान गर्ने प्रयोग असफल भएको छ । अब माओवादीद्वारा सिर्जित आतंकलाई प्रजातान्त्रिक चेहराबाट समाधानका सवै उपायहरू अबलम्वन गरिने प्रचार भइरहेको छ । यी उपायहरूमध्ये एमालेको शान्तिपूर्ण उपायबाट नै दीर्घकालीन शान्ति स्थापनाका साथै जोखिम कम र फाइदा बढी हुन्छ । यस कुरालाई ध्यानमा राख्दै सवैले सकेसम्म कम जोखिमको निकास खोज्नै पर्दछ । त्यो निकास भनेको "२०६१ सालभित्र निर्वाचन गराउने सदिच्छा" होइन, निकास 'संवैधानिक शक्तिहरूबीचको सहमतिपश्चात् गरिने वार्ताको आडमा माओवादीमाथि दमन' पनि होइन । सबभन्दा पहिला राष्ट्रिय समस्याको समाधान हो । माओवादी समस्याले उब्जाएको समस्या राष्ट्रिय समस्या बनिसकेको छ । यो समस्या माओवादीको पलायनबाट र उनीहरूसँगको सम्झौताबाट मात्र समाधान हुन सक्दैन । हालको समस्या अब राजनीतिक मात्र रहेन, यसमा आर्थिक, सामाजिक तथा भौगोलिक समस्या जस्ता बहुआयामिक समस्याहरू सम्मिलन भएका छन् । अबको सर्वपक्षीय वार्तामा विभिन्न वर्ग र क्षेत्रका जनताले उठाएका लैङ्गिक, जातीय समता लगायत विभिन्न शक्ति र जनता खासगरी इतिहासको कालखण्डमा पछि पारिएका दलित, पीडित र क्षेत्रका जनता र जनजातिका समस्याहरूप्रति पनि सम्बोधन गरिनुपर्ने हुन्छ । यस्तो संबोधन माओवादीसँगको बन्दुक बिसाउने सम्झौताबाट मात्र सम्भव छैन । यसकारण जवसम्म अग्रगमनका पुलिन्दा खोलेर यस बहुआयामिक समस्याहरूको निराकरण गरिंदैन तवसम्म अहिलेको राष्ट्रिय समस्या समाधान हुन सक्दैन । त्यसैले अहिलेको निकास भनेको एमालेद्वारा प्रस्तावित अग्रगमनको कार्यक्रम नै हो र निकास प्रक्रिया भनेको यसले कोरेको राष्ट्रिय समस्या समाधानको ९ बूँदे प्रस्ताव नै हो ।

सवैले हेक्का राख्नु जरूरी छ, राष्ट्र संकटमा छ ।

◆

# सरकारको साझा न्यूनतम कार्यक्रम

प्रजातन्त्र, शान्ति, अग्रगमन र संविधानको क्रियाशीलताका लागि विगत २० महिनादेखि विभिन्न राजनीतिक दलहरूद्वारा सञ्चालित शान्तिपूर्ण प्रजातान्त्रिक जनआन्दोलन तथा नागरिक समाजको आवाजको फलस्वरूप जननिर्वाचित प्रधानमन्त्री शेरबहादुर देउवाको पुनर्बहाली भएको छ । यसले जटिल र अवरूद्ध हुँदै गएको राजनीतिक र संवैधानिक संकटको निकास खोज्न तथा शान्ति स्थापनाको दिशामा अग्रसर रहन नयाँ अवसर प्राप्त भएको छ ।

वर्तमान राष्ट्रिय परिस्थितिमा हाम्रासामु गर्नुपर्ने धेरै कामहरू छन् । तर दिनप्रतिदिन गम्भीर र जटिल बन्दै गएको राष्ट्रिय संकटको विशिष्ट स्थितिमा हामीले तत्काल लागू गर्नुपर्ने न्यूनतम कार्यक्रम तथा तय गर्नुपर्ने नीतिका सम्बन्धमा सहमति गर्दै काम गर्नुपर्ने आवश्यकता छ । प्राप्त उपलब्धिहरूको सदुपयोग गर्दै प्रजातन्त्रलाई सुदृढ गर्ने, देशको प्रमुख समस्याका रूपमा रहेको माओवादीका कारण उत्पन्न समस्याको समाधान गर्ने, जनताको सार्वभौमसत्तालाई बलियो गरी स्थापित गर्ने, संविधानलाई क्रियाशील तुल्याउँदै प्रजातान्त्रिक प्रक्रियालाई अगाडि बढाउने, शान्ति सुरक्षा कायम गर्ने, जनतालाई राहत दिने,

देशमा शान्ति कायम गर्दै निर्वाचनद्वारा जनप्रतिनिधिमूलक संस्थाहरूलाई पुनः क्रियाशील गरी निर्वाचित सरकारलाई राज्य सञ्चालनको अभिभारा सुम्पने तथा आर्थिक र सामाजिक क्षेत्रको रूपान्तरणको अग्रगामी कार्यक्रमको कार्यान्वयनका लागि आधार सिर्जना गर्ने ऐतिहासिकि अभिभारा राजनीतिक दलहरूको काँधमा आएको छ । यही ऐतिहासिक अभिभारालाई पूरा गर्न हामीहरू राष्ट्रियता, प्रजातन्त्र र जनहितलाई सर्वोपरी राखी साझा सहमतिको न्यूनतम कार्यक्रममा प्रतिबद्ध भई एकजुट भएर अगाडि बढ्न तत्पर भएका छौं ।

बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुनर्स्थापनापश्चात् मुलुकमा प्रजातन्त्र र विकासको दिशामा महत्त्वपूर्ण उपलब्धि प्राप्त भए पनि जनताका अपेक्षाहरू पूरा हुनसकेका छैनन् । राष्ट्रका सामु उपस्थित गम्भीर चुनौतीहरूको सामना गर्न विगतका कमी-कमजोरीहरूबाट शिक्षा लिएर बृहत्तर राष्ट्रिय एकता तथा सहमतिको दिशामा हामी अग्रसर भएका छौं । हाम्रा आ-आफ्ना राजनीतिक मान्यता र कार्यक्रम भएतापनि मुलुक र जनताप्रतिको जिम्मेवारीबोधका साथ पारस्परिक छलफल र समझदारीबाट सर्वदलीय सरकारमा सहभागी भई त्यसको सञ्चालन गर्न हामी मन्जुर भएका छौं । सर्वदलीय सरकारलाई मार्गदर्शनका लागि निम्नलिखित साझा सहमतिको न्यूनतम कार्यक्रमप्रति पूर्ण सहमत र प्रतिबद्ध भएको घोषणा गर्दछौं ।

**(क) राष्ट्रिय हित तथा प्रजातन्त्रको रक्षा र सम्बर्द्धन**

१) २०४६ सालको जनआन्दोलनका उपलब्धिहरूको रक्षा गर्दै राज्यको अझ प्रजातान्त्रिकरण गरी मुलुकलाई अग्रगमनको मार्गमा डोऱ्याउँदै स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न जनता नै राज्यशक्तिको स्रोत भएको तथा राजकीय सत्ताको प्रयोग संविधानबमोजिम हुने यथार्थलाई व्यवहारमा स्थापित गरिनेछ । सच्याइनुपर्ने निर्णयहरू भए संविधानसम्मत बनाइनेछ ।

२) सरकारका प्रतिबद्धताहरू पारदर्शी बनाउँदै मानवअधिकारको पूर्णपालनाको सिद्धान्तलाई व्यवहारमा स्थापित गरिनेछ । यसबीचमा भएका मानवअधिकारको गम्भीर उल्लंघनका घटनाहरूको छानबिन गरी पीडितहरूलाई क्षतिपूर्ति दिइनेछ ।

३) निर्वाचनमार्फत् जनप्रतिनिधिमूलक संस्थाहरूलाई क्रियाशील बनाई सार्वभौम जनताका निर्वाचित प्रतिनिधिहरूलाई राज्य सञ्चालनको जिम्मेवारी हस्तान्तरण गरिनेछ ।

४) भ्रष्टाचार रोकथाम, नियन्त्रण र सुशासनको कार्यलाई अगाडि बढाइने छ । यस कार्यमा नागरिक समाजको सहयोग लिइनेछ । स्वच्छ र पेसाप्रति प्रतिबद्ध प्रभावकारी प्रशासनका लागि सुधार कार्यक्रम लागू गरिनेछ ।

५) स्थानीय निकायहरूमा सहमतिअनुरूप कानुनसम्मत व्यवस्था गरिनेछ ।

६) राष्ट्रिय एकता, स्वतन्त्रता र अखण्डताको रक्षाका लागि क्रियाशील रहँदै त्यसका लागि आवश्यक कार्य गरिनेछ । राष्ट्रिय सुरक्षा, परराष्ट्र नीति र जलस्रोतको सम्बन्धमा राष्ट्रिय सहमति निर्माण गर्न आवश्यक पहल गरिनेछ तथा राष्ट्र र जनताको सर्वोत्तम हितका लागि राष्ट्रिय साधन-स्रोतको उपयोग गरिनेछ । नेपाल पक्ष भएका सन्धि-सम्झौताहरूमा राष्ट्रिय हित र स्वाभिमानको संरक्षण गरिनेछ ।

७) संयुक्त राष्ट्रसंघको बडापत्र र पञ्चशीलका सिद्धान्तमा आधारित विदेश नीति अवलम्बन गरिनेछ । भुटानी शरणार्थी समस्याको समाधान गर्न राष्ट्रिय सहमतिमा आधारित एकताबद्ध प्रयत्न गरिनेछ ।

**(ख) माओवादीका कारण उत्पन्न समस्याको समाधान र शान्तिको स्थापना**

१) देशको प्रमुख समस्याका रूपमा रहेको माओवादी समस्या समाधान गरी मुलुकमा दीगो शान्ति स्थापना गर्न राष्ट्रिय सहमतिका आधारमा राष्ट्रिय राजनीतिका सबै पक्षलाई मान्य हुने सम्मानजनक राजनीतिक निकासका लागि अधिकतम लचकताका साथ शान्तिवार्तालाई प्राथमिकता दिइनेछ ।

२) माओवादी समस्याको राजनीतिक समाधान एवं निकास र दीगो शान्तिका लागि हालसम्म विभिन्न क्षेत्रबाट प्रस्तुत विकल्पहरूको समेत अध्ययन गरी अग्रगमनको प्रस्तावका साथ अगाडि बढिनेछ । वार्ता सकारात्मक निष्कर्षमा पुगेपछि सहमतिको अग्रगामी राजनीतिक निकासको कार्यक्रम कार्यान्वयन गरिनेछ ।

३) हिंसात्मक द्वन्द्वबाट प्रभावित र विस्थापितहरूको पुनर्स्थापना तथा भौतिक संरचनाहरूको पुनर्निर्माणको कार्यक्रमलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

**(ग) तात्कालिक राहत**

१) हिंसा र द्वन्द्वबाट पीडित र विस्थापितहरूका लागि उद्धार तथा राहतको विशेष व्यवस्था गरिनेछ । माओवादी प्रभावित क्षेत्रमा विकास निर्माणका विशेष कार्यक्रममार्फत् त्यहाँका जनतालाई प्रत्यक्ष लाभ पुऱ्याउन जनसहभागितामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२) जनतालाई शान्ति सुरक्षाको प्रत्याभूति दिलाउने कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।

३) जनताका दैनिक अत्यावश्यक वस्तु तथा सेवालाई सुलभ र सुपथ बनाउन प्राथमिकताका साथ आवश्यक व्यवस्था गरिनेछ ।

४) मानवीय विकासका दृष्टिले महत्त्वपूर्ण साक्षरता, प्राथमिक र अनौपचारिक शिक्षा, प्राथमिक र आधारभूत स्वस्थ्य, खानेपानी, सरसफाइ तथा ग्रामीण पूर्वाधार निर्माणका कार्यक्रममा सरकारी बजेट तथा संलग्नताको सारभूतरूपमा बृद्धि गरिनेछ ।

५) युवाहरू, विशेषगरी द्वन्द्व प्रभावितहरूका लागि स्वरोजगार र वैदेशिक रोजगारका अवसरहरूको न्यायोचित व्यवस्था र उपयोग गरिनेछ । यसका लागि वित्तीय संस्थाहरूबाट कम व्याजदरमा ऋण उपलब्ध गराइनेछ ।

६) विद्यालयलाई हिंसामुक्त शान्तिस्थलका रूपमा कायम गर्न सम्बन्धित सबै पक्षको समर्थन जुटाउन आवश्यक कदम चालिनेछ ।

**(घ) अग्रगमन र परिवर्तनका लागि प्रतिबद्धताहरु**

**राजनीतिक**

१) प्रजातन्त्रको लाभ आमजनतामा पुऱ्याउन र समावेशी राजनीतिको जग बलियो पार्न राज्यसंयन्त्रको संविधानसम्मत् पुनर्संरचना गरिनेछ ।
२) राजनीतिक दलहरूको आन्तरिक प्रजातन्त्रको परिपाटी र व्यवस्थापनलाई सुधार गर्दै सुदृढ बनाउने व्यवस्था गरिनेछ । कानुनी राज्यको सिद्धान्तअनुसार राज्यको सञ्चालन गर्दै सुशासनको प्रत्याभूति दिने, प्रशासनिक सुधारमार्फत् जनतामा शासनको पहुँच र सेवाको विस्तार गर्दै जनतामा प्रजातन्त्रको अनुभूति गराइनेछ । निजामती सेवा एवं सुरक्षा निकायलाई राजनीतिबाट अलग राखी पेसागत रूपमा दक्ष र प्रतिबद्ध बनाउने, दण्डहीनताको अन्त्य गर्ने र अख्तियार दुरूपयोग अनुसन्धान आयोग एवं न्याय सम्पादनसँग सम्बन्धित निकायहरूलाई सुदृढ र प्रभावकारी बनाइनेछ ।
३) निर्वाचन प्रणालीमा रहेका त्रुटिहरूलाई सच्याउन तथा स्वतन्त्र र अनुभूति निर्वाचन सुनिश्चित गर्न निर्वाचनको सुधारका सम्बन्धमा विगतमा गठित उच्चस्तरीय समितिको प्रतिवेदनका सुझावलाई कार्यान्वयन गरिनेछ ।
४) राष्ट्रियसभालाई क्रियाशील बनाउन संविधानसम्मत उपायको खोजी गरिनेछ । राष्ट्रिय सभालाई महिला, आदिवासी, जनजाति, दलित एवं राष्ट्रिय जीवनका ख्यातिप्राप्त व्यक्तिहरू समाविष्ट सदनका रूपमा विकसित गरिनेछ ।
५) स्थानीय तहमा सशक्तिकरण, उत्तरदायित्व र पारदर्शीताका लागि विकेन्द्रीकरणको भावनाअनुरूप स्थानीय निकायलाई स्वायत्त तथा साधन-स्रोत सम्पन्न बनाउँदै स्थानीय सरकारका रूपमा स्थापित गरिनेछ ।
६) महिलाहरूको स्थानीय निकायमा प्रतिनिधित्व र प्रतिनिधिसभामा उम्मेदवारीलाई क्रमशः बढाउँदै लगिनेछ । राष्ट्रिय जीवनका प्रत्येक क्षेत्रमा महिला सहभागिताको व्यापक विस्तार गरिनेछ ।

**आर्थिक**

१) गरिबी निवारणका निम्त विकासका सम्पूर्ण प्रयासहरू केन्द्रित हुनेछन् । समतामूलक समाज निर्माण गर्न सामाजिक न्याय, आर्थिक बृद्धि तथा न्यायोचित वितरणमा आधारित आर्थिक एवं सामाजिक नीति र कार्यक्रम बनाइनेछ । उदार आर्थिक नीतिको उपयोगिता र सीमाको पहिचान गर्दै यसको उपयोग राष्ट्र र जनताको सर्वोपरि हितअनुकूल गरिनेछ । कृषि, जलविद्युत्, पर्यटन, मानव संशाधन र भौतिक पूर्वाधारको विकासलाई उच्चतम प्राथमिकता दिइनेछ । उद्योग, बैंक तथा वित्तीय व्यवसाय, यातायात, सञ्चार र सरकारी संस्थानको व्यवस्थापनलगायत अर्थतन्त्रका आधुनिक क्षेत्रका सुधार कार्यक्रमहरूलाई महत्त्वका साथ सञ्चालन गरिनेछ । राष्ट्रिय औद्योगीकरणका लागि सुस्पष्ट सोचका साथ कार्यक्रम लागू गरिनेछ । राष्ट्रिय हितमा विदेशी लगानीलाई आकर्षित गरिनेछ । सहकारी क्षेत्रको विकासमा जोड दिइनेछ । निजी क्षेत्रलाई प्रोत्साहन दिइनेछ ।
२) भूमिसुधार कार्यक्रम लागू गरी समग्र भूमि व्यवस्थापन, कृषि विकास र किसानहरूको जीवनस्तरमा बृद्धि गरिनेछ । जमिनमा भूमिहीन किसानको पहुँचलाई सुनिश्चित गरिनेछ । कृषि मजदुर, मुक्त कमैया र भूमिहीन सुकुम्बासी जनताको आर्थिक र सामाजिक उत्थानका लागि विशेष ध्यान दिइनेछ । कृषि क्षेत्रको विकासलाई उच्च प्राथमिकता दिंदै दीर्घकालीन कृषि योजनाको कार्यान्वयन गरिनेछ । भू-सूचना प्रणालीको आधारमा पिछडिएका क्षेत्र र समुदायमा राज्यले बढी लगानी गर्नेछ ।
३) बेरोजगारी समस्याको समाधानका लागि विशेष कार्यक्रम लागू गरिनेछ । तथा वैदेशिक रोजगारीलाई नियमित र व्यवस्थित गरिनेछ ।
४) समानुपातिक विकासको अवधारणाअनुरूप दुर्गम क्षेत्रका विकासका लागि ठोस कार्यक्रम लागू गरिनेछ र कर्णाली अञ्चलको विकासका लागि विशेष संयन्त्र निर्माण गरिनेछ ।
५) बजार व्यवस्थाको पहुँच नभएका ग्रामीण क्षेत्रमा स्थानीय निकाय, समुदाय, गैरसरकारी संघसंस्था र निजी क्षेत्रको सहयोगमा प्राथमिकता साथ लगानी गर्दै राज्यले विशेष भूमिका खेल्नेछ ।
६) व्यवस्थित सहरीकरण, वातावरणीय संरक्षण, जनसंख्या व्यवस्थापन र जनतालाई स्वच्छ पिउने पानी उपलब्ध गराउने तथा खाद्य सुरक्षा सुनिश्चित गर्ने दिशामा ठोस पाइला चालिनेछ ।

**सामाजिक**

१) पिछडिएका वर्ग, समुदाय र क्षेत्रका जनताको विकासका लागि सामाजिक सुरक्षालगायतका विशेष कार्यक्रम लागू गरिनेछ ।
२) राष्ट्रिय जीवनका सबै क्षेत्रमा दलित, पिछडिएका आदिवासी जनजाति तथा तराईवासीहरूको सहभागितामा जोड दिइनेछ ।
३) दलित पिछडिएका जनजाति र विपन्न परिवारका महिला, अपाङ्ग र टुहुराहरूका लागि शिक्षा, सीप विकास र रोजगारीको विशेष व्यवस्था गरिनेछ । दलितविरूद्धको सामाजिक भेदभाव र उनीहरूको आर्थिक पछौटेपनलाई समाप्त गरिनेछ । सामाजिक कलंकका रूपमा रहेको छुवाछूतलाई दण्डनीय अपराधका रूपमा लिंदै कडा कारबाहीको व्यवस्था गरिनेछ । दलित आयोगलाई कानुन निर्माण गरी सुदृढ तुल्याइनेछ ।
४) सम्पत्तिमा महिलाको समान अधिकार कायम गरिनेछ तथा सबै विभेदहरूलाई समाप्त गर्दै बलात्कार, घरेलु हिंसा र बेचबिखन जस्ता अपराधमा कडा कारबाहीको व्यवस्था गरिनेछ । महिला विकास, समानता र अवसर सिर्जनाका लागि विशेष कानुन र कार्यक्रमको निर्माण गरी कार्यान्वयन गरिनेछ । महिला आयोगलाई कानुन निर्माण गरी सुदृढ बनाइनेछ ।
५) श्रम बजारमा रहेको असमानतालाई हटाउन श्रमिकहरूको सामाजिक सुरक्षाको प्रत्याभूति तथा उद्योग व्यवसायको उत्पादकत्व बृद्धि गर्न विद्यमान श्रम कानुनमा आवश्यक सुधार गरिनेछ ।
६) धर्म, भाषा र संस्कृतिको क्षेत्रमा रहेका सबै प्रकारका भेदभावलाई पूर्णरूपमा समाप्त गरिनेछ । सबै जाति र जनजातिका भाषा तथा संस्कृतिको संरक्षण-सम्बर्द्धन एवं विकासका लागि विशेष व्यवस्था गरिनेछ । जनजाति प्रतिष्ठानलाई सुदृढ बनाइनेछ ।

७) कला, साहित्य र संस्कृतिको विकास तथा त्यस क्षेत्रका प्रतिभाहरूको संरक्षण र विकासका लागि कार्यक्रम लागू गरिनेछ ।
८) दलित र पिछडिएका समुदायका बालबालिकालाई विद्यालय जान प्रोत्साहित गर्न छात्रवृत्तिसमेतको विशेष व्यवस्था गरिनेछ । त्यस्तै उच्चशिक्षामा महिला, दलित र पिछडिएका आदिवासी जनजातिलाई आरक्षणको व्यवस्था गरिनेछ ।
९) शिक्षालाई रोजगारमूलक बनाउन व्यावसायिक र प्राविधिक शिक्षामा विशेष जोड दिइनेछ । शिक्षालाई जनताको पहुँचभित्र राख्दै गुणस्तरीय शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ र निरक्षरता उन्मुलन गर्न राष्ट्रिय अभियान चलाइनेछ । औपचारिक शिक्षाको विस्तार गरिनेछ ।
१०) स्थानीय समुदायलाई विद्यालय व्यवस्थापन र स्थानीय निकायलाई स्वास्थ्यचौकी, हुलाक एवं कृषि प्रसारसम्बन्धी कार्यक्रम तथा बजेटको जिम्मेवारी हस्तान्तरण गर्ने नीतिलाई अझ विस्तारित एवं प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।
११) तराई क्षेत्रमा विद्यमान नागरिकतासम्बन्धी समस्यालाई राष्ट्रिय सहमतिका आधारमा समाधान गरिनेछ ।
१२) आमजनताका लागि स्वास्थ्य सेवालाई सुलभ र सहज बनाउन ग्रामीण स्वास्थ्यमा लगानी बृद्धि गर्दै सामुदायिक स्वास्थ्य नीति अवलम्बन गरिनेछ ।
१३) न्याय सरल र सुलभ हुने व्यवस्था गरिनेछ तथा स्थानीय तहमा विवादको समाधानमा वैकल्पिक प्रणालीको विकास गरिनेछ ।
१४) सबै प्रकारका अन्धविश्वास, सामाजिक कुरीति र कुप्रथाहरूको अन्त्यका लागि ठोस पाइला चालिनेछ ।
१५) प्रवासी नेपालीहरूको हकहितको राज्यद्वारा संरक्षण गर्ने व्यवस्था गर्नुका साथै उनीहरूको सीप र पूँजी स्वदेशमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

***माधवकुमार नेपाल**, महासचिव, नेकपा (एमाले)*
***शेरबहादुर देउवा**, सभापति, नेपाली कांग्रेस (प्रजातान्त्रिक)*
***पशुपतिसमशेर जबरा**, अध्यक्ष, राष्ट्रिय प्रजातन्त्र पार्टी*
***बद्रीप्रसाद मण्डल**, अध्यक्ष, नेपाल सद्भावना पार्टी*

***– १६ असार, २०६१***

# एमालेसहितको सर्वदलीय सरकार

यतिबेला हाम्रो मुलुकको राजनीति नयाँ मोडमा उभिएको छ । राजाको ०५९ असोज १८ को प्रतिगमनकारी कदमका विरूद्ध आन्दोलनरत हाम्रो पार्टी सरकारमा सहभागी भएको छ । राजाद्वारा अपदस्थ शेरबहादुर देउवा नै पुनः मुलुकको प्रधानमन्त्री बनेपछि राष्ट्रिय राजनीतिमा फेरबदल आएको छ । एक वर्षअघिदेखि आन्दोलनरत पाँच दलले उचित समयमा उचित निर्णय लिन नसकेका कारण देउवाको नियुक्ति स्वाभाविक बन्न पुगेको छ । नेकपा (एमाले)लाई ताछ्न र खुइल्याउन क्रियाशील चार दलले भाँजो हालेका कारण पाँच दलले सर्वसम्मत उम्मेदवार दिन नसकेको यथार्थ सबैका सामु छर्लङ्ग छ । यस्तो परिस्थितिमा आन्दोलनको मूल माग-सर्वदलीय सरकार निर्माणका लागि प्रयत्न हुनु अपरिहार्य भइसकेको अवस्थामा नेकपा (एमाले) सरकारमा सहभागी भएको छ । आन्दोलनरतमध्येकै एक दलको नेता प्रधानमन्त्री भएको अवस्थामा त्यसलाई आफ्नो पार्टीगत स्वार्थका कारण अनेक बहाना बनाएर अस्वीकार गर्नु कुनै हिसाबले पनि न्यायोचित हुन सक्दैन । यस्तो अवस्थामा जटिल र चुनौतीपूर्ण अवस्थालाई समाधान गर्ने हिम्मतसहित पार्टी सरकारमा सामेल भएको छ ।

पार्टीको केन्द्रीय कमिटीको छैटौं बैठकले गरेको विश्लेषण र निर्णय बमोजिम पार्टी सरकारमा सहभागी भएको छ । स्थायी कमिटीको गत असार १८ गतेको बैठकले स्थायी कमिटी सदस्य भरतमोहन अधिकारीलाई सरकारको नेतृत्व गर्न पठाउने निर्णय गर्‍यो भने त्यसको दुई दिनपछि असार २० गते थप ९ जना कमरेडहरूलाई सरकारमा पठाउने निर्णय गर्‍यो । असार २१ गते प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वको सरकारले सर्वदलीय स्वरूप प्राप्त गर्‍यो ।

नेकपा (एमाले)ले आफ्नोतर्फबाट अनुभवी, उत्साही र काम फत्ते गर्ने नेताहरूको संयोजन मिलाएर सरकारमा पठाएको छ । ६८ वर्षीय भरतमोहन अधिकारीदेखि ४२ बर्षीय उर्वादत्त पन्तसम्मको उक्त टोलीमा सबै नेताहरू आ-आफ्नो क्षेत्रमा स्थापित, सक्षम र लोकप्रिय रहेको मानिन्छ ।

**भरतमोहन अधिकारी** : उपप्रधानमन्त्री भरतमोहन अधिकारी २०१९ सालदेखि नै कम्युनिष्ट पार्टीको उच्च नेतृत्व तहमा रहँदै आउनुभएको छ । ०४८ मा मार्क्सवादी-माले एकीकरणपश्चात् स्थायी कमिटीमा रहँदै आउनुभएका अधिकारी विगतका तीनवटै आमनिर्वाचनमा मोरङबाट निर्वाचित हुनुभएको थियो । उहाँले यसअघि तीनपटक मन्त्रीको कार्यभार सम्हालिसक्नुभएको छ । हाल उहाँ पार्टीको अर्थ र योजना विभाग प्रमुखसमेत हुनुहुन्छ । विक्रमसम्वत् १९९३ मा विराटनगरमा जन्मिनुभएका अधिकारी पूर्वप्रधानमन्त्री मनमोहन अधिकारीका आफ्नै भाइ हुनुहुन्छ । उहाँका श्रीमती र तीन छोरी छन् । उहाँले एम.ए., बी.एल. सम्मको शिक्षा हासिल गर्नुभएको छ ।

**ईश्वर पोखरेल** : उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री ईश्वर पोखरेल ०२७ सालदेखि कम्युनिष्ट आन्दोलनमा संलग्न र क्रियाशील हुनुहुन्छ । ०३३ देखि केन्द्रीय नेतृत्वमा रहँदै आउनुभएका पोखरेल ०५२ मा राष्ट्रिय सभा र ०५६ मा प्रतिनिधिसभाको

सदस्य बन्नुभएको थियो । ०५४ पछि पार्टीको स्थायी कमिटी सदस्य हुनुभएका पोखरेलले अहिले संगठन विभागको जिम्मेवारी निर्वाह गरिरहनुभएको छ ।

उहाँ ०५१ मा तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीको प्रमुख सल्लाहकार रहनुभएको थियो । २०१० माघ २० गते ओखलढुंगाको माम्खामा जन्मिनुभएका पोखरेलले स्नातकसम्मको शिक्षा हासिल गर्नुभएको छ । उहाँका श्रीमती र दुई छोरा छन् ।

**युवराज ज्ञवाली** : स्थानीय विकासमन्त्री युवराज ज्ञवाली ०४६ को चौथो महाधिवेशनपछि पार्टीको केन्द्रीय नेतृत्वमा रहँदै आउनुभएको छ । २०२८ देखि कम्युनिष्ट आन्दोलनमा क्रियाशील ज्ञवाली ०५४ पछि पार्टीको स्थायी कमिटी सदस्य, मध्यपश्चिमाञ्चल इन्चार्ज र संगठन विभाग सदस्य हुनुहुन्छ । दाङको मानपुरका स्थायी बासिन्दा ज्ञवालीको जन्म २०१० असार १३ गते गुल्मीमा भएको हो । स्नातकसम्मको अध्ययन पूरा गर्नुभएका ज्ञवाली ०५४ मा राष्ट्रियसभा सदस्य र ०५६ देखि राष्ट्रियसभामा विपक्षी दलको नेता रहनुभएको थियो । उहाँका श्रीमती, दुई छोरा र दुई छोरी  छन् ।

**अशोक राई** : ०२९ बाट राजनीतिमा क्रियाशील स्वास्थ्यमन्त्री अशोक राई ०४६ देखि केन्द्रीय नेतृत्वमा हुनुहुन्छ । ०४८ र ०५१ मा प्रतिनिधिसभा सदस्य निर्वाचित हुनुभएको थियो । मन्त्री राई यसअघि २०५१ मा राज्यमन्त्री र पछि मन्त्री रहिसक्नुभएको छ । सातौं महाधिवेशनपश्चात् स्थायी कमिटीको वैकल्पिक सदस्य, पूर्वाञ्चल क्षेत्र इन्चार्ज र संगठन विभाग सदस्य हुनुहुन्छ । २०१४ भदौ २४ मा खोटाङको चिसापानीमा जन्मिनुभएका राईका श्रीमती र दुई छोरा छन् ।

**वाचस्पति देवकोटा** : २०१९ देखि राजनीतिमा होमिनुभएका जनसंख्या तथा वातावरणमन्त्री वाचस्पति देवकोटाले विभिन्न घटकहरूमा रही केन्द्रीय तहको जिम्मेवारी बहन गर्नुभएको छ । ०५६ मा राष्ट्रियसभामा निर्वाचित हुनुभएका देवकोटा पार्टीको केन्द्रीय कमिटी सदस्यका साथै स्वास्थ्य विभाग प्रमुख हुनुहुन्छ । गोरखाको पालुङटारमा २००१ भदौ २५ गते जन्मिनुभएका देवकोटाका श्रीमती, एक छोरा र ६ छोरी छन् ।

**अष्टलक्ष्मी शाक्य** : महिला, बालबालिका तथा समाजकल्याण मन्त्री अष्टलक्ष्मी शाक्य ०४९ पछि पार्टीको केन्द्रीय कमिटी सदस्य रहँदै आउनुभएको छ । ०४८ मा राष्ट्रियसभा र ०५६ मा प्रतिनिधिसभा सदस्य निर्वाचित हुनुभएकी शाक्य २०१० पुस ३० गते काठमाडौंको भोंछेमा जन्मिनुभएको हो । उहाँका पति अमृतकुमार बोहरा यसअघि दुईपटक मन्त्री भइसक्नुभएको छ । उहाँहरूका एक छोरा र एक छोरी छन् ।

**रघुजी पन्त** : श्रम तथा यातायात व्यवस्था मन्त्री रघुजी पन्त ०५४ देखि पार्टीको केन्द्रीय नेतृत्वमा हुनुहुन्छ । केन्द्रीय संस्कृति विभाग प्रमुख र केन्द्रीय सचिवालयका सदस्य पन्त ०५१ र ०५६ मा ललितपुरबाट प्रतिनिधिसभाको सदस्य निर्वाचित हुनुभएको थियो । उहाँ ०५२ मा तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीका प्रेस सल्लाहकार हुनुहुन्थ्यो । काठमाडौंमा २०१३ मा जन्मिनुभएका पन्तका श्रीमती र दुई छोरी छन् ।

**कृष्णगोपाल श्रेष्ठ** : स्थानीय विकास राज्यमन्त्री कृष्णगोपाल श्रेष्ठ ०५४ पछि पार्टीको केन्द्रीय नेतृत्वमा हुनुहुन्छ । उपत्यका समन्वय कमिटीका सहइन्चार्ज श्रेष्ठ ०४८ र ०५१ मा प्रतिनिधिसभा सदस्य निर्वाचित हुनुभएको थियो । अर्थशास्त्रमा स्नातकोत्तर गर्नुभएका श्रेष्ठको जन्म २०१५ असोज १५ मा काठमाडौंमा भएको हो । उहाँका श्रीमती, दुई छोरी र १ छोरा छन् ।

**उर्वादत्त पन्त** : श्रम तथा यातायात व्यवस्था राज्यमन्त्री उर्वादत्त पन्त ०५४ पछि केन्द्रीय कमिटीमा हुनुहुन्छ । महाकाली अञ्चल इन्चार्जसमेत रहनुभएका पन्त ०५१ मा प्रतिनिधिसभा र ०५८ मा राष्ट्रियसभामा निर्वाचित हुनुभएको थियो । एमालेका तर्फबाट प्रतिनिधित्व गर्नेमध्ये सबभन्दा कम उमेरका पन्तको जन्म २०१९ वैशाख ३१ गते कञ्चनपुरमा भएको हो । उहाँका श्रीमती, एक छोरा र एक छोरी छन् ।

**डा. वंशीधर मिश्र** : स्वास्थ्य राज्यमन्त्री डा. बंशीधर मिश्र पार्टीको स्वास्थ्य विभागका सचिव हुनुहुन्छ । उहाँ ०४८ र ०५६ मा रौतहटबाट प्रतिनिधिसभा सदस्य निर्वाचित हुनुभएको थियो । २०१७ साउन २४ गते रौतहटको मालहीमा जन्मिनुभएका मिश्रका श्रीमती, एक छोरा र एक छोरी छन् ।

**लालबहादुर विश्वकर्मा** : जनसंख्या तथा वातावरण सहायकमन्त्री लालबहादुर विश्वकर्मा दश वर्षसम्म पार्टीको कञ्चनपुर जिल्ला सचिव हुनुहुन्थ्यो । ०५६ मा राष्ट्रियसभा सदस्य निर्वाचित विश्वकर्मा अहिले नेपाल उत्पीडित जातीय मुक्ति समाजको अध्यक्ष हुनुहुन्छ । २०१० वैशाखमा भोजपुरमा जन्मिनुभएका विश्वकर्मा लामो समयदेखि कञ्चनपुरका स्थायी बासिन्दा हुनुहुन्छ । उहाँका श्रीमती, एक छोरा र चार छोरी छन् ।

एमालेको नौ महिने सरकारका प्रधानमन्त्री, उपप्रधानमन्त्रीसहित १३ जना मन्त्रीहरू नै अनुभवका हिसावले नयाँ नै हुनुहुन्थ्यो । २०५४ सालमा लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्री हुँदा पनि एमालेबाट उपप्रधानमन्त्री र गृहमन्त्रीलगायत धेरैजसो नयाँ अनुहार नै मन्त्री रहेको परिप्रेक्ष्यमा यसपाली विगतमा सत्ता संचालनमा प्रत्यक्ष-अप्रत्यक्ष र पार्टी नेतृत्वमा रहेर खास भूमिका खेल्नुभएका नेताहरूलाई समेत पठाइएको छ ।

*– विष्णु रिजाल*

# नयाँ मन्त्रिपरिषद् र कार्यविभाजन

| | | | |
|---|---|---|---|
| १. | शेरबहादुर देउवा | प्रधानमन्त्री | राजदरवारसम्बन्धी, रक्षा र परराष्ट्र |

| | | | |
|---|---|---|---|
| २. | भरतमोहन अधिकारी | उपप्रधानमन्त्री | अर्थ |
| ३. | डा. मोहम्मद मोहसिन | मन्त्री | सूचना तथा संचार |
| ४. | बद्रीप्रसाद मण्डल | मन्त्री | वन तथा भूसंरक्षण |
| ५. | बालाराम घर्तीमगर | मन्त्री | विज्ञान तथा प्रविधि |
| ६. | विमलेन्द्र निधि | मन्त्री | शिक्षा तथा खेलकुद |
| ७. | प्रकाशमान सिंह | मन्त्री | भौतिक योजना तथा निर्माण |
| ८. | अशोककुमार राई | मन्त्री | स्वास्थ्य |
| ९. | पूर्णबहादुर खड्का | मन्त्री | गृह |
| १०. | दीपकुमार उपाध्याय | मन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| ११. | ईश्वर पोखरेल | मन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति |
| १२. | युवराज ज्ञवाली | मन्त्री | स्थानीय विकास |
| १३. | जोगमेहर श्रेष्ठ | मन्त्री | भूमिसुधार तथा व्यवस्था |
| १४. | होमनाथ दाहाल | मन्त्री | कृषि तथा सहकारी |
| १५. | रघुजी पन्त | मन्त्री | श्रम तथा यातायात व्यवस्था |
| १६. | वाचस्पति देवकोटा | मन्त्री | जनसंख्या तथा वातावरण |
| १७. | श्रीमती अष्टलक्ष्मी शाक्य | मन्त्री | महिला, बालबालिका तथा समाज कल्याण |
| १८. | टेकबहादुर चोख्याल | मन्त्री | कानुन, न्याय तथा संसदीय व्यवस्था |
| १९. | कृष्णलाल थकाली | मन्त्री | सामान्य प्रशासन |
| | | | **राज्यमन्त्री** |
| २०. | ठाकुरप्रसाद शर्मा | राज्यमन्त्री | जलस्रोत |
| २१. | डा. प्रकाशशरण महत | राज्यमन्त्री | परराष्ट्र |
| २२. | कृष्णगोपाल श्रेष्ठ | राज्यमन्त्री | स्थानीय विकास |
| २३. | बालकृष्ण खाँण | राज्यमन्त्री | शिक्षा तथा खेलकुद |
| २४. | उर्वादत्त पन्त | राज्यमन्त्री | श्रम तथा यातायात व्यवस्था |
| २५. | डा. बंशीधर मिश्र | राज्यमन्त्री | स्वास्थ्य |
| २६. | श्रीमती प्रतिभा राणा | राज्यमन्त्री | विज्ञान तथा प्रविधि |
| २७. | रामचन्द्र राय | राज्यमन्त्री | भूमिसुधार तथा व्यवस्था |
| | | | **सहायकमन्त्री** |
| २८. | उमाकान्त चौधरी | सहायकमन्त्री | कृषि तथा सहकारी |
| २९. | लालबहादुर विश्वकर्मा | सहायकमन्त्री | जनसंख्या तथा वातावरण |
| ३०. | हरिशंकर परियार | सहायकमन्त्री | भौतिक योजना तथा निर्माण |
| ३१. | श्रीमती भीमकुमारी बुढामगर | सहायकमन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्ड्यन |

# जनताको लडाइँ चलिरहन्छ

## ' बेदुराम भुसाल

राजतन्त्र भनेको त्यस्तो संस्था हो, जसले जहिले पनि शासनका सम्पूर्ण अधिकारहरू आफैंमा केन्द्रित गर्न चाहन्छ र स्वेच्छाचारी ढंगले रजाइँ गरिरहन चाहन्छ । उसले भन्न त जनताको इच्छानुसार शासन गर्छु भन्छ तर गर्दा त्यसो कहिल्यै पनि गर्दैन । उसले त जहिले पनि जनताको हितलाई होइन आफ्नो स्वार्थलाई नै केन्द्रविन्दुमा राखेर जनतामाथि सकेसम्मको निरंकुश शासन थोपर्ने प्रयास गर्दछ । यस संस्थाको जन्म नै आफ्ना विरोधीहरूमाथिको दमन र नियन्त्रणबाट भएको हो । त्यसैले यसले जहिले पनि आफ्ना विरोधी वा प्रतिपक्षी शक्तिहरूमाथि दमन र नियन्त्रण गर्दै आफ्नो शासनलाई जतिसक्यो बढी निरंकुश र नियन्त्रण क्षमतायुक्त बनाउन चाहन्छ । हो, जब उसमाथि विरोधीहरूको हमला अधिक तीब्र र बलशाली हुन्छ त्यसबेला भने उसले एक कदम पछाडि हटेर ती विरोधीहरूका सामु झुक्ने र सम्झौता गर्ने गर्दछ । तर जब फेरि अनुकूल परिस्थिति सिर्जना हुन्छ, त्यसबेला ऊ एक कदम पछाडि हटेको ठाउँबाट उठेर दुई कदम अगाडि बढ्ने र जनताबाट झनै चर्को निरंकुश शासन थोपर्नै पर्दछ । उसले जनतामाथि अन्तिम रूपमा पराजित नभएसम्म यस्तै गरिरहन्छ । संसारभरका राजतन्त्रको इतिहासले देखाएको कटुसत्य यही हो ।

राजतन्त्रको उपर्युक्त चरित्रलाई पुष्टि गर्ने घटना र तथ्यहरू संसारको इतिहासका थुप्रै पानाहरूमा पाउन सकिन्छ । यस छोटो लेखमा धेरै उदाहरणहरू प्रस्तुत गर्न सम्भव छैन । केही ज्वलन्त उदाहरणहरूलाई अगाडि सार्न चाहँदा बेलायत र फ्रान्सको इतिहासका घटनाहरूलाई लिन सकिन्छ ।

बेलायतमा केन्द्रीय सामन्ती सत्ताको रूपमा स्थापित राजतन्त्रले बाह्रौं शताब्दीको अन्त्य र तेह्रौं शताब्दीको प्रारम्भकालमा जनतामाथि अति निरंकुश शासन र जथाभावी कर थोपर्न थालेपछि त्यसको चर्को विरोध भयो र राजा जोहन एक कदम पछाडि हटेर सन् १२१५ मा म्याग्नाकार्ट नामको दस्तावेजमा हस्ताक्षर गरी जनतालाई केही अधिकार दिन बाध्य भए । तर राजतन्त्रले व्यवहारिकरूपमा आफ्ना अधिकारहरू त्याग्न चाहेन । उसले फेरि पनि शासन शक्तिलाई आफैंमा केन्द्रित गर्ने र जनतामाथि जथाभावी कर लगाउने काम गरिरहन चाह्यो । उसको त्यस व्यवहारका विरूद्ध फेरि चर्को आवाज उठेपछि १२६५ मा सामन्त एवम् नाइट र शहरका ठूला पूँजीपतिहरूको प्रतिनिधित्व गर्ने भारदारी सभा र सर्वसाधारण जनताको प्रतिनिधित्व गर्ने लोकसभा नामका दुई सदन भएको पार्लियामेन्ट (संसद)को स्थापना गरियो र सबै किसिमका कर लगाउने अधिकार त्यसैलाई दिइयो । तर अत्यन्त विलासी जीवन बिताउने राजाहरूलाई संसदले तोकेको करबाट उठ्ने पैसाले पुगेन अर्थात् उनीहरूले आफ्नो खर्चलाई त्यसको सीमाभित्र राख्न चाहेनन् । विवाद फेरि चर्कियो । १८३१ मा वाट टाइलर नामक एक किसान नेताको अगुवाईमा ठूलो विद्रोह भयो । उक्त विद्रोहलाई षड्यन्त्रमूलक ढंगले दमन गरेपनि त्यसले उठाएका मुद्दालाई सम्बोधन नगरी सुख्खै भएन । बेगारी बन्द गर्नुपर्‍यो र किसान बर्गसँग सम्बन्धित कठोर कानुनहरूलाई नरम बनाउनुपर्‍यो ।

एलिजाबेथ (प्रथम)को शासनकालसम्म राजतन्त्रले तुलनात्मकरूपमा नरम नीति अवलम्बन गरेकाले जनताबाट ठूलो विद्रोह भएन । तर एलिजाबेथपछि बेलायतको राजगद्दीमा बस्न पुगेका जेम्स प्रथमले फेरि निरंकुश शासन चलाउन खोजेपछि चाहिं राजा र जनताबीचको लडाइँ फेरि शुरू भयो । उनका छोरा चार्ल्स प्रथमको पालामा त्यस लडाइँले धेरै चर्को रूप लियो । जनताको विरोध चर्को भएको बेला १६२८ मा उनी राजतन्त्रका अधिकार कटौती गर्ने दस्तावेज (Petition of Right) मा हस्ताक्षर गर्न तयार भए तर विरोध सेलाउँदै गएपछि भने उनले उक्त दस्तावेजलाई मान्न छाडे । उनले १६२९-१६४० सम्म पार्लियामेन्टको बैठक नै बोलाएनन् । जब उनलाई थप बजेट चाहियो तबमात्र उनले पार्लियामेन्ट बोलाए । त्यस स्थितिमा पार्लियामेन्टले उनलाई साथ दिने कुरै भएन ।

देशद्रोही र जनहत्यारा ठहर गरी सन् १६४९ को ३० जनवरीमा उनलाई फाँसी दिइयो र इङ्ल्याण्डबाट राजतन्त्र अन्त्य भएको घोषणा गरियो । त्यसपछि मात्रै त्यहाँको राजतन्त्रले चेत खायो र जनतासँग पूरै झुकेर सम्झौता गर्न तयार भयो । बाबुलाई फाँसी दिइएपछि देशनिकाला भएका चार्ल्स द्वितीयले गद्दी खाली भएको करीब ११ बर्षपछि एक घोषणाद्वारा पूर्णतः संसदको मातहतमा रहने कबुल गरे । त्यसपछि जनताबाट माफी पाएर १६६० को २९ मईमा उनी बेलायतको राजगद्दीमा बसे । त्यसपछि मात्र बेलायतको राजतन्त्रले जनताको इच्छाविपरीत शासन गर्न छाड्यो ।

फ्रान्सको प्रसँग पनि बेलायतकै जस्तो छ । त्यहाँ पनि राजतन्त्रले आफू कमजोर भएको बेला जनतालाई केही अधिकार दिने र बलियो भएको बेला निरंकुश ढंगले शासन गर्ने नै गरिआएको छ । तेह्रौं शताब्दीको अन्त्य र चौधौं शताब्दीको प्रारम्भमा फ्रान्सको राजतन्त्र र पोपको अधिकारका बीच चर्को द्वन्द्व चलेको थियो । त्यही द्वन्द्वका बेला राजा फिलिप चतुर्थले जनताको समर्थन प्राप्त गर्ने उद्देश्यले १३०२ मा सटेट्स जनरल नामक जनप्रतिनिधिमूलक संस्था खडा गर्न मञ्जुर भएका थिए । त्यसबेला त्यहाँ राजतन्त्र पूरै निरंकुश ढंगले शासन गर्नसक्ने गरी बलियो थिएन । त्यसैले उसले जनतासँग सम्झौता गरेको थियो । त्यसमाथि १३५८ को जाकेरी विद्रोह र अंग्रेजसँग युद्ध भइरहनु जस्ता कारणले राजा जनताबाट टाढिएनन् । तर पन्ध्रौं शताब्दीमा केन्द्रिकृत सामन्ती राज्य खडा भएपछि भने राजतन्त्रले आफू बलियो भएको महसुस गर्‍यो र जनतामाथि स्वेच्छाचारी ढंगले शासन गर्न थाल्यो ।

१६१४ देखि त उसले स्टेट्स जनरलको बैठकसमेत बोलाउन छाड्यो । राजा लूई चौधौं (१६४३-१७१५ ई.) ले त "म नै राज्य हुँ" भन्ने चरम निरंकुशतावादी अभिमान प्रकट गरे । राजदरवारको विलासितापूर्ण जीवन र शान-शौकतका निम्ति रकम जम्मा गर्ने उद्देश्यले लगाइएका नयाँ-नयाँ कर तिर्न जनता राजी नभएपछि बल्ल १७५ बर्षपछि १७८९ मा स्टेट्स जनरलको बैठक बोलाइयो । जनताका प्रतिनिधिले अब राजतन्त्र कमजोर भएछ भन्ने बुझे र विद्रोहलाई अरू अगाडि बढाए । राजतन्त्रले फेरि पनि षड्यन्त्र गर्न छाडेन । राजा लुई सोह्रौंले स्वेच्छाचारी ढंगले विभिन्न व्यक्तिलाई सरकारमा ल्याउने र फाल्ने खेल खेलिरहे भने रानी एन्टोनीले फ्रान्सका विरूद्ध युद्ध गरिरहेको उनको माइती राष्ट्र अष्ट्रियालाई फ्रान्सका सम्पूर्ण सैनिक गोप्यताहरू बुझाउनसमेत पछि परिनन् । राजा-रानीका यसखाले क्रियाकलापबाट रूष्ट भएका फ्रान्सेली जनताले राजदरवारमाथि धावा बोलेर । भागेर देश बाहिर जान थालेका राजारानीलाई जनताले पक्राउ गरे । देशद्रोही भएको ठहर्‍याई १७९३ जनवरी २१ मा राजा लुई सोह्रौंलाई मृत्यदण्ड दिइयो र फ्रान्सबा राजतन्त्रको अन्त्य भयो ।

जनताको विरोध जब चर्को हुन्छ त्यसबेला अलिकति पछाडि हट्ने र जनतालाई अधिकार दिन राजी हुने तर जब विरोध सेलाउँदै जान्छ त्यसबेला अधिकार फेरि आफैंमा केन्द्रित गर्ने, जब आफू कमजोर हुन्छ त्यसबेला जनताको सहयोग लिने तर जब आफू अलिकति बलियो भएको महसुस हुन्छ त्यसबेला फेरि निरंकुश बनेर जनतालाई दुःख दिने र आफू चाहिँ भोगविलास एवम् आनन्दनमा डुब्ने, राजतन्त्रको मूल चरित्र यही हो । यो चरित्र संसारका सबै राजतन्त्रहरूमा देखिएको छ । नेपालको शाहबंशीय राजतन्त्रको चरित्र पनि योभन्दा फरक छैन । जब राणाहरूले राजालाई दरबारमा कैद गरेर राखेका थिए त्यसबेला राजाले जनतासँग मिल्न चाहे र जनतालाई अधिकार दिन पनि उनी तयार भए । २००७ सालमा जनताको क्रान्तिकारी संघर्षले

राजालाई राणाहरूको नियन्त्रणबाट मुक्त गर्ने बेलामा उनी जनतालाई मुलुकको संविधान निर्माण गर्नेसम्मका अधिकार दिन तयार भए । तर आफू राणाहरूको चंगुलबाट मुक्त भइसकेपछि चाहिँ उनले जनतासँग गरेको बाचालाई पूरा गर्न चाहेनन् ।

"हाम्रो प्रजाको शासन अब उप्रान्त निजहरूले निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानको अनुसार होओस्" भन्ने आफ्नो घोषणालाई लत्याउँदै उनले आफूखुशी शासन गर्न थाले । उनको स्वेच्छाचारी ढंगले शासन गर्न चाहने प्रवृत्तिका विरूद्ध यहाँका राजनीतिक पार्टीहरू भद्रअवज्ञा आन्दोलनमा उत्रिएपछि २०१४ मा उनले प्रतिनिधिसभाको चुनाव गराउने घोषणा गरे । २०१५ सालमा भएको प्रमथ आमनिर्वाचनमा दुईतिहाई बहुमत प्राप्त गरी सरकार बनाउन पुगेको नेपाली कांग्रेसले एकपक्षीय ढंगले सरकार चलाउन थालेपछि अन्य पार्टीहरू त्यसको विरूद्धमा उभिए । राजाले जनशक्तिका बीच विभाजन भएको देखे र त्यही मौका छोपेर आफू बलियो हुने दाउ खेल्न थाले । त्यही सन्दर्भमा २०१७ पुस १ गतेको प्रतिगामी कदम चालियो । जनपक्षीय शक्तिले तत्काल संयुक्त प्रतिरोध गर्न नसकेकाले राजाको कदमलाई असफल पार्न सकिएन ।

राजाले सबै अधिकार आफ्नो हातमा लिएर निरंकुश शासन चलाउन थाले । २०३५ सालमा जब एकीकृत ढंगको आन्दोलन चर्किने छाँट देखियो । राजाले जनतालाई व्यवस्था रोज्ने अधिकार दिएको घोषणा गर्न बाध्य भए । जनमत संग्रहमा सबै जनपक्षीय शक्तिहरू एक भएर जान नसकेका हुनाले राजा आफ्नो चाहनाअनुरूपको परिणाम निकाल्न सफल भए । २०४६ मा जनपक्षीय शक्तिहरू एकजुट भएर आन्दोलनमा उत्रिएपछि राजा फेरि सम्झौता गर्न बाध्य भए । २०४८ को निर्वाचनमा पनि बहुमत प्राप्त गरेर सरकार बनाउन पुगेको नेपाली कांग्रेसले फेरि पनि सबै पक्षलाई समेटेर चल्ने र जनचाहनाबमोजिम समाजका सबै क्षेत्रमा सुधार गर्ने क्षमता प्रदर्शन गर्न सकेन । जनपक्षीय शक्तिहरूमा फेरि विवाद भयो । चुनावमा सहभागी भएर संसदमा उपस्थित भइसकेको एउटा पार्टीले हतियारको बलमा सत्ता कब्जा गर्ने कार्यनीति अंगाल्न पुग्यो । राजाले फेरि खेल्ने मौका पाए ।

आफ्नो गुमेको अधिकार फिर्ता गर्न कसरी अगाडि बढ्ने भन्ने सम्बन्धमा शायद राजदरवारभित्र पनि अन्तर्विरोध पैदा भयो र परिणामस्वरूप राजा वीरेन्द्रको बंश नै समाप्त भयो । २०५९ असोजमा आइपुग्दा राजाले आफू बलियो भएको महसुस गरे र २०४७ सालको संविधानले नेपाली जनतामा हस्तान्तरण गरिसकेको सार्वभौमसत्ता, राजकीयसत्ता र कार्यकारिणी अधिकारसमेत आफैंले लिने चरम स्वेच्छाचारी कदम चाल्न पुगे । त्यसले गर्दा राजा र जनताबीचको लडाइँ फेरि चर्कियो । २०५९ चैतबाट सुरू भएको संयुक्त जनआन्दोलन २०६० वैशाख २९-३० मा आइपुग्दा सफलताको शिखरमा पुग्यो । राजा आन्दोलनकारीहरूसँग झुक्न बाध्य भए । तर संयुक्त आन्दोलनकारी पाँच दलमध्ये नेकपा (एमाले) बाहेकका दलहरूको गलत सोच र व्यवहारले गर्दा उपयुक्त सम्झौतामा पुग्न सकिएन । राजाले फेरि पनि आफ्नो हात माथि पार्ने मौका पाए ।

माथिका सबै विवरणहरूबाट स्पष्ट हुन्छ कि राजतन्त्र भनेको आफू कमजोर हुँदा जनतासँग झुक्ने र बलियो हुँदा जनतामाथि घोडा चढ्ने चरित्र बोकेको संस्था नै हो । यो संस्था जबसम्म अस्तित्वमा रहन्छ तबसम्म यसले अधिकारका निम्ति शीर उठाउने प्रयास गरिनैरहन्छ । त्यसैले जनपक्षीय शक्तिले यस संस्थाप्रति सदैव सजग र सचेत भइरहनुपर्दछ र यसलाई पूर्णरूपले शक्तिविहीन नबनाएसम्म यसका विरूद्धको संघर्षलाई जारी राख्नुपर्दछ । राजा र जनताबीचको लडाइँ अधिकारका निम्तिको लडाइँ हो । मूर्तरूपमा भन्नुपर्दा यो लडाइँ शासनाधिकार जनप्रतिनिधिहरूको हातमा राख्ने कि राजा एकजनाको हातमा राख्ने भन्ने लडाइँ हो । जबसम्म यस प्रश्नको छिनोफानो हुँदैन, तबसम्म यो लडाइँ चलिनैरहन्छ, यद्यपि लडाइँका रूपहरू भने फेरिन सक्छन् । यो लडाइँ एकैचोटी समाप्त भइहाल्ने लडाइँ होइन । यस लडाइँका अनेकौं उपचरण वा खुड्किलाहरू हुन सक्तछन् र ती प्रत्येक खुड्किलामा सम्झौताहरू हुने र तोडिने पनि हुन सक्तछ । तर जति सम्झौताहरू तोडिए पनि र बारहरू नाघिए पनि यस लडाइँमा अन्तिम विजय भने राजाको होइन जनताकै हुने गर्दछ ।

# संविधानसभाः प्रयोगका अनुभवहरू

**' टीकाराम भट्टराई**

"संविधानसभा' नेपाली समसामयिक राजनीतिको बहुचर्चित शब्दावली बन्न पुगेको छ । संविधानसभाको सवालमा अहिले मुलुक करिबकरिब दुई ध्रुवमा विभक्त भइसकेको छ । संविधानसभाको पक्षमा सैद्धान्तिक सहमतिमा पुगेको राजनीतिक शक्तिहरूको तुलनामा यसको विपक्षमा उभिएका राजनीतिक शक्तिहरू कमजोर देखिएका छन् ।

नेकपा (एमाले)ले गत सातौं राष्ट्रिय महाधिवेशनबाटै माओवादी समस्या समाधानको लागि सबैखाले प्रजातान्त्रिक विकल्पहरू खुल्ला राखिएको निष्कर्ष निकालेको थियो । यही निष्कर्षलाई आत्मसात गर्दै केन्द्रीय कमिटीको पाँचौं बैठकले बहुचर्चित 'नौ बुँदे रोडम्याप' पारित गरेको थियो । सो रोडम्यापमा नयाँ संविधानको आवश्यकता र औचित्यको पुष्टि गर्दै नयाँ संविधान निर्माणको प्रक्रिया संविधानसभासम्म हुनसक्ने विचार अघि सारेर नेपाली राजनीतिमा एउटा सार्थक, स्पष्ट र दूरदर्शी वैचारिक आन्दोलनको उद्घोष गरेको थियो । चर्चित 'नौ बुँदे रोडम्याप' लाई माओवादीदेखि नागरिकस्तरमा गठित शान्ति अभियानकर्ताहरूले समेत समर्थन र सहमति जनाएको तथ्य सर्वविदितै छ ।

पाचँ राजनीतिक दलद्वारा संचालित प्रतिगमनविरूद्धको जनआन्दोलनमा समेत एमालेले आन्दोलनका माग र नारालाई अझ स्पष्ट र वस्तुनिष्ठ पार्न पटक-पटक अन्य दलहरूसँग आग्रह गरिरहेको थियो। नयाँ संविधान निर्माणको सबै खाले प्रक्रियाहरूलाई खुल्ला राख्न एमालेले पटक-पटक अनुरोध गर्दा समेत दलहरूको न्यूनतम मागको रूपमा त्यो माग पर्न नसकेका कारणले त्यस बखत संविधानसभाको मागलाई न्यूनतम सहमतिको मागको रूपमा परिणत गर्न सकिएको थिएन। तथापि बहुचर्चित १८ बुँदामा नयाँ संविधान निर्माणका लागि जति प्रावधानहरू समावेश गरिएका थिए, ती प्रावधान संविधानसभाको माध्यमद्वारा बन्ने संविधानबाट प्राप्त गर्ने उपलब्धि भन्दा कम थिएनन्। कुन प्रक्रियाले नयाँ संविधान निर्माण गरिने हो भन्ने विषयमा मात्र बहुचर्चित १८ बुँदा मौन रहेका थिए।

सयुक्त जनआन्दोलनको परिणामस्वरूप प्रधानमन्त्री शेरबहादुर देउवाको नियुक्तिपछि प्रतिगमन ठहरावमा आएको निष्कर्ष नेकपा (एमाले) सार्वजनिक गरिसकेको छ। अब यो ठहरावको स्थितिलाई अग्रगमनतर्फ डोऱ्याउनको लागि माओवादी समस्याको राजनीतिक र प्रजातान्त्रिक समाधान खोजिनु नै अहिलेको तात्कालिक र केन्द्रीय कार्यभार हो भन्ने विषयमा हामी स्पष्ट हुनै पर्दछ। र, तद्नुरूपका माग, नारा र आन्दोलनका स्वरूप तथा प्रक्रियाहरू निर्धारण गरिनुपर्दछ। यही मान्यतालाई आत्मासात गरेर हालै सम्पन्न पार्टीको केन्द्रीय कमिटीको बैठकले माओवादी समस्या समाधानका लागि संविधानसभासम्मको प्रजातान्त्रिक विकल्पमा जान तयार रहने सातौं राष्ट्रिय महाधिवेशनको निष्कर्षलाई पुर्नपुष्टि गर्दै संविधानसभाका लागि पार्टी तयार रहेको उद्घोष गरेको छ।

संविधानसभा जसरी आज एउटा सशक्त बहस र नाराको रूपमा अघि आएको छ, यसको वास्तविक अवधारणा (Concept), दिशाबोध **(Vision),** परिणाम तथा प्रक्रियाका बारेमा भने अत्यन्तै कम बहस गरिएको छ। अरू त अरू यो विषयलाई सशस्त्र आन्दोलनको प्रमुख नारा बानाउने स्वयम् माओवादी पक्ष पनि संविधान सभाको बारेमा अस्पष्ट र द्विविधाजनक अवस्थामा रहेको छ। तसर्थ प्रस्तुत आलेखमा संविधानसभाको अवधारणा हालसम्मका प्रयोगहरू र तिनको परिणामबारेमा मात्र सीमित रहेर केही विषयहरू अघि सारिएको छ। नेपालको सन्दर्भमा यसको औचित्य, आवश्यकता र संभावनाको बारेमा प्रसस्त बहश र छलफल हुनु जरूरी छ।

**अवधारणा**

विश्वकै प्रथम लिखित अमेरिकाको संविधान लेख्न सन् १७८७ मा अमेरिकाको फिलाडेल्फियामा भेला भएका अमेरिकी राजनीतिज्ञ तथा कानुनविद्हरूको भेलालाई सम्बोधन गरिएको शब्द नै संविधानसभा (Constituent assembly) हो। संविधानसभाले नयाँ संविधानको निर्माणको लागि आवश्यक गृहकार्य र त्यसलाई वैधानिकता दिने काम गर्दछ। संक्षिप्तमा भन्ने हो भने नयाँ संविधान निर्माणको लागि गठन गरिएको विशेषज्ञहरूको समितिलाई नै संविधानसभा भनिन्छ। जव मुलुकमा पुरानो संविधान असफल हुन्छ वा कामयावी हुँदैन वा क्रान्ति सम्पन्न हुन्छ वा नयाँ राज्यको उदय हुन्छ, त्यस्तो अवस्थामा नयाँ संविधान निर्माणको अपरिहार्यता हुन्छ। त्यस्तो अवस्थामा संविधान निर्माण गर्नको लागि खास कुनै निकाय वा संयन्त्रलाई संविधान लेखनको जिम्मेवारी दिनुपर्ने हुन्छ। त्यस अवस्थामा निर्माण हुने विभिन्न प्रकृतिका समितिमध्ये संविधानसभा एक प्रकारको समिति हो। प्रसिद्ध संविधानविद् हिलारी बार्नेटका अनुसार नयाँ संविधान निर्माणको आवश्यकता निम्न चारवटा अवस्थामा आइपर्छ :

**(क) सम्झौताहीन क्रान्ति सफल भएको अवस्थामा**

वोल्सेविक क्रान्तिद्वारा तत्कालीन सोभियत संघको संविधान बनेको थियो। माओत्सेतुङको नेतृत्वमा सन् १९४९ मा चीनमा सम्पन्न क्रान्ति, फ्रान्सेली राज्यक्रान्ति सम्झौताहीन क्रान्ति थिए। यस्तो अवस्थामा क्रान्तिकारी शक्तिहरूले बलको माध्यमद्वारा नै पुरानो राज्यसत्ताको अन्त्य गरी नयाँ राज्य सत्ताको स्थापना गरेका हुन्छन्। यस्तो अवस्थामा नयाँ संविधानको आवश्यकता पर्दछ र क्रान्तिद्वारा नयाँ सत्ताको स्थापना हुने हुनाले पुरानो राज्यसत्ता समूल नष्ट भएको हुन्छ। तसर्थ नयाँ राज्यसत्ताले आफ्नो आस्था, विचार अनि क्रान्तिको नारा र मागअनुरूप नयाँ संविधानको निर्माण गर्दछ। यस्तो बलपूर्वक सम्पन्न क्रान्तिद्वारा स्थापित राज्यसत्ताले कसैसँग पनि कुनै सम्झौता गर्नुपर्ने बाध्यता रहँदैन। तसर्थ, त्यस्तो राज्यसत्ता जुनसुकै प्रकृतिको संविधान निर्माण गर्न पनि स्वतन्त्र रहन्छ। यही मान्यताको आधारमा तत्कालीन सोभियत संघ र चीनको संविधान बनेको थियो।

**(ख) राष्ट्रिय मुक्ति आन्दोलन सफल भएको अवस्थामा**

साम्राज्यवाद वा उपनिवेशवादका विरूद्धमा संचालित आन्दोलन सफल भएको अवस्थामा पनि स्वतन्त्र र मुक्त नयाँ राज्यलाई नियन्त्रण र निर्देशन गर्न तथा शक्तिको बाँडफाँड गर्नको लागि नयाँ संविधानको निर्माण गर्नुपर्ने आवश्यकता रहन्छ र त्यस्तो अवस्थामा पनि पुरानो राज्यसत्ताको नियन्त्रण पूर्णरूपमा हटिसकेको हुनाले स्वतन्त्र र मुक्त नयाँ राज्यले आफूखुसी आफ्नो संविधानको निर्माण गर्न सक्षम र स्वतन्त्र हुन्छ। यही मान्यताका आधारमा अमेरिकी संविधान १७८७, भारतीय संविधान १९४७, वर्माको संविधान १९४८, पाकिस्तानी संविधान १९५६, बंगलादेशको संविधान १९७१ को निर्माण भएको हो।

**(ग) शान्तिपूर्णरूपमा राजनीतिक परिवर्तन भएको अवस्थामा**

बलपूर्वक क्रान्तिद्वारा सम्पन्न गरिएको अवस्था बाहेकको सामान्य राजनीतिक परिवर्तन भएको अवस्थामा पनि नयाँ परिवर्तित राजनीतिक व्यवस्थालाई संचालन र नियन्त्रण गर्न तथा उदीयमान शक्तिसँग शक्तिको बाडफाँड गर्न पनि नयाँ संविधानको आवश्यकता पर्दछ। शान्तिपूर्ण रूपमा सम्पन्न भएको राजनीतिक परिवर्तनमा पुरानो राजनीतिक शक्ति र नयाँ राजनीतिक शक्तिका बीचमा सम्झौता हुने भएकोले यस्तो अवस्थामा बन्ने संविधान मुलुकको राजनीतिक शक्ति समीकरणको आधारमा निर्माण हुनु स्वाभाविक हुन्छ। परिवर्तनको माग गर्ने राजनीतिक शक्तिको हातमा सैन्यबल लगायतका संरचनाहरू नरहने हुनाले दुवै शक्तिहरूका बीचमा न्यूनतमम साझा सहमति कायम रहन्छ र त्यसैलाई आधार मानेर शक्तिको बाँडफाँड गरिन्छ। राजनीतिक परिवर्तन भएको अवस्थामा बनेका संविधानहरूमा नेपालका हालसम्मका सबै संविधानहरू राजननीतिक

परिवर्तनको माध्यमद्वारा बनेका संविधान हुन् तर नेपालको संविधान २०१९ भने शान्तिपूर्ण राजनीतिक परिवर्तनभन्दा पनि राजाले सैन्यबलको आधारमा एकतर्फी रूपमा लादेको संविधान हो तथापि यसमा २०१५ सालको संविधानका कतिपय व्यवस्थाहरू यथावत राखिएका थिए ।

**(घ) नयाँ राज्यको जन्म भएको अवस्थामा**

साविकमा कायम भएको राज्यबाट अलग राज्यको घोषणा भएको अवस्थामा पनि नव स्वतन्त्र राज्यलाई नयाँ संविधानको आवश्यकता पर्दछ । यसका पछिल्ला उदाहरणहरूमा तत्कालीन सोभियत गणराज्यबाट अलग भएका राज्यहरू र इस्ट टिमोर लगायतका राज्यहरूलाई लिन सकिन्छ ।

यस्तो अवस्थामा पनि उदीयमान राज्यको अघिल्लो राज्यसँग सम्पूर्ण सम्बन्ध टुटिसकेको हुनाले नयाँ राज्यले संविधानको निर्माण गर्ने कार्यमा कसैसँग सम्झौता गरिरहनुपर्ने अवस्था रहँदैन ।

**संविधानसभाको निर्माण र अन्तर्राष्ट्रिय अनुभवहरू**

संविधानसभा नयाँ संविधान निर्माणको लागि गठन भएको एउटा संयन्त्र हो भन्नेमा कसैको दुईमत छैन तर त्यो संयन्त्रको निर्माण कसरी गर्ने भन्ने सम्बन्धमा संविधानविद् तथा राजनीतिशास्त्रीहरूको बीचमा आ-आफ्ना तर्कहरू रहेका छन् । विश्वका अनुभवहरूलाई हेर्दा संविधानसभाको निर्माण निम्न बमोजिम भएको देखिन्छ :

(क) राजनीतिक सम्मेलनको माध्यमद्वारा, जस्तो-अमेरिकी संविधानसभा ।

(ख) मनोयनको माध्यमद्वारा, जस्तो- चीन, भारत, फ्रान्समा बनेका संविधानसभाहरू ।

(ग) संसदलाई संविधानसभाको रूपमा प्रयोग गरी गठन भएको संविधानसभा, जस्तो- दक्षिण अफ्रिका, बर्मा, श्रीलंका ।

(घ) निर्वाचनको माध्यमद्वारा : यो माध्यमद्वारा सन् १९१८ मा रूसमा संविधानसभाको गठनसम्म भएको थियो तर त्यो संविधानसभामा क्रान्तिको नायक वोल्सेभिक पार्टीले केवल २५ प्रतिशत मतमात्र प्राप्त गरेकोले लेनिनले प्रतिक्रान्तिको जन्म हुने आशंका बढेको भन्दै निर्वाचित संविधानसभा भङ्ग गरी कम्युनिष्ट पार्टीको नेतृत्वमा संविधान मस्यौदा कमिटीको गठन गर्नुभएको थियो र त्यही कमिटीले नयाँ संविधानको निर्माण गरेको थियो ।

यसरी माथि गरिएको विश्लेषणबाट के पुष्टि हुन्छ भने संविधानसभा भन्नाले संविधान निर्माण गर्नका लागि राजनीतिक सम्मेलन, मनोयन, अप्रत्यक्ष निर्वाचन (संसद मार्फत्) र निर्वाचनद्वारा गठन गरिएको संयन्त्रलाई बुझाउँछ । तर निर्वाचित संविधानसभाले निर्माण गरेको संविधान हालसम्म विश्वमा एउटा पनि क्रियाशील छैन ।

संविधानको प्रस्तावनामा *We the people of…….. in our constituent assembly do here by adopt, enact and give to ourselves this constitution.* भन्ने वाक्यांश अर्थात् हामी देशका जनताले यो संविधान निर्माण गरी जारी गरेका हौं भन्ने वाक्यांश संविधानको प्रस्तावना लेखिएका संविधानलाई संविधानसभाबाट निर्मित संविधान भनिन्छ । त्यस्ता संविधानमा अमेरिका, भारत, जापान, जर्मन, दक्षिण, अफ्रिकालगायत २५ वटा भन्दा बढी संविधानहरू छन् । तर ती कुनैपनि संविधान निर्माणमा जननिर्वाचित प्रतिनिधिहरू समावेश भएका थिएनन् । मनोयन, अप्रत्यक्ष निर्वाचन वा राजनीतिक सम्मेलनद्वारा निर्मित संविधानसभाले बनाएको संविधानसभालाई नै संविधानसभा अर्थात् Constituent Assembly भन्ने गरिएको छ ।

संविधानसभा भन्नेवित्तिकै त्यो निर्वाचित निकाय नै हो भन्ने बुझाईमा कुनै सत्यता छैन । माथि विश्लेषण गरिएझैं संविधानसभाको गठन राजनीतिक सम्मेलन, मनोयन वा संसदद्वारा हुन सक्दछ । संविधानसभाको गठनको प्रारम्भिक शर्त भनेकै तत्काल कायम रहेका राजनीतिक शक्तिहरू वा तत्काल क्रियाशील संविधानले निर्धारण गर्ने मार्गनिर्देशन नै हो ।

क्रियाशील राजनीतिक शक्तिहरूको बीचमा सहमति भएको अवस्थामा संविधानसभाको गठन प्रचलित कुनै पनि माध्यमद्वारा हुन सक्दछ । त्यसमा पनि मार्क्सवाद र लेनिनवादमा विश्वास गर्ने वा वर्गीय ढाँचा र वर्गसंघर्षको स्वरूपलाई समाज रूपान्तरणको एकमात्र माध्यम हो भनी विश्वास गर्ने कम्युनिष्ट पार्टीहरूले बुझ्ने प्रमुख कुरा भनेको संविधान वा कानुन राज्यसत्ताको वा आर्थिक राजनीतिक र सामाजिक बनोटको उपरीढाँचामा मात्र हो । यसलाई सूत्रबद्ध रूपमा अझ यसो भन्न सकिन्छ, संविधान वा कानुनको निर्माण राज्यसत्ताले गर्ने हो तर संविधान वा कानुनले राज्यसत्ताको निर्माण गर्न सक्दैन । मार्क्सवादीहरू र गैरमार्क्सवादीहरूका बीचमा राज्यसत्ताको निर्माणका सवालमा रहेको महत्वपूर्ण फरक भनेकै पूँजीवादीहरू संविधानले राज्यसत्ताको निर्माण गर्दछ भन्छन् तर मार्क्सवादमा विश्वास गर्ने हामीहरू राज्यसत्ताले संविधानको निर्क्यौल गर्दछ भन्ने मार्क्सवादी विचारमा विश्वास गर्दछौं ।

कार्लमार्क्सकै भाषामा भन्नुपर्दा "Law can never rise above society's socio-economic system and law is always determined by the given socio-economic system in other word socio-economic system is the structure and law is the super structure ." (कानुन कहिल्यै समाजको सामाजिक-आर्थिक प्रणालीभन्दा माथि रहन सक्दैन र अमुक सामाजिक-आर्थिक प्रणालीले नै सधैं कानुनको निर्धारण गर्छ, अर्को शब्दमा, सामाजिक-आर्थिक प्रणाली संरचना हो भने कानुन उपरी संरचना हो ।) मार्क्सको यो व्याख्याले स्पष्टरूपमा आर्थिक, राजनीतिक र सामाजिक अवस्थाले नै संविधान वा कानुनको निर्माण गर्ने कुरालाई निर्धारण गर्दछ भन्ने मान्यता राखेको हुनाले संविधानसभाको निर्वाचनले नयाँ राज्यसत्ताको निर्माण हुन सक्दैन भन्ने स्पष्ट नै छ ।

**निर्वाचित संविधानसभाको दुःखद् अनुभवहरू**

(१) **रूसको अनुभव**

माथि नै चर्चा गरिसकिएको छ कि हालसम्म निर्मित संविधानसभाहरूमध्ये प्रत्यक्ष निर्वाचनका माध्यमद्वारा बनेको संविधानसभामा रूसको संविधानसभा एक हो । रूसमा १९१७ को वोल्सेभिक क्रान्तिपश्चात् नयाँ संविधान निर्माण गर्ने प्रयोजनको लागि २५ नोभेम्बर, १९१७ मा प्रत्यक्ष निर्वाचन भएको थियो । घोषित निर्वाचन परिणामअनुसार उक्त निर्वाचनमा वोल्सेभिक पार्टीले कूल सिट सँख्याको केवल २५ प्रतिशत सिटमात्र जित्न सफल भएको थियो भने सोसलिष्ट रिभ्योलुसनरी

पार्टीले ४० प्रतिशत र अन्यमा जारशाही समर्थक र क्षेत्रीय पार्टीहरूले विजय हासिल गरेका थिए तर यहाँ चाखलाग्दो पक्ष के थियो भने लेनिनको नेतृत्वमा रहेको कम्युनिष्ट पार्टीले त्यहाँ सम्झौताहीन क्रान्तिद्वारा राज्यसत्ताको स्थापना गरिसकेको थियो । संविधानसभाको यो परिणामपश्चात् वोल्सेभिक पार्टीको केन्द्रीय समितिमा लगातार सात दिनसम्म यो विषयमा विचारविमर्श भयो । अन्त्यमा कम्युनिष्ट पार्टी यो निष्कर्षमा पुग्यो कि क्रान्तिद्वारा स्थापित राज्यसत्तालाई मार्गनिर्देशन गर्नका लागि संविधान बन्ने हुनाले संविधानसभाको परिणामले क्रान्तिको अवमूल्यन गरेकाले यो संविधानसभा विघटन गरिनुपर्दछ । त्यसपछि यही मान्यताका आधारमा निर्वाचित संविधानसभा विघटन गरियो र केन्द्रीय समितिले नै नयाँ संविधान मस्यौदा समितिको घोषणा गर्‍यो ।

(२) **जर्मनीको अनुभव**

जर्मनमा सन् १९१८ मा राजतन्त्रको अन्त्य भएको थियो । ९ नोभेम्बर , १९१८ मा राजतन्त्रको अन्त्य भएको औपचारिक घोषणापश्चात् गणतन्त्रात्मक संविधान बनाउनुपर्ने अवस्था उत्पन्न भएपछि त्यहाँ पनि सन् १९१९ मा निर्वाचनको माध्यमद्वारा संविधानसभाको गठन गरियो र उक्त संविधानसभाले अगष्ट १९१९ मा नयाँ संविधानको घोषणा गर्‍यो । संविधानसभाले बनाएको यो संविधानले त्यहाँको राजनीतिक शक्ति सन्तुलनलाई संबोधन गर्न र सन्तुलतमा राख्न सकेन । १९१९ पछिका १४ वर्षहरू अत्यन्तै अस्थिर रहे र यो अवधिमा २१ वटा सरकारको गठन भयो । संविधानसभाले बनाएको संविधानप्रति आमरूपमा विद्रोह र असन्तुष्टि पैदा भयो । पटक-पटक अझ वर्षमा २ पटकसम्म संसदको विघटन गर्ने कामसमेत भयो । यही संविधानले जर्मनमा हिटलरको उदयसमेत भयो र जर्मनको विभाजनसमेत हुन पुग्यो र पश्चिम जर्मनीमा १९४९ मा संसदद्वारा संविधान जारी गरियो । यसरी जर्मनको निर्वाचित संविधानसभाले बनाएको संविधानले पनि शान्ति, स्थिरता र परिवर्तनको सट्टामा विभाजनको परिणामसमेत उत्पन्न गरेको दुखद् संवैधानिक इतिहास हाम्रोसामुमा रहेको छ ।

**निष्कर्ष**

१) संविधानसभाको गठन चार प्रकारबाट हुन सक्छ । ती चार तरिकाहरू हुन् -निर्वाचन, राजनीतिक सम्मेलन, मनोनयन र संसद मार्फत् ।

२) हालसम्म प्रत्यक्ष निर्वाचनद्वारा निर्वाचित संविधानसभाले बनाएका संविधानहरू संसारमा क्रियाशील छैनन् ।

३) राज्यसत्ताले नै संविधानको निर्माण गर्ने भएकोले राज्यसत्ताको स्वरूप प्रमुख र संविधानसभाको निर्वाचन गौण कुरा हो ।

४) संविधान निर्माणका प्रचलित स्वरूपहरूमध्ये संविधानसभा एक प्रजातान्त्रिक स्वरूप र विधि हो ।

५) सम्झौता, सहमति वा राजनीतिक परिवर्तनद्वारा बन्ने संविधान जुनसुकै प्रक्रियाले बनेता पनि त्यसमा नयाँ र पुरानो सत्ताको सहअस्तित्व अनिवार्य हुन्छ अर्थात् बलपूर्वकको क्रान्ति सम्पन्न भएको अवस्थामा बाहेक अन्य सबै अवस्थामा निर्माण हुने संविधानमा तात्विक भिन्नता हुँदैन । तसर्थ, राजा वा संसदीय धारका राजनीतिक शक्तिहरूसँग सहमति गरेर संविधानसभाको निर्वाचन गरिने हो भने त्यस्तो संविधानसभाद्धारा निर्मित संविधान पनि हालको संविधानभन्दा तात्विक रूपमा भिन्न नहुने स्पष्ट भएकोले संविधानसभाको निर्वाचनले नै निकास दिन सक्दछ भने यो प्रक्रियासम्म जानलाइ कसैले पनि आपत्ति गर्नु अवस्था देखिदैन ।

# जिल्ला सचिवले कसरी काम गर्ने ?

## ' काशीनाथ अधिकारी

**ने**कपा (एमाले) नेपालको आमूल परिवर्तनको अभियानमा लागेको पार्टी हो । यो काम प्रभावकारी ढंगले कसरी सम्पन्न गर्ने ? यो नै अहिलेको हाम्रो चिन्ताको विषय हो । त्यसका लागि शक्ति सुदृढीकरण गर्नु नै आजको कामको केन्द्रविन्दू हो । यो कामलाई व्यवस्थितरूपमा अघि बढाउन आफूलाई तयार पार्नैपर्छ । जनताको बहुदलीय जनवादी कार्यक्रमले माग गरे बमोजिमको पार्टी निर्माण गर्नैपर्छ । सही मार्क्सवादी-लेनिनवादी पार्टी निर्माणका निम्ति योग्य र असल नेतृत्वको आवश्यकता पर्दछ । आजको नेकपा (एमाले)लाई पनि केन्द्रमा मात्र होइन, जिल्ला र त्यसभन्दा तलका कमिटीहरूमा समेत योग्य र कुशल नेतृत्वको आवश्यकता पर्छ । प्रत्येक तहमा अरू कुनै पार्टीको भन्दा सक्षम र नमुना नेतृत्व एमाले पार्टीको हुनैपर्दछ । यो देशको काँचुले फेर्ने युगान्तकारी दायित्व बोकेको क्रान्तिकारी पार्टी नेकपा (एमाले)को नेतृत्व कस्तो हुनुपर्छ ? यो छलफल, गृहकार्य र व्यवस्थापनको विषय बन्नुपर्दछ ।

नेकपा (एमाले) को सांगठानिक ढाँचामा केन्द्रीय कमिटीपछिको सबैभन्दा महत्वपूर्ण कार्यकारी तह जिल्ला कमिटी नै हो । किनभने जिल्ला कमिटी व्यापक कार्यकर्ता र जनतासँग जोडिएको तह हो । जिल्ला कमिटीमा पनि स्वभाविक रूपमा सचिवको अझै महत्वपूर्ण भूमिका हुन आउँछ । जिल्लाको प्रमुख नेताको हैसियतले सचिव कमरेडले सिंगो जिल्ला कमिटी, सम्पूर्ण भौगोलिक इलाका, जनसंगठन, विभाग, कार्यालय, वैचारिक काम, जनप्रतिनिधि परिचालन, विकास निर्माण र जनसंघर्षको नेतृत्व गर्नुपर्दछ । कामका यति धेरै क्षेत्रमा ध्यान पुर्‍याउनु सजिलो छैन । आजको हाम्रो पार्टीमा जिल्लाको मुख्य नेतृत्व सम्हाल्न सामान्य क्षमता र सामान्य खटाइले भ्याउँदैन । बहुआयामिक क्षमता, समर्पित भावना र निष्ठापूर्ण खटाइले मात्र आजको आवश्यकताको पूर्ति गर्न सक्छ ।

जिल्ला सचिवमा मार्क्सवाद-लेनिनवादका साथै आफ्नो पार्टीको गहिरो अध्ययन र जिल्लाको समग्र जानकारी हुनुपर्दछ । जिल्लाको समग्र पार्टी काम, संसदीय काम, वैचारिक काम र संघर्षका कामहरूको सचिवद्वारा नेतृत्व प्रदान भएको हुनुपर्दछ । कुर्सी जति अग्लो हुन्छ त्यति नै अग्लो व्यक्तित्व हुनुपर्दछ । जिल्लामा सचिव हरेक दृष्टिकोणले शिखर व्यक्तित्व बन्नैपर्दछ । पदको नेतामात्र होइन, आस्थाको नेतासमेत हुनुपर्दछ । पार्टीलाई बुझ्ने सवाल, दृष्टिकोण, त्याग, समर्पण, कार्यकुशलता, अडान, विचार, सक्रियता यावत कुरामा नम्बर एक हुनैपर्छ । तसर्थ जिल्ला कमिटीको सचिवले कमसेकम निम्न कुरामा ध्यान दिनुपर्दछ :-

**१. काम गर्ने तरिकाका सम्बन्धमा**

(क) एक समयमा एउटा काम प्रमुख बनाउने (मुख्य काममा मुख्य ध्यान दिने)
(ख) कार्यकर्तालाई समयमै उचित ढंगले कामको बाँडफाँड गर्ने (उचित व्यक्तिलाई उचित जिम्मेवारी दिने)
(ग) प्रत्येक विषयलाई सकारात्मक कोणबाट हेर्ने ।
(घ) परिस्थितिको ठोस विश्लेषण गर्ने र आवश्यक निर्णय लिने ।
(ङ) परिभाषित कामका आधारमा व्यक्तिको मूल्यांकन गर्ने ।
(च) निर्णय र निर्देशनको कार्यान्वयनलाई फर्केर हेर्ने (आवधिक रूपमा समीक्षा अंकित गर्ने)
(छ) योजनामुखी कार्यशैली अपनाउने ।
(ज) व्यक्तिवादी ढंगले होइन कमिटी निर्णयमा चल्ने ।
(झ) सादा जीवन उच्च विचारको कार्यशैली अपनाउने ।
(ञ) सिद्धान्त र नीतिको तहबाट समस्यालाई केलाउने ।

(२) अध्ययनका सम्बन्धमा

(क) अध्ययनलाई विषय केन्द्रित गर्ने (पत्रिकामा सीमित नगर्ने)
(ख) काम र अनुभवबाट शिक्षा लिने
(ग) अध्ययनलाई कामसँग गाँस्ने ।
(घ) कमसेकम निम्न अनुरूपको अध्ययन गर्ने :-

- जिल्लाको समग्र वस्तुस्थितिको अध्ययन
- पार्टीका परिपत्र र दस्तावेजको अध्ययन ।
- मार्क्सवाद लेनिनवादका आधारभूत कुराहरूको अध्ययन ।
- देशका बारे गहिरो अध्ययन ।
- समस्या र पार्टी मुख्य कामसँग सम्बन्धित विषयमा अध्ययन ।

**(३) कमिटी बैठकका सम्बन्धमा**

(क) बैठकको आयोजना-विषयवस्तुको अग्रिम तयारी गर्ने, कमिटीका सदस्यहरूलाई समयमै सूचित गर्ने, प्रत्येक विषयमा आफ्नो गृहकार्य तयार पार्ने ।
(ख) बैठक संचालन- गम्भीर वातावरण तयार पारेर मात्र बैठक प्रारम्भ गर्ने, घोषित समयमा बैठक संचालन गर्ने, बैठकको सुरूमै अनुपस्थित सदस्यहरूको बारेमा जानकारी गराउने, एकपटकमा एकजनालाई मात्र बोल्न दिने, जथाभावी भित्र बाहिर गर्न नदिने, विषयभन्दा बाहिर गएर बहस गर्न नदिने, आफ्नो प्रस्तुतीलाई गम्भीर बनाउने, बैठक नियन्त्रणका साथ संचालन गर्ने, आफैं अगाडि नबोल्ने अन्तमा मात्र बोल्ने, आफ्नो पूर्व सोच र बैठकमा आएका नयाँ विचारहरूलाई संश्लेषण गरेर निष्कर्ष निकाल्ने-निर्णयमा पुग्ने, समयमै बैठक टुंग्याउने र तोकिएको समयमा अनुपस्थित हुने सदस्यको रेकर्ड राख्ने ।
(ग) बैठकमा योजना प्रस्तुतीः- प्रस्तुत विषयमा कमिटीका सदस्यहरूको विचार आउन दिने तर निष्कर्षको रूपमा आफ्नो योजना प्रस्तुत गर्ने, प्रस्तुत योजना पारित गर्न पहल गर्ने, विषयलाई बग्न नदिने, विषय स्वतःस्फूर्त छरिन नदिने, तर्क र तथ्यहरू अगाडि सारेर सिङ्गो कमिटीलाई विश्वासमा लिएर टुंगोमा पुग्ने तरिका अपनाउने ।

**(४) कामको अनुगमन तथा जाँचपड्ताल गर्ने सम्बन्धमा**

(क) एउटा बैठकमा निर्णय गरेर अर्को बैठकमा मात्र भेट हुने तरिका बन्द गर्ने, निर्णय कार्यान्वयनको अनुगमन गर्ने ।
(ख) मुख्य जिम्मेवार (जि.क.स.) लाई निर्णय कार्यान्वयनमा सघाउने र ताकेता गर्ने ।
(ग) निर्णय कार्यान्वयनको आवश्यक रेकर्ड राख्ने ।
(घ) मातहतका कमिटीको पनि अनुगमन गर्ने ।
(ङ) आएका रिपोर्टहरूमा थप पुष्ट्याई खोज्ने ।
(च) जटिल विषयमा आफैं जाँचपड्ताल गर्ने ।
(छ) हरेक विषयमा द्वन्द्वात्मक दृष्टिकोण अपनाउने (एकपाखे हुनबाट बच्ने)

**(५) कमिटी सदस्य र कार्यकर्ताहरूसँगको सम्पर्क सम्बन्धमा**

(क) कमिटीका सदस्य र कार्यकर्ताहरूसँग अनौपचारिक नियमित भेटघाट गर्ने ।
(ख) मन मिल्नेसँग भन्दा पनि मन नमिल्नेसँग छिटोछिटो भेटघाट गर्ने । सबैलाई समान व्यवहारको प्रत्याभूति दिने ।
(ग) राजनीतिक प्रकृतिको सम्बन्धमा जोड दिने ।

(घ) भेटघाटका अवसरमा काममा सघाउने, स्तर उठाउने, व्यक्तिगत कठिनाईमा सहयोग पुऱ्याउने र मनोबल उठाउने कुरामा विशेष ध्यान दिने ।

(ङ) कार्यकर्तालाई अभिभावकत्व महसुस गराउने ।

(च) भेटघाटमा सदा सकारात्मक ढंगले प्रस्तुत हुने, आत्मविश्वास भर्ने र उत्साहित पार्ने विषयमा हेक्का राख्ने ।

(छ) कार्यकर्ता हुर्काउन (Groom गर्न) विशेष ध्यान दिने ।

(ज) कार्यकर्तामाझ असल शिक्षकमात्र होइन गुरूको भूमिका अदा गर्ने ।

**(६) राजनीतिक वैचारिक नेतृत्व दिने सम्बन्धमा**

(क) सचिवले संगठनात्मक नेतृत्व, योजना र सोचको नेतृत्व, आन्दोलनको नेतृत्व, पार्टी प्रशासनको नेतृत्वमात्र होइन, विचारको नेतृत्व पनि दिने ।

(ख) हरेक काममा पार्टीको सिद्धान्त, विचार, कार्यक्रम र नीतिको आधारमा निर्देशन गर्ने ।

(ग) कार्यकर्ता पंक्तिमा पार्टी र कम्युनिष्ट आन्दोलनप्रति निष्ठा र विश्वास जगाउने गरी वैचारिक काम गर्ने ।

(घ) विरोधी पक्षसँग राजनीतिक रूपमा आक्रामक पोजिसन कायम राखिरहन सिर्जनशील नेतृत्व प्रदान गर्नुपर्दछ । विरोधीले उठाएका प्रश्नहरूको समयमै बौद्धिक र तार्किक खण्डन गर्न आफ्नो सिंगो पंक्तिलाई तयार पारिरहने ।

(ङ) निर्णय कार्यान्वयन नगर्ने र गल्ती गर्नेहरूलाई कारबाही गर्न भन्दा भावनात्मक रूपान्तरणमा जोड दिने ।

**(७) आलोचना-आत्मालोचनाका सम्बन्धमा**

(क) आलोचना-आत्मालोचनाको विषयलाई बैठकको नियमित विषय बनाउने ।

(ख) कमरेड माओले औंल्याएजस्तै उदारतावादी प्रवृत्तिहरूलाई छलफलको एजेण्डा बनाउने ।

(ग) कमिटीमा खुलस्त आत्मालोचना गर्न र निर्ममतापूर्वक स्वस्थ आलोचना गर्न प्रेरित गर्ने ।

(घ) आफ्नो आलोचना गर्नेलाई सहयोगीको रूपमा हेर्ने र कहिल्यै बक्रदृष्टि नराख्ने कुराको आफैं उदाहरण बन्न कोसिस गर्ने ।

**(८) पद्दति र अनुशासनलाई बलियो गरी समाउने सम्बन्धमा**

(क) फलामे अनुशासन नै कम्युनिष्ट पार्टीको सौन्दर्य हो । तसर्थ अनुशासित ढंगले पार्टी संचालन गर्नमा सचिवको नेतृत्वकारी भूमिका हुनैपर्छ ।

(ख) सचिवको व्यक्तिगत इच्छाविपरीत भएपनि कुनै हालतमा पार्टीको पद्दति उल्लंघन हुन दिनुहुँदैन ।

(ग) पार्टीको अनुशासन र पद्दति बलियो गरी समाउन सकिंदैन भने सचिव पदबाट आफैं हटिदिनुपर्छ ।

(घ) कुनै पनि बहानामा गुटबन्दीपूर्ण गतिविधि चलाउनु वा चल्न दिनुहुँदैन ।

**(९) जिल्ला पार्टी कार्यालय संचालनको सम्बन्धमा**

(क) जिल्लामा घट्ने प्रत्येक घटनाहरूको यथाशीघ्र जानकारी राख्ने र पार्टी दृष्टिकोण बनाउने ।

(ख) कार्यालयको व्यवस्थापन वैज्ञानिक ढंगले चुस्त-दुरूस्त बनाउने ।

(ग) कामसँग सम्बन्धित आवश्यक तथ्यांक र रेकर्डहरू राम्रोगरी राख्ने ।

(घ) केन्द्र र अञ्चलबाट प्राप्त परिपत्रहरूको कार्यान्वयनका दृष्टिले पटक-पटक गहिरो अध्ययन गर्ने ।

(ङ) माथिबाट माग गरिएका प्रतिवेदनहरू तोकिएको समयभित्र पठाउन ध्यान दिने ।

(च) निर्णय कार्यान्वयनमा ताकेता पत्रहरू पठाउने ।

(छ) हिसाब दुरूस्त राख्न लगाउने र लेवी तथा सदस्यता शुल्क नियमित पार्ने ।

(ज) नेतृत्वसँग नियमित सम्पर्क बनाउने, खोजी गर्दा उपलब्ध हुनेगरी चल्ने र नेतृत्वलाई तथ्यमूलक सूचना पठाउने ।

(झ) पार्टी नेताको रूपमा मात्र होइन, मुख्य प्रशासकको भूमिका पनि खेल्ने ।

**(१०) दायित्वबोधको भावनाले काम गर्ने**

(क) अप्ठेरो काम, अन्तरविरोध र समस्याहरूलाई थाँती नराख्ने (कार्यतत्परता अपनाउने)

(ख) जतिसुकै व्यवधान खडा भए पनि शुरू गरेको काम सम्पन्न गरिछाड्ने ।

(ग) आफ्नो जिल्लाभित्रका प्रत्येक काम र समस्याका निम्ति मूलतः आफैं जिम्मेवार भएको महसुस गर्ने ।

(घ) सुविचारित योजनाका साथ पहलकदमी लिने ।

(ङ) अगुवा नमुना बन्नुपर्छ (Leader must be demonstrator) भन्ने मान्यताको आधारमा अघि बढ्ने ।

(च) कार्यकर्ताहरूको बीचमा सचिव नै व्यवहारबाट आदर्श (Role model) बन्न प्रयत्न गर्ने ।

# पुष्पलाल : मिलनसार र सहृदयी नेता

## ' रामसिंह रावल

द्रगोल जेलको ०३५ श्रावण ८ गते बेलुका करीव पाँचबजे तिरको घटना हो । म भलिबल खेलिराखेको थिएँ । मेरा साथीहरु जोड-जोडले रावल ! रावल ! भनी बोलाउन थाले । हतार-हतार खेल छोडेर हामी बसेको कोठाको छेउमा पुग्दा नपुग्दै लोकनारायण सुवेदीले 'टाइम्स अफ इण्डिया'को एउटा समाचार सुनाउनुभयो - 'रावल ! रावल ! माइल्दाई डेड ।' मलाई पत्यारै लागेन । आफैले पत्रिका पढें, साँच्चै रहेछ-मिष्टर लाल डिमाइस (निधन) ।

त्यो समाचार पढेपछि म कोठाभित्र जानै सकिनँ । एकक्षण आँखा अगाडि जुनकिरी जस्ता झिल्का आउनथाले र मलाई चक्कर आउला जस्तौ भयो । सरासर नजिककै खरीको रुख भएको चौतारीमा गएर बसेँ । एकै क्षण विचारशून्य भएछु र कुनै कुरा पनि सोच्न सकिनँ । साऱ्है नियास्रो, साऱ्है विरक्त, साऱ्है दिक्दारी भयो । कल्पना गर्न थालें - पुष्पलालबिनाको पार्टी, विचार र हामीले गर्ने भनेको आन्दोलनको भविष्य अब के त ? जति-जति म समाधान खोज्ने पट्टी लाग्दथें त्यति-त्यति पुष्पलालका विशेषताहरु मेरो मानसपटलमा एकपछि अर्को गरी आउन थाले ।

मैले चिनेको पुष्पलाल व्यक्तिगत रुपमा साऱ्है असल, मिलनसार, सहृदयी, सहयोगी र सरल स्वभावको अविभावक हुनुहुन्थ्यो । अर्थात् कार्यकर्ता र साथीबीचमा दुःख-सुख साटासाट गर्नुपर्छ भन्ने आर्दशले प्रेरित पुष्पलाल साथीभाइहरुको व्यक्तिगत प्रगति तथा घर- परिवारको सुख-शान्तिको कामना र शुभेच्छा राख्नुहुन्थ्यो । सबै साथीले व्यक्तिगत समस्याबाट पार पाऊन् भन्ने इच्छा राख्नुका साथै सबैको भलो होस् भन्ने आंकाक्षा राख्नुहुन्थ्यो । कहिलेकाहीं बाहिरबाट आएका साथीहरुको लुगा मैलो भएको देखेमा साथीलाई थाहै नदिई लुगा सफा गरिदिने समेत गर्नुहुन्थ्यो । मलाई लाग्यो आज यति सहयोगी, सरल र सभ्य अविभावकलाई सदाका निम्ति गुमाउनुपऱ्यो ।

सामाजिकरूपमा उहाँ नेवारी समाजमा जन्मिनु भए तापनि रत्तिपनि जातिवादी हुनुहुन्नथ्यो । कहिले काँही केही नेवार समुदायका नेताहरु तथा मानिसहरुले भनेको पनि सुनेको छु -'पुष्पलाल नेवार भएर पनि बाहुन- क्षेत्रीको पक्ष लिन्छ ।' हुन त, आफु जन्मेको समाज, ठाउँ, आफ्नो भाषा तथा रीति-रिवाज, परम्परा प्यारो हुनु स्वाभाविकै हो तैपनि कट्टरतावाद र जातिवादबाट मुक्त उहाँ आफ्नो जीवनपर्यन्त पुष्पलाल मात्र लेख्नु हुन्थ्यो र श्रेष्ठ भन्ने जात लेख्दा जातीय अहं दर्शाउँछ भन्ने मान्यता राख्नुहुन्थ्यो । त्यसैले उहाँले कहिल्यै श्रेष्ठ लेख्नुभएन । एउटा समान जातीय, भाषिक, क्षेत्रीय, नेपाल र नेपालीको परिकल्पना गर्नुहुने पुष्पलाल राजनैतिक नेता मात्र नभएर सामाजिक सुधारक पनि हुनुहुन्थ्यो ।

राजनैतिक नेता पुष्पलाल कट्टर कठमुल्लावादी कम्युनिष्टभन्दा वामपन्थी समाजवादी हुनुहुन्थ्यो । उहाँले २०२५ सालदेखि नयाँ जनवादी कार्यक्रमलाई आफ्नो राजनैतिक कार्यक्रम तय गरेको भए पनि उहाँ जहिले पनि प्रजातान्त्रिक अधिकारको कुरा गर्नुहुन्थ्यो । "संयुक्त जन आन्दोलन नै प्रजातान्त्रिक अधिकार प्राप्त गर्ने एकमात्र बाटो हो" भन्ने उहाँको प्रमुख राजनैतिक सोच थियो । गणतन्त्रात्मक बहुलवादी समाज र राजनीतिबाट मात्र नेपालीको विकास गर्न सकिन्छ भन्ने उहाँको मान्यता थियो । कांग्रेससंग संयुक्त मोर्चा गर्नुपर्ने, छिमेकी मुलुक भारत र चीनसँग सुमधुर एवं सहयोगात्मक शंकारहित सम्बन्धले मात्र नेपालको राजनीति दिगो र अग्रगामी हुन्छ भन्ने मान्यता राख्नुहुने पुष्पलाल कहिले कांग्रेसपरस्त, कहिले भारतपरस्त त कहिले तत्कालिन सोभियत संघलाई सामाजिक साम्राज्यवादी नभनेकोमा आलोचित र तिरस्कृत हुन पुग्नुभयो । यस्तै विवादका कारण कैयौ साथीहरु उहाँलाई छोडी अलग भई बसे भने कैयौंले उहाँको विरुद्धमा जेहाद छेडे । लामो भविष्यलाई दृष्टिगत गरी राजनीतिक सिद्धान्त र कार्यनीति तय गर्नुहुने पुष्पलाल आफ्नो जीवनकालमा विभिन्न क्षेत्रबाट आलोचनाका पात्र मात्र हुनुभएन, अन्तिम अवस्थामा एक्लो पनि पारिनुभयो । जस्तोसुकै आलोचना र समस्यालाई पनि सहन गर्नसक्ने उहाँ कसैप्रति पनि नकारात्मक रहनुभएन । तत्कालिन झापा काण्डको विषयमा पूर्वकोशी संगठनभित्रका एकथरी नेताहरुले हदैसम्मका लाञ्छना लगाउँदै कडाभन्दा कडा कारवाहीको माग गर्दा पनि पुष्पलालले त्यो घटनालाई राजनैतिक भड्काववको संज्ञा दिदैं त्यस घटनामा संलग्न उत्साही युवाहरुलाई राजनैतिक व्यवहारद्वारा ठीक बाटोमा आउन प्रेरित गर्नुपर्छ भनेर दिएको वक्तव्यबाट समेत प्रष्ट हुन्छ- उहाँ सबै समस्यालाई राजनैतिक रुपबाट हेर्नुहुन्थ्यो ।

पुष्पलाल आर्थिक मामलामा उदार एवं स्पष्ट हुनुहुन्थ्यो । मैले कैयौं कम्युनिष्ट नेता देखेको छु, जो आर्थिकरूपमा सम्पन्न छन् तर मानसिक रुपमा दरिद्र र कण्टक । तर पुष्पलाल आफूसँग छँदासम्म अरु साथीहरुलाई आर्थिक बोझ दिन चाहनु हुन्नथ्यो, बरु अरुलाई सघाउनुपर्छ भन्ने भावनाबाट प्रेरित हुनुहुन्थ्यो । खानपीन र लगाउने मामलामा राम्ररी मिलाएर र सफा-सुग्घर बस्न चाहने बानी उहाँमा थियो । आफूलाई कसैले निरीह व्यक्तिको जस्तो व्यवहार गरेको उहाँलाई मन पर्दैनथ्यो । र, भौतिक रुपमा सम्पन्न उहाँका परिवारजन र नातेदार वा कसैले उहाँप्रति निरीहता दर्शाउँदा उहाँले चित्त दुखाएका कैयन उदाहरणहरु छन् ।

संसारमा कोही पनि सबै गुणले सम्पन हुदैन र उहाँ पनि सर्वगुणयुक्त हुनुहुन्थ्यो भन्न सकिदैन । तर पनि उहाँमा भएका सानातिना अवगुण, जसले अरुलाई हानी नोक्सानी गरेनन्, तिनको उल्लेख गर्नु वाञ्छनीय छैन ।

कमरेड पुष्पलालका उपरोक्त कुरा र गुणहरुलाई मैले भद्रगोल जेलको त्यो छिंडीमा मात्र सम्झेको होइन, आज पनि सम्झिरहने गर्छु र विचार गर्छु - पुष्पलाल भएको भए शायदै यस्तो अवस्था राजनीतिमा आउदैन थियो कि ?

# एउटा पेस्तोलले जिल्ला कब्जा

**' कमल कोइराला**

**क.** एकदेव आलेसँग मेरो राम्रो परिचय पार्टीको तेस्रो महाधिवेशनताका २०१९ मा भएको थियो ।

तेस्रो महाधिवेशनको आयोजना गर्ने अन्तरजोन सामञ्जस्य कमिटीमा म पनि थिएँ । त्यसैले केही दिनअगावै बनारस पुगेको थिएँ । त्यतिबेला क. एकदेव आले पाल्पा जेल ब्रेक गरेर बनारस पुग्नुभएको थियो । उहाँलाई अरूहरू भन्दा अलग एउटा कोठामा राखिएको थियो, जहाँ उहाँसँग एउटा भर्खरको युवा मान्छे पनि थियो । उहाँलाई भेटेर निस्कँदा एकजना कमरेडले भन्नुभयो-त्यो एकदेव आलेसँग भएको युवक ज्यानमारा हो । त्यो पार्टी मेम्बर होइन । यो मान्छे क. एकदेव आलेसँग पाल्पा जेल तोडेर बनारस आउँदासम्म साथै छ । कमरेड प्रेमप्रकाश र अरू पनि पाल्पा जेल फोडेर क. एकदेव आलेकै साथ बनारस पुग्नुभएको थियो ।

तेस्रो पार्टी महाधिवेशनको तरखर हुँदा मैले क. एकदेव आलेसँग उहाँको जीवनका रोचक प्रसँगहरू सुन्न पाएको थिइनँ ।

तेस्रो महाधिवेशनपछि पनि दस्तावेज लेख्ने कामहरूमा व्यस्त हुनुपर्‍यो । किनभने म तेस्रो महाधिवेशनको प्रेसिडियममा पनि थिएँ । त्यसैले त्यहाँ प्रस्तुत दस्तावेजलाई पुस्तकहरूको महाधिवेशनद्वारा राखिएका कुराहरूको सन्दर्भमा फेरि लेख्ने कुरा थियो । केही समयपछि क. एकदेव आले पश्चिमतर्फका कमरेडहरूसँग सम्पर्क राख्ने उद्देश्यका साथ गोरखपुरमा बस्न थाल्नुभयो ।

सन् १९६५ मा राजा महेन्द्रसँग निकट सम्बन्ध स्थापित गर्ने भारत सरकारको नीति अन्तर्गत भ्रमण कार्यक्रममा वनारस पनि परेको थियो । जहाँ राजा महेन्द्र रामनगरका राजा (काशी नरेश)का साथ गंगाजीमा नौका बिहार गर्ने कार्यक्रम थियो । त्यसका लागि केही दिनदेखि भारतीय सीआइडीहरूले हामीहरूलाई जहाँ जाँदा पनि पछि लाग्ने र धुरूक्क पार्न थालेका थिए ।

भारतीय सीआइडीको एउटा हाकिमले मलाई भन्यो- हेर्नुस्, राजाको भ्रमणताका सानो भन्दा सानो पनि अप्रिय घटना नहोस्, हामीलाई हाम्रो केन्द्रको सरकारको इन्स्ट्रक्सन छ । त्यसैले बनारसमा हामी तपाईंहरू सबै जनाको छायाँसरह लाग्नुपरेको हो । बरू तपाईंहरू बनारस छोडेर कतै घुमफिर गरेर आउनुस् । त्यो हामीहरूलाई पनि सजिलो र तपाईंहरूलाई पनि राम्रो हुनेछ ।

मैले मनमनै सोचें- धेरै भयो, एकदेव आलेले मलाई गोरखपुर आउन भनेको । यहाँ यो गल्लीमा कोच्चिएर दिनरात भारतीय सीआइडीहरूको पिछा खप्नुभन्दा केही दिनका लागि गोरखपुर जानु राम्रो होला । म गोरखपुरमा कुडाघाट नजिक एकदेव आलेको डेरामा पुगें । त्यतिबेला भारत र पाकिस्तानबीच घमासान युद्ध पनि चलिरहेको थियो । नेपालबाट कुनै गल्लावालले तीनसय, कुनैले चार सय, कुनैले पाँच सयसम्म युवाहरू इमरजेन्सी रेक्रुटमेन्टका लागि गोरखपुर पुऱ्याइरहेका थिए । कुडाघाट वरपर भेडा-बाखाको बथान सरह पहाडका कलिला युवाहरूलाई गल्लावालाका छेउ लागेर हिंड्दा 'मोटरले ठोक्किएर मर्लास्' इत्यादि भनी हाँकिरहेका थिए । अनि, साँझतिर भर्ती भएका गोर्खाली युवाहरू ट्रकहरूमा "जय गोरखकाली आयो गोरखाली" भनी कराउँदै अज्ञात ठाउँतिर लागेको सुन्दथें ।

त्यतिबेला सन् १९६५ ताका भारतीय सेनामा मात्रै होइन नेपालसँग सीमा नजोडिएको मध्यप्रदेश पुलिसका डिपोहरू पनि नेपाली युवारूको भर्तिका लागि खुला थिए ।

स्वयं कमरेड एकदेव आलेको छोरा पनि भर्तिमा जाने तरखरमा थिए । कमरेड एकदेव आलेले मलाई सम्झाउँदै भन्नुभएको थियो- के गर्ने कमरेड, सिद्धान्तले विदेशी फौजमा भर्ती हुनु राम्रो कुरा होइन । भाडाका सैनिक, सोल्जर्स अफ फरचून, ज्यालादारी-ज्यानमारा भनी देश-विदेशमा भन्दा होलान् तर के गर्ने हाम्रो देशमा अरू कुनै इज्जतदार रोजगार पनि गाउँघरका युवाहरूको लागि छैन । गाउँमा लाहुरे भयो भने ठूलो इज्जत हुन्छ । युवक ठिटाहरू जो लाहुरे हुन्छन् उनीहरूलाई नै केटीहरूले पनि बढी मन पराउँछन् । फेरि फोहरमैलो लुगा लगाउने केटो पहिलो छुट्टीमा ड्रेस लगाएर बुट पड्काउँदै गाउँ फर्कदा उसको रवाफ नै बेग्लै हुन्छ । त्यसैले हाम्रो मगर गाउँका बच्चाहरू सानैदेखि ठूलो भएर भर्तिमा जान्छु भन्ने सपना पालेर बस्छन् । हेर्नुस्, म सेन्ट्रल कमिटीको सदस्य तर के गर्ने यो छोरा भर्ती भएर गयो भने मेरो परिवारलाई राम्रो हुन्छ भन्ने सोच ममा पनि छ । हामीहरू पहाडका गाउँलेहरूको निम्ति भर्ती पाउनु नै भाग्यको कुरा हुन्छ । हामीहरूका बच्चाहरू शहर बजारका बच्चाहरूझैं ठूला-ठूला लेखापढी गर्न सिक्ने मौका पाउँदैनन् । त्यसैले यो छोराले भर्ती पाओस् भन्ने आस ममा पनि छ ।

हेर्नुस्, अहिले भारत-पाकिस्तानमा युद्धको घमासान छ । र, मलाई थाहा छ कि कैयौं गोरखालीहरू काश्मिर र पञ्जावमा पाकिस्तानसँग लडाइँ गर्दा मरिराखेका छन् । तैपनि म सोच्दछु, मेरो छोराले भर्ती पाउन सजिलो हुने यही राम्रो मौका हो ।

नभन्दै आलेजीको छोराले म गोरखपुर कुडाघाटमा उहाँको साथ बस्दाबस्दै भर्ती पाए । त्यस दिन साँझ धेरैपर "जय गोरखकाली, आयो गोरखाली" भन्दै ज्यानको माया नराखी कराउँदै जाने अबोध युवाहरूमध्ये एकजना कमरेड आलेको छोरा पनि छ भनी सोच्दा मेरा आँखा भिज्न खोजे । तर आलेजी प्रसन्न हुनुभएको थियो ।

यो विषयको प्रसँग पछि क. एकदेव आलेको जीवनको रोचक प्रसँगबारे लेखौं

**एउटा पेस्तोलले एउटा जिल्ला कब्जा**

कमरेड एकदेव आले तनहुँ जिल्लाको हुनुहुन्थ्यो । उहाँ द्वितीय विश्वयुद्धमा इटाली, लिबिया र बर्माका फ्रन्टहरूमा कैयौं बर्ष लडेर जिउँदै नेपाल फर्कन सफल भाग्यमानीहरूमध्ये हुनुहुन्थ्यो । एउटा युद्धको मोर्चा सकिएपछि फेरि कैयौं दिन पानीजहाजको सफरपछि अर्कै वातावरण भएको अर्कै देशमा पुऱ्याइन्थ्यो । इटालियन, जर्मन र जापानी तीनै प्रकारका सेनासँग इटाली, लिबिया र बर्मामा लडेका उहाँका रोचक प्रसँगहरू पनि अहिले बर्णन नगरौं । अहिले उहाँले यसरी द्वितीय विश्वयुद्धमा लडेर जिउँदै फर्केपछि २००७ सालमा राणाहरूको जहानियाँ हुकुमी शासनको विरूद्ध लडेको र सिर्फ एउटै पेस्तोलले एउटा सम्पूर्ण जिल्ला कब्जा गरेको प्रसँगको बर्णन गरौं ।

बर्मामा जापानीहरूको घेरामा परेको र त्यसपछि सुभासचन्द्र बोसको इण्डियन नेशनल आर्मीमा अरू सबै भारतीयहरू सरह लागेको आरोपमा उहाँको फौज बर्खास्त भएको थियो । त्यसैले त्यस्तो द्वितीय विश्वयुद्ध लडे पनि उहाँले हजारौं भारतीय आजाद हिन्द फौजमा लागेका मान्छेहरूझैं पेन्सन पाउनुभएन ।

भारत र नेपाल फर्केको केही समयपछि नेपालमा २००७ सालको राणा शासनविरोधी सशस्त्र कारबाही हुने कुरा उहाँले थाहा पाउनुभयो । उहाँ कलकत्ता, बनारस सबैतिर भौंतारिन थाल्नुभयो । कसैले हतियार दिए एक्लैले पनि आफ्नो जिल्ला कब्जा गर्ने सोच उहाँको थियो । कसैले उहाँलाई ठूलो हतियार दिएन । कसैगरी उहाँले एउटा पेस्तोल प्राप्त गर्नुभयो । अनि सपना देख्न थाल्नुभयो कि यही एउटा पेस्तोलले आफ्नो जिल्ला कब्जा गर्न सक्छु ।

आज सुन्दा सारै छक्क लाग्छ कि कसरी एउटा पेस्तोलले एउटा जिल्ला कब्जा गर्न सकिएला ! तर त्यतिबेलाको स्थितिमा कमरेड एकदेव आलेले एउटा पेस्तोलकै भरमा एउटा जिल्ला कब्जा गर्ने सपना साकार पार्नुभयो । गोपनीयता र बिजुली चम्केझैं छिटो अरूले थाहा पाउनुभन्दा पहिले काम सक्ने फूर्ति र साहस उहाँका अरू हतियार थिए ।

एउटा पेस्तोल लिएर उहाँ आफ्नो गाउँ आउनुभयो । वरपर गाउँमा द्वितीय विश्वयुद्धबाट फर्केका अरू लाहुरेहरू पनि थिए । राणाहरूको सैनिक प्रशासन पनि सारै कमजोर थियो र उसले कहिल्यै युद्धको अभ्यासको अनुभव गरेको थिएन । त्यतिबेला सदरमुकाममा एघार नाल बन्दुकहरूका साथ केही सिपाहीहरू रहन्थे ।

एकदेव आलेले गाउँका निहत्था एक्स आर्मीम्यानहरूसँग गुप्त सल्लाह मिलाउन थाल्नुभयो । तर यो कुरा अत्यन्त लुकाएर राखिएको थियो ।

गाउँमा एक्स आर्मी म्यान (भूपू सैनिक)हरूले भन्न थाले- आगामी फलानो गते फलानो दिन सबै गाउँलेहरू एकाबिहानै गाउँबाट हिंड्ने, सदरमुकामको टुँडीखेलमा सिपाहीहरूले कवाज खेलेको हेर्ने । सिपाहीहरूले कवाज खेलेको हेर्न क्या रमाइलो हुन्छ । गाउँका मान्छेहरूलाई थाहा थिएन । यो कवाज हेर्न जाने हल्लाभित्र कस्तो गुप्त योजना छ । तर कवाज हेरेर एकदिन रमाइलो गर्न सबै सदरमुकाम जाने भए । सबैजना सबेरै खानपिन गरेर सदरमुकाम पुगे । उनीहरू यति सबेरै पुगे कि टुँडीखेल चौरमा फौजी कवाज शुरू भएको थिएन । सबैजना कवाजको रमाइलो हेर्ने भनी त्यो सानो टुँडीखेलको चारैतिर बसे । स्वास्नी मान्छेहरू, केटाकेटीहरू, एक्स आर्मीका मान्छेहरू ।

द्वितीय विश्वयुद्धका भेट्रान योद्धा एकदेव आलेको कडा निर्देशन थियो कि अलिकति पनि तलमाथि पऱ्यो भने एउटा पेस्तोलले जिल्ला कब्जा गर्ने सपना चकनाचुर मात्र हुँदैन आफूमध्ये कैयौंको लास त्यहाँ खस्न सक्छ ।

कवाजको माझ एउटा यस्तो बेला आउँछ जब सबै हतियार एक ठाउँमा राखी सिर्फ एक जनाले बन्दुकका साथ पहरा दिन्छ । अरू सबै सिपाही त्यतिबेला मात्रै निशस्त्र हुन्छन् । र, यो त्यहीबेला र क्षण हो जब यो योजनामा सामेल पन्ध्र-सोह्र जना एक्स आर्मी म्यानहरूले आफ्नो काम फत्ते पार्नु पर्ने थियो । सबैभन्दा पहिले कवाज हेरिरहेकामध्येका एकदेव आले बिजुली चम्केझैं फूर्तिका साथ लुकाएको पेस्तोल निकाल्दै एकमात्र सशस्त्र पहरा दिइरहेको सेन्ट्रीको समुख पुग्नुभयो र भन्नुभयो- "हतियार दिनुस् नत्र गोली हान्छु" । त्यसपछि बन्दुक खोसिहाल्नुभयो । त्यो सेन्ट्रीले के भयो भन्ने थाहा पाउँदा नपाउँदै त्यो बन्दूक एकदेव आलेको हातमा थियो । योजनामा सामेल अरूहरूले पनि झटपट भूईंमा राखेका सबै बन्दुक कब्जा गरे । अब त्यो टुँडिखेलमा दुई मिनेटभित्रैसम्पूर्ण सेना निःशस्त्र थियो र विद्रोहीहरूका साथमात्र बन्दुकहरू थियो । एकदेव आलेले यस प्रकार सिर्फ एउटा पेस्तोलले राणा शासनकालमा २००७ सालमा एउटा सदरमुकामको सेनालाई परास्त गर्नुभएको थियो । त्यसबखत सदरमुकाम कब्जा हुनुको अर्थ सम्पूर्ण जिल्ला कब्जा हुनु थियो ।

(आगामी अंकमा पाल्पा जेलब्रेकको रोचक भित्री कथाः कसरी बिनाहतियार एउटा जेल कब्जा भयो र छ सय भन्दा बढी कैदीहरू फरार भए)

# नलेखिएको इतिहास

**' सुरेन्द्रप्रसाद पाण्डे**

**सा**यद बितेका घटना र तथ्यहरूको संगालोलाई नै इतिहास भनिन्छ । पार्टीहरूको इतिहासको अध्ययनका लागि सबैभन्दा आधिकारिक उनीहरूका निर्णय पुस्तिका तथा बहस नोटलाई सन्दर्भ सामग्रीहरूको रूपमा लिने गरिन्छ । अहिले म हाम्रो पार्टी जीवनका बितेका कालखण्डमा भएका केही घटनाहरू, जो मेरो दिमागमा तरङ्गित छन्, तिनलाई आफ्ना स्मरणका रूपमा ओकल्न खोजिरहेको छु । यी कुराहरू हाम्रा निर्णय पुस्तिका, बहस नोट र सामग्रीहरूमा सायदै उपस्थित छन् । तसर्थ, यसलाई मैले नलेखिएको इतिहासको नामाकरण गरेको छु ।

२०४१ फागुनतिरको कुरा हो । त्यसबेला म तत्कालीन नेकपा(माले)को उपत्यका संगठन कमिटीको सदस्यको रूपमा काम गर्दै थिएँ । मेरो कामको जिम्मेवारी विद्यार्थी फाँट थियो । त्यतिबेला कमरेड इश्वर पोखरेल केन्द्रीय कमिटीको सदस्यको हैसियतले मध्यउत्तर (हालको बागमती)को सचिवको रूपमा कार्यरत हुनुहुन्थ्यो । उहाँले त्यसभन्दा पहिलेदेखि नै पार्टीको प्रकाशनसँग सम्बन्धित जिम्मेवारी पनि लिंदै आउनुभएको थियो । हाम्रो पार्टीको त्यसबखतका मुख्य प्रकाशनहरू 'वर्ग संघर्ष' र 'मुक्ति मोर्चा' थिए । पार्टीका मुखपत्र र अन्य प्रकाशनहरू त्यसपूर्व भारतमा छपाई हुने गर्दथ्यो । तराईको सिमानाका विभिन्न नाका हुँदै ती सामग्रीहरू देशभित्र भित्र्याइने गरिन्थ्यो । सामग्रीहरूको ओसारपसार अत्यन्त जोखिमपूर्ण भएकाले विशेष सावधानीको जरूरत पर्दथ्यो । तर त्यसका बावजुद हरेक पटक केही न केही समस्या तथा नोक्सानीहरू झेल्दै आउनुपरेको र कमरेडहरू गिरफ्तार पर्ने क्रम दोहोरिरहेकोले काठमाडौंभित्रै 'वर्ग संघर्ष' छाप्ने सोच बन्यो । क.नेत्रलाल पौडेल 'अभागी'को स्मृति अंकको रूपमा प्रकाशित भएको वर्गसंघर्षको तेह्रौं अंकको प्रकाशन २०४१ को चैतमा भएको थियो, जुन काठमाडौंमा नै छापियो । त्यसभन्दा केही अगाडि 'पिस्कर दमन र प्रतिरोधको कथा' नामक पुस्तक क.इश्वर पोखरेलको पहलमा प्रकाशित भएको थियो ।

त्यो पुस्तक काठमाडौंको ब्रम्हटोलस्थित सृजना प्रिन्टर्समा छापिएको थियो । त्यस सिलसिलामा सृजना प्रिन्टर्सका मालिकसँग मेरो सामान्य चिनापरिचय भएको थियो । वर्गसंघर्षको छपाइको सिलसिलामा करिब १५ दिन क. ईश्वर पोखरेल काठमाडौंमा रहनुभयो । उहाँ बीचमै त्यसको प्रुफ हेर्ने लगायतको जिम्मा दिएर फर्कन खोज्दै हुनुहुन्थ्यो । तर मलाई प्रुफ हेर्ने ज्ञान नभएकोले भित्री पृष्ठ नछापिउन्जेल उहाँले नै सम्पूर्ण काम गर्नुभयो । बाहिरी पृष्ठ छाप्ने काम बाँकी रहेको अवस्थामै त्यसको नमूना दिएर इश्वर हिंड्नुभयो । त्यसपछि बेलाबेलामा म प्रेस पुग्न थालें । त्यसको छपाईमा सामान्यतः सावधानी अपनाइएको थियो । पत्रिका छाप्दै एक तल्लामाथि कोठामा चाङ लगाएर राखिएको थियो । तर एकदिन जब म प्रेसमा पुगे, घरभित्र पस्ने बाटो(प्यासेज) मा चाङ लाएर छापिएको वर्गसंघर्षको मुखपृष्ठ राखिएको पाएँ । त्यस प्रेसमा तत्कालीन पञ्चायती व्यवस्थाका विभिन्न प्रकाशनहरू पनि छाप्ने गरिंदोरहेछ । त्यस निम्ति पञ्चायती वर्गीय संगठनका व्यक्तिहरू आउने- जाने भइरहन्थ्यो । तसर्थ, तुरून्तै माथि गएर प्रेसका मालिकसँग 'यो के गरेको ? सरकारले सूचना पायो भने तिमी हामी सबै मामाघर जान्छौं' भनेपछि हतारहतार त्यसलाई उठाएर चोटामा पुऱ्याउने काम भयो । यसरी झण्डै गम्भीर दुर्घटनाबाट हामी जोगियौं ।

२०४२ सालको साउनतिरको अर्को घटना पनि त्यत्तिकै अविस्मरणीय रहेको छ । त्यसबेला हाम्रो पार्टीको महासचिव कमरेड झलनाथ खनाल हुनुहुन्थ्यो । त्यसभन्दा धेरै अगाडि अर्थात् कमरेड चन्द्रप्रकाश मैनाली महासचिव हुँदाकै अवस्थादेखि तत्कालीन नेकपा(माले)को केन्द्रीय हेडक्वार्टर  काठमाडौंमा रहँदै आएको थियो । खासमा भन्ने हो भने पार्टीको महासचिव जहाँ बस्नुहुन्थ्यो, त्यही आश्रयस्थललाई केन्द्रीय हेडक्वार्टरको रूपमा प्रयोग गरिन्थ्यो । त्यसबखत झलनाथ खनालको आश्रयस्थल जैशीदेवल नजिकैको एउटा गल्लीभित्र थियो । सायद त्यस स्थानलाई पनि ब्रम्हटोल नै भनिन्छ क्यारे ! काठमाडौंका रैथाने ज्यापू समुदायका साधारण किसान परिवारको त्यो घरमा उहाँले आफू विश्वविद्यालयको प्राध्यापक भएको बताउँदै आउनुभएको थियो । तर अध्ययन बिदामा रहेकोले बेलाबेलामा बाहिर जानुपरे पनि धेरैजसो कोठामै बसी अध्ययन कार्यमा जुट्नुपर्ने भनी उहाँले बताउँदै आउनुभएको थियो ।

पार्टी कामको सिलसिलामा उहाँ मकवानपुरबाट फर्किने क्रममा नेशनल ट्रेडिङ लिमिटेडको अफिस टेकुनेर बसबाट उत्रिएर सेल्टरतर्फ जाँदा बाटाबाटै सी.आई.डी.हरूले पिछा गर्न थालेछन् । उहाँ आफ्नो सुरले सेल्टरमा पुगी घरभित्र पसेपछि सी.आई.डी.हरूले प्रहरीलाई खबर गरे र केही समयमै घर घेरेर कोठा ढक्ढक्याउने काम गरे । उहाँ बस्ने डेराको मुख्य ढोका एकातर्फ थियो र त्यस  कोठामा अर्कोतर्फ एउटा सानो ढोका पनि थियो, जसमा संधै ताला झुण्डिएको हुन्थ्यो । प्रहरीहरूको नजर ताला झुण्डिएको ढोकामा पऱ्यो । उनीहरूले सँगैको अर्को कोठा ढक्ढक्याए । त्यहाँ उहाँकी भतिजी ( हाल क.भीम आचार्यकी श्रीमती नीरा खनाल) सहयोगीका रूपमा बस्नुहुन्थ्यो । प्रहरीले उहाँकी भतिजीसँग 'झलनाथजी हुनुहुन्छ ?' भन्ने प्रश्न गरे । उहाँले त्यहाँ पुग्ने कुनै पनि कमरेडले खास नामले उहाँलाई पुकार्ने चलन नभएकोले यी मानिसहरू पार्टीका होइनन् भन्ने सहजरूपमा बुझी त्यस्तो नामको मानिस त यहाँ कोही पनि छैन भन्ने जवाफ दिनुभएछ । 'पल्लो कोठामा को बस्छ त ?' भन्ने उनीहरूको सोधाईमा 'मेरा काका बस्नुहुन्छ, उहाँको नाम प्रकाश शर्मा हो । तर उहाँ अहिले केहीबेरको लागि बाहिर जानुभएको छ'  भनेपछि 'ए प्रकाशजी, हामीलाई थाहा छ' भन्दै उनीहरू निस्किएछन् । त्यसपछि हतारहतार भतिजीले अर्को कोठामा झलनाथ कमरेडलाई खबर गरेपछि तलमाथि यताउता हेरेर उहाँ गल्ली-गल्लीको बाटो हुँदै प्रमेश हमालको घर पुग्नुभएछ । क.प्रमेश हमाल त्यसबेला काठमाडौं जिल्ला कमिटीको सदस्य हुनुहुन्थ्यो ।

उहाँले मलाई खोज्न तोकिएका विभिन्न सेल्टर चाहार्नुभएछ । उहाँको खबर पाएर म प्रमेशजीको घर रक्तकाली पुगें । क.झलनाथ खनालले त्यो घटनाको सविस्तार चर्चा गर्नुभयो । त्यसपछि उहाँले 'तत्काल त्यहाँ रहेका माइन्युट लगायतका पार्टीका महत्वपूर्ण सामग्रीहरू कुनै पनि हालतमा अन्यत्र सार्न जरूरी छ, अन्यथा पार्टीलाई ठूलो नोक्सानी हुनेछ' भन्नुभयो । वास्तवमा त्यो आश्रयस्थलमा त्यसभन्दा पहिले म कहिल्यै पुगेको थिइनँ । सीमित कमरेडहरूलाई मात्र त्यसको जानकारी थियो । उहाँले बताउनुभएको आधारमा मैले सजिलै त्यो घर पहिचान गरें । उहाँको भतिजीलाई त्यसपूर्व पनि क.विष्णु चित्रकारको घर (क.झलनाथ खनालको ससुराली) मा भेट भएको हुँदा मलाई चिनापरिचयको कुनै समस्या भने थिएन । तत्काल मैले मजदुर

साथीहरूको एउटा समूह बनाएँ । उहाँहरूसँग केही संकेतका आधारमा काम गर्ने भनी त्यसबारेमा स्पष्ट पारें । प्रहरीहरूको ध्यान मूलरूपमा व्यक्तिको खोजीमा केन्द्रित रहेछ । तसर्थ उनीहरूले कोठा खानतलासी गर्ने र सामान कब्जा गर्नेतर्फ तत्काल ध्यान पुऱ्याएनन् । सायद उनीहरूमा उहाँ साँच्चिकै डेरा बाहिर जानुभएको होला र क.झलनाथलाई त्यसको कुनै पत्तो छैन भन्ने लागेको हुनुपर्छ । झलनाथ कमरेडले दिनुभएको सूचनाको आधारमा जरूरी एवं महत्वपूर्ण सामग्रीहरू पहिले ल्याउने काम त्यो स्क्वाडले गऱ्यो । मुख्यमुख्य सामग्रीहरू ल्याइसकिएपछि बाँकी सामग्री ल्याउन सोही घरका घरबेटीको सहयोग लिइयो । घरबेटी बुढाले खर्पनमा कागज भरेर त्यसको मुखमा मल राखेर छिपाई जैसीदेवलबाट डल्लुको बज्र होटलनेरको उहाँको गोठसम्म पुऱ्याइदिनुभयो । मैले त्यहाँबाट सामान ओसार्दै सुरक्षित आश्रयस्थलमा पुऱ्याएँ । वास्तवमा ती घरबेटी बुबा डल्लुमा घर भएका कमरेड सुवर्ण डंगोलका आफ्नै सहोदर दाजु हुनुहुँदोरहेछ । त्यत्तिबेला सुवर्णजी विष्णुबहादुर मानन्धरजीको पार्टीका कार्यकर्ता हुनुहुन्थ्यो र अहिले भने हाम्रै पार्टीका स्थानीय कार्यकर्ता हुनुहुन्छ । आफ्नो भाइ बेलाबेलामा प्रहरीको गिरफ्तारीमा पर्ने गरेका कारण पनि तत्कालीन पञ्चायती सरकारको विरूद्धमा लाग्नेलाई सहयोग गर्नुपर्छ भन्ने सामान्य चेतना घरबेटी बामा विकसित भइसकेको रहेछ । हाम्रा सबै सामानहरू आइसकेपछि उहाँको भतिजीलाई पनि सो सेल्टर छोड्न लगायौं । करिब दुई महिनापछि गएर बाँकी भाडा तिरी कोठा छोडेको सूचना मैले दिएँ ।

क.झलनाथ खनालसँगकै अर्को एक घटना झनै स्मरणीय रहेको छ । २०४५ सालको अन्ततिरको घटना होला त्यो । झलनाथ कमरेड झापाबाट काठमाडौं बसबाट एक्लै आउनुभएछ । उहाँ तीन दिनदेखि अनिंदो रहनुभएको समेत स्थिति रहेछ । त्यस बसमा संयोगले प्रहरीहरूको एउटा हुलले पनि यात्रा गरेको रहेछ । तिनीहरू पूर्वबाट आएर नारायणघाटमा उत्रिएछन् । बसमा उनीहरूले विभिन्न राजनीतिक घटना र व्यक्तिहरूको बारेमा आफ्नै हिसाबले चर्चा गरेछन् । नारायणघाटबाट उनीहरू उत्रिएपछि अरू कतिपय यात्रुहरू बसमा थपिए । क.खनाललाई एकथरि झर्ने र अरू बसमा चढ्ने कुराप्रति गम्भीर शंका खडा भएछ । उहाँले मनमनै आफूलाई कतै पिछा त भइरहेको छैन ? भन्ने सोच्न थाल्नुभएछ । माथि उल्लेखित घटनाका कारणले पनि उहाँको मनमा गम्भीर शंका उब्जियो । आफू प्रहरीको घेरामा परिसकेको ठानी उहाँले काठमाडौंमा उत्रिएपछि सेल्टरमा जानुको सट्टा कुनै होटेलमा रात बिताउने निश्चय गर्नुभएछ ।

त्यसपछि उहाँ पुतलीसडक छेउ बाँसघारीको एउटा लजको कोठामा बस्नुभएछ । त्यसको भोलिपल्ट उहाँले भीम रावल र सुवास नेम्वाङको अफिस तथा ल फर्ममा पुगी आफ्नो स्थिति बताउनुभएपछि त्यो खबर घुम्दै पार्टी सम्पर्कमा आइपुग्यो । ठमेलको चौकमा हाम्रा साथीहरूबाट संचालित ‘टु फेसेस’ नामको एउटा रेष्टुरेन्ट थियो । म नुहाउने र कपडा धुने भनेर त्यहाँ पुगेको थिएँ । नुहाइसकेर लुगा सुक्ने क्रम रहेकोले केहीबेर म त्यहीं बस्दै थिएँ । किनकि मसँग त्यही लगाएको मात्र एकजोर कपडामात्रै थियो । त्यसैबीच हस्याङफस्याङ गर्दै क.प्रदिप नेपाल त्यहाँ पुग्नुभयो । उहाँले झलनाथ कमरेड अलपत्र परेर बाँसघारीको गेष्टहाउसमा रहनुभएको खबर दिनुभएपछि त्यही होटलकै एकजना साथीको लुगा लगाएर हतारहतार म त्यहाँ पुगें । मभन्दा अगाडि नै कमरेड माधव नेपाल त्यहाँ पुगिसक्नुभएको रहेछ । उहाँ गेष्टहाउसको ढोका अगाडि नै उभिइरहनुभएको रहेछ । म सरासर भित्र पसें । काउन्टरको सामु क. वामदेव गौतम हुनहुँदोरहेछ । म त्यसपछि सिधै झलनाथ खनाल कमरेड बस्ने कोठामा पुगें । उहाँ लुगा लगाउँदै हुनुहुँदोरहेछ । उहाँलाई छिटो तल झर्न भनी ब्याग बोकेर म तल ओर्लिएँ । खुद्रा पैसा नभएकोले काउन्टरमा एकछिन पैसा तिर्न समय लाग्यो । मैले उहाँहरूलाई हिंड्दै गर्न संकेत गरें र पैसा तिरेर म पनि हतारहतार बाहिर आएँ र ट्याक्सी लिएँ । हतारको कारणले वामदेव र झलनाथ एउटा ट्याक्सीमा पर्नुभयो । माधव कमरेड र म अर्कोमा त्यहाँबाट हिड्यौं । मैले अघिल्लो ट्याक्सीलाई पिछा गर्न भनें ।

वामदेव कमरेडलाई काठमाडौंका सेल्टरको ज्ञान नभएकोले उहाँले सुरक्षित स्थानसम्म पुऱ्याउन सक्ने अवस्था थिएन । पुल्चोकको हिमालय होटलको अगाडि पुगेपछि हामी बसेको ट्याक्सीले उछिन्यो र म त्यहीं उत्रिएँ । उहाँहरूले पनि ट्याक्सी रोक्नुभयो । वामदेवलाई उत्रन भनेर म त्यो अर्को ट्याक्सीमा चढें । पुल्चोकबाट होटल समिटको बाटोतर्फ ट्याक्सी मोडेर केही पर लगी मैले ट्याक्सी छोडिदिएँ । त्यहीं नजिकै कान्लो एरियामा क.विष्णु रिमाल र कुलबहादुर आचार्यको डेरा थियो । त्यसमा क.प्रदिप नेपाल र कहिलेकाहीं क.माधव नेपालले पनि सेल्टर लिने गर्नुहुन्थ्यो । तर त्यही घरको सामुन्ने पुगेपछि मानिसहरू आतेजाते गरेकोले त्यहाँ नपसी सिधै ओर्लेर कुपन्डोलबाट अर्को ट्याक्सी चढेर हामी ठमेल पुग्यौं ।

‘टु फेसेस’ रेष्टुरेन्टमा काम गर्ने पूर्ण श्रेष्ठ भन्ने साथीको डेरामा उहाँलाई राखी मैले माधव, वामदेव र प्रदिप कमरेडलाई त्यसको खबर दिएँ । उहाँहरू बेलुकीपख गएर भेट गर्नुभयो । क.झलनाथलाई त्यसको भोलिपल्ट फेरि त्यहाँबाट टोखा पुऱ्याइयो । केही दिन त्यहाँ राखेर फेरि सिनामंगलको गैरीगाउँमा क.यादव लामिछानेको घरमा राख्ने काम भयो । त्यसपछि अर्को डेरा लिएर पाटनमा सेल्टर सारियो । यथार्थमा, पछिल्लो पटक झलनाथ कमरेडलाई कुनै पिछा गरिएको भने रहेनछ । लामो अनिन्द्रा, थकाई र एक्लो यात्राका कारण क. झलनाथले घटनाको यथार्थ विश्लेषण गर्न सक्नुभएनछ । यो घटनाको कारणले संभवत: पार्टीमा महासचिव परिवर्तन गर्ने कुरा उठ्यो । त्यसको परिणामस्वरूप चौथो महाधिवेशनमा क.झलनाथ खनालको सट्टामा क.मदन भण्डारीलाई महासचिव बनाउने समझदारी पोलिटब्युरोले गरेछ ।

काठमाडौंमा काम गर्दाकै अवस्थाका केही घटनाहरू म अहिले पनि सम्झन्छु । तत्कालीन नेकपा(माले)को चौथो महाधिवेशन २०४२ सालतिर नै गर्ने भन्ने समझदारी बनेको थियो । तर विभिन्न कारणले सर्दै आइरहेको थियो । एकपटक महाधिवेशनको स्थल खोज्न भनेर म र प्रदिप नेपाल ललितपुरको ठूलादुर्लुङ भन्ने गाउँ पुगेका थियौं । हामीहरू भट्टेडाँडा हुँदै इकुडोलमा बास बसेर भोलिपल्ट ठूलादुर्लुङ पुग्यौं । इकुडोलदेखि हामीलाई बाटो देखाउने र महाधिवेशनका निम्ति संभावित आश्रयस्थलसम्म पुऱ्याउने कामको जिम्मा क.नमूनालाई दिइयो । क.नमूनाको अनुभवहीनता र अल्पचेतनका कारण हामीलाई सबैभन्दा अप्ठ्यारो बाटोबाट त्यसतर्फ लगियो । बाटो छोडेर हामीहरू जंगलैजंगल टुप्पोमा पुगेर त्यसतर्फ लाग्यौं । बाटो छोडेर हामीहरू जंगलै जंगल टुप्पोमा पुगेर त्यसपछि भीर र जङ्गलै जङ्गल धेरै तल खोल्सीमा झऱ्यौं । त्यहाँबाट ठाडै उकालो उक्लेर हामी ठूलादुर्लुङ पुग्नुपर्ने थियो । केही उकालो चढ्ने वित्तिकै काई लागेको ढुंगामा चिप्लेर क.प्रदिप छ्वाङ्ङै तल खस्नुभयो । उहाँ

उभिएर हिंड्नै नसक्ने अवस्थामा पुग्नुभयो । धन्न गहिरो खोल्सो र दहमा उहाँ पर्नुभएन । त्यसपछि बल्लतल्ल घिस्रेर उहाँ हिंड्न थाल्नुभयो ।

हात समाउँदै हामीहरू ठूलादुर्लुङ गाउँ विकास समितिको सिरानमा रहेको भन्टाको आकारमा सलक्क सुतेको त्यो सानो बस्तीमा हामी पुग्यौं । तामाङहरूका केही घरहरू मात्र रहेको त्यो गाउँमा नै महाधिवेशन गर्न उपयुक्त हुने सुझाव स्थानीय कमरेडहरूले गर्नुभयो । म १-२ दिन त्यहीं बसेर सबै पक्षको अध्ययन गरी फर्कने सल्लाह दिएर क.प्रदिप नेपाल भोलिपल्टै गोटीखेल हुँदै काठमाडौं फर्कनुभयो । सो स्थानको अवलोकन गर्न केही समयपछि कमरेड जीवराज आश्रित र माधव नेपाललाई लिएर फेरि म त्यहाँ पुगें । पछि सामग्रीहरूको ओसारपसार र आवत जावतको कठिनाई हुने ठहऱ्याई त्यस ठाउँमा महाधिवेशन गरिएन ।

महाधिवेशनको लागि त्यहाँमात्रै होइन देशका विभिन्न भागमा उपयुक्त स्थानको खोजी चलिरहेको थियो । त्यसै सिलसिलामा २०४४ सालतिर सगरमाथा अञ्चलको तराईमा महाधिवेशन गर्ने निर्णय भयो । महाधिवेशनका लागि सदस्यहरूको विवरण लिने कार्य आरम्भ भयो । त्यसै बीचमा रक्तकालीबाट विष्णुमति पुल कटेर डल्लुतर्फ चाइनिज फोनिक्स साइकलमा जाँदै गर्दा क.प्रदिप नेपालले आफ्नो साइकलको क्यारियरमा च्याप्नुभएको सानो ह्याण्ड ब्याग हराउनुभयो । त्यस ब्यागमा महाधिवेशनसँग सम्बन्धित सम्पर्क स्रोत र थुप्रै सूचना पनि रहेकोले शत्रुको हातमा पर्न गएमा त्यसबाट गम्भीर नोक्सानी हुने ठानी महाधिवेशन सार्ने टुंगो भयो । यसै अवधिमा दशरथ रंगशालामा फुटबल हेर्न गएका दर्शकहरू अचानक आँधी आई भागदौड गर्दा थिचिएर ७१ जनाले ज्यान गुमाए ।

रंगशाला काण्डको विरूद्ध उपत्यकामा जनसमुदायले ठूलो आक्रोश पोखे । त्यो आक्रोशलाई पञ्चायती व्यवस्थाको विरूद्धमा प्रयोग गर्ने प्रयत्न गरियो । तत्काल विरोधस्वरूप सडकमा निस्केका जनतालाई संगठित गरी आन्दोलन चर्काउने काम भयो । त्यसैबेलामा महाधिवेशन गर्ने सहमति पहिले नै भएअनुरूप तयारी चलिरहेको थियो । आन्दोलनका कारण फेरि महाधिवेशन स्थगित गरियो । यसभन्दा केही अगावै पनि उदयपुरमा गरिन लागेको महाधिवेशन सोही गाउँमा एउटा कर्तव्य ज्यानकाण्ड भभएकाले प्रहरी गतिविधि बढेका कारण स्थगित गर्नुपरेको थियो । यसरी विभिन्न घटनाहरूको श्रृंखला एकपछि अर्को पार गर्दै २०४६ को भदौमा आएर मात्र चौथो महाधिवेशन सम्पन्न गरियो ।

# कम्युनिष्ट व्यवस्था आए हुन्थ्यो भन्ने लाग्थ्यो

## ' महेन्द्रबहादुर पाण्डे

**म** आफ्नै खेती कमाइको आम्दानीबाट एकपेट सजिलै खान र एकसरो कपडा सहजै लगाउन पुग्ने किसान परिवारमा जन्मिएको हुँ । मेरो बुबा नेपाली ऐन-कानुन, रीतिरिवाज र हिन्दूधर्मका जानकार एवं ज्योतिषी विद्याका ज्ञान भएको दृढ मनोबलको सचेत नागरिक हुनुहुन्थ्यो । उहाँ राणाकालीन समयमा अध्ययनकै सिलसिलामा काठमाडौंमा रहेको र दरवारिया चालचलन र राणाविरोधी आन्दोलनमा सामान्यरूपले आन्दोलनकारीलाई सघाउने काममा लागेकोले मेरो हजुरआमाले बुबाको पढाई छुटाई घर लग्ने अठोट गर्नुभएछ, छोरालाई राणाहरूले यातना दिने र मार्ने सम्भावना देखेर । काठमाडौंबाट जबर्जस्त पढाई छुटाएर नुवाकोट लग्न खोज्दा मेरो बुबाले त्यस दिनदेखि कलम नसमात्ने प्रतिज्ञा गरेकोले त्यसपछिको जीवनमा उहाँले कलमले लेख्ने र सहीछाप गर्ने कुनै काम गर्नुभएन । तर हामी छोराछोरीहरूलाई धुलोट र पाटीमा खरीले लेखेर घरैमा शिक्षा दिनुभयो । गीता, चण्डी, विष्णु, सहश्रनाम जस्ता पुस्तक पढाएर हरेक बिहान नुहाई पाठ गर्न उहाँले अनिवार्य गर्नुभएको थियो भने ऐन, श्रेस्ता, हिसाब, ज्योतिष, नेपालको इतिहाससम्बन्धी पुस्तकहरू, रामायण, महाभारत बेलुकीको समयमा अगाडि बसेर पढाउनुहुन्थ्यो । अंग्रेजी शिक्षालाई म्लेक्ष विद्या भनिन्थ्यो । त्यसैले त्यो शिक्षा पढाउन भने बुबाको रूची थिएन ।

२०१३ सालमा नुवाकोटमा भैरवी मिडिल स्कूलको स्थापना भयो । त्यसमा अंग्रेजी विद्याको पठनपाठन हुन थाल्यो । त्यस स्कूलमा स्काउट खेलाउने, जुल्फी काटेर, कपाल कोरेर चिटिक्क परेर हिंड्ने विद्यार्थी देखेर मलाई त्यहाँ भर्ना भएर अध्ययन गर्ने इच्छा जाग्यो तर बुबाले मान्नुभएन । त्यसको ३-४ वर्षसम्म पनि मेरो उत्कट इच्छा भावनामै सीमित रह्यो ।

हाम्रो गाउँको पानी खाने बोहोरापानी धारामा बिहान सबेरै नुहाउन म पनि बुबासँगै जानु पर्दथ्यो । त्यहाँ गाउँका पण्डितहरू उठेपछि नबोली नुहाउन आउँथे । नुहाई जप गरिसकेपछि धार्मिक-राजनीतिक गफ पनि हुने गर्दथे । एकदिन खिलराज पाण्डे नामका पण्डितले-'अब त कम्युनिष्टहरू हाम्रै रसुवागढीसम्म आइपुगे भन्छन् । दलाई लामा लखेटिएका कारण भागेर भारत पुगे रे । कम्युनिष्टहरूको सिद्धान्तअनुसार “दाल-भात-तरकारी, जीउ-धन सरकारी” हुन्छ रे । पढाउने, पाल्ने, काममा लगाउने पनि उनैले गर्छन् रे । शिक्षा पनि अंग्रेजी म्लेक्ष विद्याको हुन्छ रे ।' भनेको सुनें । त्यो भनाइ ती पण्डितको मनको जहर थियो भने मलाई त्यसले आकर्षित गरेको थियो । त्यसबखत म गोठालो जाने, गोरू जोत्ने, कोदालो खन्नेजस्ता कामका लागिसकेको थिएँ । त्यसैले 'काम पनि आठघण्टा गरे पुग्ने रे' भनेको पनि सुन्दा कामका हिसाबले पनि कम्युनिष्ट नै ठीक रहेछ भन्ने मेरो मनमा पऱ्यो भने अंग्रेजी पढ्ने, जुल्फी काट्ने, स्काउट खेल्ने इच्छा त झनै सशक्त भएर उठ्यो । कम्युनिष्ट व्यवस्था छिट्टै आइदिए कति मजा हुन्थ्यो होला भन्ने भावनामा म जलन भइरहें ।

००७ सालपछिका नेपाली कांग्रेसका नेताहरू जाँडरक्सी खाने, अनैतिक काम गर्ने जस्ता विकृतिका लिप्त भएको देखिए । त्यसप्रतिको घृणा पनि मनभित्र प्रशस्तै जागेको थियो । १०-११ वर्षको उमेर भए पनि ०१५ सालको निर्वाचनका सबै नाटक प्रत्यक्ष देखाएर कांग्रेस, गोरखा परिषद्, के. आई. सिंह लगायतका पार्टीहरूको सिद्धान्त र क्रियाकलापको बारेमा बताएर बुबाले प्रष्ट पार्नुभएको थियो । उहाँले त्यस आमचुनावमा भोट हाल्ने पार्टी नै भएन भनी मतदान गर्नुभएन ।

०१७ सालको काण्डपछि त तिनै विभिन्न पार्टीमा लागेकाहरू सबै राजाका कदमको स्वागत गरी पञ्च बने र त्यो जत्थाले हाम्रो परिवारप्रति नै नकारात्मक धारणामात्र राखेन, अनेकन जालझेल गरी दुःख दिने काम गऱ्यो । यी सब कुराले कम्युनिष्ट व्यवस्था आए त यस्तो हुन्नथ्यो होला भन्ने भावना अझ गहिरो रूपमा बढ्दै गयो र मलाई पञ्चायतको विरोधी पनि त्यसैले बनायो ।

०१८ सालमा गाउँमा बेलुकी पढाई हुने एउटा प्रौढ स्कूल खुल्यो । त्यसै स्कूलमा १३ वर्षको उमेरमा मैले एबीसीडी चिनेर अंग्रेजी पनि पढ्न थालें । त्यसपछि बुबाको नामञ्जुरी हुँदाहुँदै पनि आमाको सहमति र सहयोगमा नुवाकोटकै भैरवी मिडिल स्कूलमा मैले चार कक्षामा भर्ना भई औपचारिक शिक्षा सुरू गरें ।

त्यसपछि प्रत्येक कक्षामा प्रथम भएका कारण मैले निःशुल्क अध्ययन गर्दै त्रिशुली हाइस्कूलबाट एसएलसी पास गरें । त्रिशुली हाइस्कूलमा पढ्दा गुरूहरूको प्रेरणाले वक्तृत्वकला, नाटक लेखन र नाटकमा अभिनय गर्ने काममा सक्रिय भएँ । ०२२ सालमा काठमाडौंमा विद्यार्थीहरूको देशव्यापी भेला भयो । त्यसमा त्रिशुली हाइस्कूलको तर्फबाट मेरा दाइ इन्द्रराज पाण्डे र पूर्वेलाल श्रेष्ठले भाग लिए । उनीहरू फर्केपछि त्रिशुली हाइस्कूलमा विद्यार्थी युनियन निर्माण गरी म त्यसको उपसभापति र पछि निर्वाचनबाट सभापति भएँ । त्यहाँबाटै मेरो संगठित रूपले राजनीतिक जीवन सुरू भयो । नुवाकोटको त्रिशुलीमा विष्णुप्रसाद श्रेष्ठ, शिक्षकका रूपमा पुगेका हिरण्यलाल श्रेष्ठहरूको प्रभाव पनि ममा पऱ्यो र कम्युनिष्ट हुनुपर्दछ भन्ने कुरामा अझ पछि म दृढ बनेर लागें । कम्युनिष्ट हुनका लागि आवश्यक अन्याय, अत्याचारको तीव्र विरोधी भावना, संगठनको महत्व, सिद्धान्तको अध्ययन र स्पष्टताका साथै समस्त मानव जगत्लाई शोषण, दमन, अन्याय, अत्याचारबाट मुक्त गर्ने कार्यशैली आदिको बारेमा भने २०२४ मा आएर मात्र म प्रष्ट भएको हुँ । त्यसै समयदेखि संगठन गर्ने, अध्ययन गर्ने र परिचालित हुने काममा लागेको हुँ । त्यसपछि नै जीवनमा वैज्ञानिक पद्दतिअनुसार व्यवहार गर्नुपर्छ र सामन्तवाद, साम्राज्यवादलाई समूल नष्ट नगरेसम्म वैज्ञानिक समाजवादले शासन गर्न र टिक्न सक्तैन । त्यसैले यसका खातिर शीर नझुकाई लागिरहनुपर्दछ भन्ने अठोटका साथ र कम्युनिष्टको पंक्तिमा सचेतनतापूर्वक लागें र लागिरहने प्रण गरे ।

२०२४/२५ सालमा कम्युनिष्टहरूको बारेमा अनेकन चर्चा हुन्थ्यो । उनीहरू गुट-गुटमा विभाजन भएका थिए । एकले अर्काको खुबै आलोचना गर्थे । यसै सिलसिलामा कृष्णदास श्रेष्ठ, सिद्धिलाल सिंह, कृष्णबहादुर श्रेष्ठ, माणिकलाल श्रेष्ठसँग मैले पटक-पटक भेट गरें र उनीहरूका कुरा सुनें । मनमोहन अधिकारी जेलबाट छुटेपछि डेरामै भेटेर उहाँको कुरा पनि सुनें । मोहनविक्रमसँग पछि जेलमुक्त भएपछि भेटें । उहाँहरूको कुरा साह्रै मन पराएर उहाँहरूको पार्टीमा लागिहाल्न मन लागेन । पुष्पलाललाई कांग्रेसपरस्त र मनमोहनलाई राजापरस्त भनिएकोले पनि उहाँहरूको नेतृत्वमा समेटिने विचार आएन । त्यसैले २०२६ सालमा नुवाकोटमा "युवा कम्युनिष्ट पार्टी" खोलेर म त्यसैमा संगठित भएँ । त्यसका एकजना सदस्य महापञ्चका भाइ थिए । सबै कुरा तत्कालीन सरकारसँग पुगेपछि त्यो कमिटी भंग गरेको घोषणा गरेर बसें । ०२८ सालको झापा आन्दोलनको स्पिरिटको पक्षमा उभिए पनि पढाइ नै छाडेर जानुपर्छ भन्ने कुरासँग असहमत भई स्वतन्त्रै रहें । पछि ०३३ सालतिर को.के.को सम्पर्कमा आएँ र ०३७ सालमा त्यसैको क्रान्तिकारी बुद्धिजीवी संगठनमा संगठित भएर क्रियाशील भएँ ।

यसबीचमा पञ्चायत, सामन्त र पञ्चायतीकरणका अनेकन काण्डमा प्राध्यापन पेसामा रहँदासमेत दिएका दुःखका कारणले पनि आजीवन कम्युनिष्ट हुने दृढ मनोबलका साथ हालसम्म क्रियाशील भइरहेको छु ।

# पुष्पलालको प्रेरणाले कम्युनिष्ट भएँ

'पुष्पलाल असाध्यै अध्ययनशील, मेहनती, इमान्दार र प्रतिबद्ध हुनुहुन्थ्यो । उहाँको त्यो व्यवहार र लगनशीलताले मलाई कम्युनिष्ट बनायो" भन्नुहुन्छ क. रामबाबु कार्की । उहाँ भन्नुहुन्छ-"म २००२ सालबाट राष्ट्रिय कांग्रेसमा लागेको थिएँ, तर समयक्रमले मेरो सम्बन्ध धेरै पुष्पलालसँग हुँदै गयो । म क. पुष्पलालको मार्गनिर्देशन र विचारबाट प्रभावित भएँ र कम्युनिष्ट पार्टीसँगको आबद्धता आरम्भ भयो ।

२००८ सालमा कम्युनिष्ट पार्टीको स्थापना गर्दाको प्रसँगलाई सम्झना गर्दै उहाँ भन्नुहुन्छ-"कम्युनिष्ट पार्टी स्थापनाको तयारीमा हामी (हिक्मतसिंह भण्डारी, केशरजंग रायमाझी, पुष्पलाल, काइँलाबा) सहित कलकतामा भेला भयौं । २००८ सालको कुरा हो, म त्यतिबेला कलकत्ता युनिटको सदस्य र नेपाल प्रगतिशील अध्ययन मण्डलको अध्यक्ष थिएँ । त्यतिखेर मेरो डेरा पार्टीको सेल्टरको रूपमा प्रयोग हुन्थ्यो, कमरेड पुष्पलाल अधिकांश समय त्यहीँ रहने गर्नुहुन्थ्यो र हामी उहाँको निर्देशनमा पार्टीका गतिविधिहरू संचालन गर्थ्यौं ।"

वि.सं. १९८५ मा वीरगञ्जको श्रीपुरमा जन्मेका क. रामबाबु कार्कीको उमेर अहिले ७५ बर्षमात्र भयो, तर उहाँ धेरै रोगका कारण शारीरिक रूपमा कमजोर र असक्त हुनुहुन्छ । उहाँको दाहिने आँखा छैन, देब्रे आँखाले पनि राम्रो काम गर्दैन, उहाँलाई उच्च रक्तचाप छ, अगाडि एकपटक हर्ट एट्याक्ट पनि भइसक्यो, उहाँको पेटको अप्रेशन गरिएको छ । अहिले पनि पिसाबबाट रगत आइरहेको छ, उपचार गराउन सक्नुभएको छैन ।

शारीरिक रूपमा त्यति असक्त भएर पनि आस्था, भावना र विश्वासमा उहाँ ज्यादै सशक्त हुनुहुन्छ । उहाँ अहिले पनि नेकपा (एमाले)को संगठित सदस्य हुनुहुन्छ । उहाँ २०४६ सालको जनआन्दोलनमा पर्सा जिल्लाको वाममोर्चाको अध्यक्ष हुनुहुन्थ्यो । उहाँलाई २०५२ सालमा नेकपा (एमाले) पर्सा जिल्ला कमिटीले पुराना वामपन्थी नेता भनेर अभिनन्दन पनि गरेको थियो । त्यसैगरी २०५७ सालमा वीरगञ्जमै पार्टीका महासचिव माधव नेपालबाट पनि उहाँ अभिनन्दित हुनुभएको छ ।

उहाँ भन्नुहुन्छ-मेरो जन्म नेपालमा भयो तर राजनीतिक जीवनको प्रारम्भ, शिक्षा-दिक्षा सबै भारतमै भयो । म भारतमै हुर्किएँ, सबै कुरा त्यहीँ सिकें, बेलाबखत मेरी आमाले लिएर मामाघर (काठमाडौं) जानुहुन्थ्यो । त्यति नै हो । तर फेरि सम्झना गर्दै उहाँ भन्नुहुन्छ-२००९ सालमा उहाँ पार्टीको निर्देशनअनुसार संगठन विस्तारको क्रममा नेपालको पोखरामा आउनुभएको

थियो । स्नातकसम्मको अध्ययन गर्नुभएका क. रामबाबु कार्की पोखराको विन्दवासिनी हाइस्कूलको सहायक प्रधानाध्यापक पनि हुनुभएको थियो । उहाँले एक बर्षसम्म त्यहाँ अध्ययापन गराउँदै भूमिगत रूपमा पार्टीको काम गर्नुभयो तर एक बर्षपछि राजनीतिक कुरा खुलेपछि त्यहाँबाट भागाभाग गर्दै कलकत्ता पुगेको कुरा स्मरण गर्नुहुन्छ ।

क. रामबाबु कार्की भन्नुहुन्छ-"त्यसपछि कलकत्तामा २००९ सालमै हामीले अर्को अभियान चलायौं । क. पुष्पलालको संयोजकत्वमा म र राजेन्द्रकुमार सिन्हासहित भएर नेपाल पिपुल्स इन्फर्मेसन ब्यूरो गठन गरेका थियौं । त्यसको माध्यमबाट नेपालको कम्युनिष्ट पार्टीको गतिविधि भारतीय अखवारहरूमा प्रवाह गर्थ्यौं । यसैगरी म क. पुष्पलालकै सेरोफेरोमा भारतमै रहेर पार्टी काममा जुटिरहें । जतिजति म क. पुष्पलालको नजिक हुँदै गएँ, त्यति नै उहाँका प्रत्येक व्यवहारले, उहाँको जीवनशैलीले मलाई झन्-झन् प्रभावित बनाउँदै लग्यो । उहाँले त्यो प्रवासी जीवनमा अत्यन्त कठोर दुःख गर्नुभयो, कैयौं दिन भोकै रहनुभयो, अति सादा लवज र खानपान उहाँको विशेषता थियो । तर पनि उहाँ कहिल्यै निराश, हतास र कमजोर हुनुहुन्थेन । आफूलाई सधैं सम्हालेर, अरूलाई विचार पुर्‍याउने उहाँको स्वभाव थियो । यही स्वभावले म र मजस्ता धेरै जनालाई कम्युनिष्ट बनायो ।

२००५ सालमा तौलिहवाकी कलावती ज्ञवालीसँग विवाह गर्नुभएका क. कार्कीका एक छोरा र एक छोरी छन् । क. कार्की भन्नुहुन्छ-मेरी श्रीमती पनि राजनीतिक रूपमा प्रतिबद्ध थिइन्, उनीबाट पनि मलाई ठूलो सहयोग भयो । साधना प्रधान ( अधिकारी) र सहाना प्रधानसँगै बर्माबाट भागेर नेपाल फर्केकी मेरी श्रीमतीमा पनि शिक्षा र राजनीतिप्रतिको जागरण थियो, उनी पनि हामीलाई साथ दिन्थिन् ।

पार्टी कामको सन्दर्भमा २०३० सालमा उहाँ गिरफ्तार हुनुभयो । केही समयपश्चात् २०३१ सालमा उहाँले रसिया गएर आँखाको उपचार गराउनुभयो । त्यहाँबाट फर्केपछि उहाँ पुनः भारत फर्कनुभएन, वीरगञ्ज नै बस्नुभयो । मलाई ज्योति बसु र प्रमोददास गुप्ताले तिमी भारतमै बसेर यहींको कम्युनिष्ट पार्टीमा काम गर भनेका थिए तर म पुनः भारत फर्किनँ, आफ्नै देशमा बसें भन्नुहुन्छ क. कार्की ।

२००८ सालमा क. पुष्पलालबाट कम्युनिष्ट पार्टीको सदस्यता प्राप्त गर्ने क. कार्की अहिलेसम्म पनि नेकपा (एमाले)को संगठित सदस्य नै हुनुहुन्छ । यति लामो इतिहास निर्माण गरेर राजनीतिमा जीवन बिताएका क. कार्कीले २०४६ को जनआन्दोलनपश्चात् राज्य र विभिन्न क्षेत्रबाट राजनीतिक पीडितका लागि गरिएको कुनै पनि सहयोग कतैबाट पनि अहिलेसम्म प्राप्त गर्नुभएको छैन । अहिले उहाँ उपचारको लागि समेत सहयोग र सहाराविहीन अवस्थामा हुनुहुन्छ । तर पनि एउटा कम्युनिष्ट अन्तिम पलसम्म कहिल्यै गल्दैन भनेझैं आफ्नो विचार र विश्वासले उहाँ अटल हुनुहुन्छ । पार्टीलाई उहाँ त्यति नै माया गर्नुहुन्छ जति विगतमा गर्नुहुन्थ्यो । त्यसैले हामीले चिन्नुपर्ने एउटा अथक पार्टीको सिपाही हुनुहुन्छ क. रामबाबु कार्की ।

**– कमला पराजुली**

# बजेटमा महिला प्राथमिकता

## ' उर्मिला अर्याल

**दे**शको समग्र दीगो विकास त्यतिबेलामा मात्र सम्भव हुन्छ, जब देशका सम्पूर्ण जनता समान अवसर र सहभागिताको आधारमा अगाडि बढिरहेका हुन्छन् । देशको जनसंख्याको कुनै तप्का र समुदाय मूल प्रवाहबाट वञ्चित रहेको अवस्थामा समस्या जटिलतम बन्दै जाने र त्यसको दूरगामी प्रतिकूल असरले समाज आक्रान्त भइरहन्छ ।

नेपालको सन्दर्भमा हेर्ने हो भने १०४ वर्षको राणा शासनकाल र ३० वर्षको पञ्चायती एकतन्त्री शासनमा सबैका लागि समान अधिकार र अवसरको कुराभन्दा पनि मुलुकमा एकतन्त्री शासन प्रणालीलाई अन्त्य गरी बहुदलीय प्रजातान्त्रिक प्रणालीको स्थापना गराउनुपर्ने कुरा नै प्रमुख रूपमा रह्यो । यसै दौरानमा २०४६ को जनआन्दोलनपछि मात्र महिलालाई समान अवसर र अधिकार दिनुपर्ने र  पिछडिएका जाति तथा समुदायका कुराहरू चर्चामा आउन थाले । यी समस्याले चर्चा पाईरहेको अवस्थामा कतिपय मात्रात्मक किसिमका सुधारहरू भए । जस्तै- संघ, संगठन र विभिन्न संस्थाहरू स्थापना र तिनका पक्षमा आवाज उठ्ने कुराले ध्यानाकर्षण गराएता पनि ती अपेक्षा र आशालाई पूर्ण गर्ने दिशामा राजनीतिक लक्ष्य, योजना, कार्यक्रम र त्यसको प्रभावकारी कार्यान्वयनमा भएको कमीका कारणले अपेक्षित उपलब्धि प्राप्त हुन सकेनन् ।
लैङ्गिक विभेद र विषमताको अध्ययन गर्दा निम्न विभेदहरू देखिएका छन् :

**नीति निर्माण तह**

प्रतिनिधिसभामा महिलाको उपस्थिति ५.८५ प्रतिशतमात्र रहेको देखिन्छ । त्यस्तै राष्ट्रियसभामा १३ प्रतिशत र स्थानीय निकायमा २० प्रतिशत महिला सहभागिता देखिन्छ । यसैगरी नीति निर्माण तहको उच्चतम तहमा विशिष्ट श्रेणी तथा अन्य उच्चपदस्थ पदहरूमा नाममात्रको उपस्थिति र कहीं शुन्यता भेटिन्छ । राज्य सञ्चालनमा निर्णायक भूमिका खेल्ने राजनीतिक पार्टीहरूको निर्णायक तहमा पनि महिला उपस्थिति साह्रै न्यून छ ।

**भूमि र कृषि:** नेपाली जनताको सम्पत्ति अर्थात् जीवनयापनको मूल आधारभूमि हो र यसमा महिलाको स्वामित्व करिव ११ प्रतिशत छ। जबकि उक्त भूमिमा गरिने कृषि कार्यको भार दिनानुदिन थपिँदै हाल ६५ प्रतिशत महिला संलग्न छन्। त्यस्तै सामुदायिक वनको व्यवस्थापनमा ७० प्रतिशत महिला संलग्न रहेका छन्। कृषिसम्बन्धी तालिममा महिलाको सहभागिता २५ प्रतिशतमात्र छ। अर्कोतर्फ महिलाहरू अझै पनि सम्पत्तिको अधिकारबाट वञ्चित छन्।

**शिक्षा**

पुरूष साक्षरता ६२.२ प्रतिशत र महिला साक्षरता दर ३४.६ प्रतिशतमात्र छ। उच्चशिक्षामा महिलाको पहुँच २६ प्रतिशतमात्र हुनु, शहरको महिला साक्षरता ५७ प्रतिशत र गाउँको ३२ प्रतिशत हुनु, शिक्षकहरूको कूल संख्याको २६ प्रतिशत महिला र ७४ प्रतिशत पुरूष हुनु आदिले शिक्षाक्षेत्रमा लैङ्गिक विभेदको खाडल फराकिलो देखिन्छ।

**स्वास्थ्य**

सुरक्षित प्रजनन् र स्वास्थ्यसेवाको उपलब्धता केवल ११ प्रतिशत महिलाले पाएका छन्। आधारभूत स्वास्थ्यसेवाको उपलब्धता निकै न्यून छ र जसले गर्दामात्र मृत्युदर १ लाखमा ४१५ रहेको छ। प्रसूति सेवाबाट १४ प्रतिशत महिलाले मात्र सुविधा पाएका छन्।

**रोजगारी**

निजामती सेवामा महिला केवल ८.५ प्रतिशत र पुरूष ९१.५ प्रतिशत छन्। शिक्षक पेशामा पनि २६ प्रतिशतमात्र महिला छन्।

**उद्योग र सेवा**

उद्योग क्षेत्रमा महिला सहभागिता जम्मा २.१ प्रतिशत र सेवाक्षेत्रमा केवल ०.४ प्रतिशतमात्र छ।

उपरोक्त अवस्थालाई नियाल्दा मूलभूतरूपमा हाम्रा दीर्घकालीन योजना, कार्यक्रम र विनियोजन र त्यसको प्रभावकारी कार्यान्वयन पक्ष समस्याग्रस्त रहेको देखिन्छ। मूलतः लैङ्गिक विभेदको अन्त्यका लागि १९९१ मा नेपाल CEDAW को पक्षधर मुलुकको रूपमा आइसकेपछि हामीले राष्ट्रिय मूल प्रवाहमा महिलाहरूलाई सहभागिताको समान अधिकार दिनु हाम्रो अन्तर्राष्ट्रिय प्रतिवद्धतासमेत हो। यस सन्दर्भमा यी उद्देश्यहरू प्राप्तीको माध्यम हामीले हाम्रो देशको पञ्चबर्षीय योजनाहरू, हरेक क्षेत्र खासगरी कृषि, शिक्षा, स्वास्थ्य, रोजगारी, उद्योग र श्रमको क्षेत्रमा महिलाको आवश्यकता पहिचान र त्यसका लागि आवश्यक कार्यक्रमहरू बनाई त्यसको प्रभावकारी कार्यान्वयन गर्नु अत्यावश्यक छ। मूलतः ती पक्षहरूको प्रभावकारिता, त्यसका कार्यक्रमहरूमा बजेट विनियोजन कति प्रभावकारी छ, त्यसको आधारमा हामीले प्राप्त गर्नसक्ने उपलब्धिको आँकलन गर्न सकिन्छ।

मुख्यरूपमा बजेटका सामान्यतया तीनवटा पक्षहरूका बारेमा चर्चा गर्नु यहाँ आवश्यक हुन्छ :

क) नीति कार्यक्रममा स्पष्टता,

ख) रकम विनीयोजन र

ग) कार्यान्वयन पक्षमा स्रोत परिचालनका विधिहरू

आगामी बजेटका सन्दर्भमा ती पक्षहरूलाई राष्ट्रिय योजना आयोगले विभिन्न मन्त्रालयले पेश गर्ने कार्यक्रम र वार्षिक योजनामा महिला प्राथमिकताको पक्षलाई सवल गराउन कस्तो भूमिका खेल्ने छ वा खेलेको छ आदि कुराहरूले निर्धारण गर्नेछ

मन्त्रालयगत कार्यक्रमहरूमा जस्तै-कृषि मन्त्रालयअन्तर्गत ६५ प्रतिशत महिला कृषकहरूलाई के-कस्ता कार्यक्रमहरू आउँदै छन्, त्यसका लागि मन्त्रालयको कुल बजेटको कति प्रतिशत विनियोजन गर्ने र बार्षिक लक्ष्य प्राप्तीको लागि प्रभावकारी कार्यान्वयनको कुन विधि अपनाइन्छ, त्यसले महत्वपूर्ण भूमिका खेल्नेछ।

शिक्षा मन्त्रालयअन्तर्गत रहेको लैङ्गिक दूरी घटाउन कस्ता कार्यक्रमहरू आवश्यक हुन्छन्, त्यसका लागि कति प्रतिशत रकम विनियोजन गर्ने र महिला शिक्षाले पाउने प्राथमिकताको आधारमा नै छात्रा भर्ना, साक्षरता कार्यक्रम, उच्च शिक्षामा महिला सहभागिता बढाउने कार्यक्रम प्रभावकारी बन्न सक्नेछन्।

श्रम मन्त्रालयको नीतिगत पक्षमा समान कामको समान ज्यालाको अवसरका साथै महिलालाई रोजगारीमूलक तालिमको अवसर, वैदेशिक रोजगारीमा महिला श्रमिकको स्थान र सुरक्षा, उनीहरूको सीप अभिबृद्धि, ग्रामीण तहसम्मका महिलालाई स्थानीय स्रोत- साधनलाई परिचालन गरी स्वरोजगारीको वातावरण सृजना गर्ने उपयुक्त तालिमको उपलब्धता पर्याप्त गराउन आवश्यक छ।

उद्योग मन्त्रालयअन्तर्गत महिला उद्यमी संख्या बढाउन आवश्यक नीति र कार्यक्रमको तर्जुमा र रकम विनियोजन गर्न आवश्यक देखिन्छ। यसअन्तर्गत साना तथा घरेलु उद्योगको प्रवर्द्धन, परम्परागत ज्ञान र सीपको आधारमा सञ्चालित कुटिर उद्योगहरूको संरक्षण, ग्रामीण तहका महिलामा भएको ज्ञान र सीपको संरक्षण, सूचिकरण र सम्बर्द्धन गर्दै हालको विश्वव्यापीकरणको अवस्थामा त्यसको जगेर्ना गरी उपयुक्त राष्ट्रिय नीति र कार्यक्रम ल्याउनु अत्यावश्यक देखिन्छ। यसको लागि देशव्यापीरूपमा गा.वि.स. तहदेखि नै अभियान सञ्चालन गर्न आवश्यक छ।

**महिला मन्त्रालयको समन्वयात्मक भूमिका**

हाल आएर धैरैजसो मन्त्रालयहरूमा महिला फोकल प्वाइन्टको स्थापना भएको देखिन्छ। तर ती सम्पूर्ण मन्त्रालयको महिला कार्यक्रमलाई समन्वय गर्न महिला मन्त्रालयको महत्वपूर्ण भूमिका हुनुपर्दछ। यस अन्तर्गत महिला मन्त्रालयले विशेष महिला समुदायहरू जस्तै, वादी, झुमा, देउकी, दलित, उत्पीडित तथा सुकुम्बासी महिला, कमैया महिला तथा असहाय विधवाहरूको तथ्याङ्क संकलन, समस्या पहिचान र सो अनुसारको कार्यक्रम निर्माण गर्नुपर्दछ। लक्षित समूहका महिला, कृषक महिला, श्रमिक महिला आदि गरी हरेक तह र तप्काका महिलालाई विशष कार्यक्रमसहित उनीहरूको उत्थानमा सहयोग

पुऱ्याउन सम्बन्धित मन्त्रालय र निकायसँग निरन्तर परामर्श, योजना र कार्यक्रम निर्माण, स्रोत परिचालन र प्रभावकारी कार्यान्वयनको लागि एउटा स्थायी संरचनाको निर्माण गर्न आवश्यक छ ।

**लैङ्गिक विभेदलाई समाप्त गर्नमा देखिएका कमीहरू**

१) राजनीतिक पार्टीका नेताहरू मूलभूतरूपमा प्रजातन्त्रको प्राप्तीपछि पनि राज्यको तर्फबाट हस्तक्षेपकारी भूमिका निभाएरै भए पनि मूलभूतरूपमा पिछडिएको अवस्थामा रहेको वर्ग तथा समुदाय र दुर्गम क्षेत्रका जनताको पक्षमा दूरदर्शी सोच राखेर अघि बढ्न नसकेको देखिन्छ । आफ्नै राजनीतिक पार्टीभित्र पनि तहगत संरचनामा समावेशीय दृष्टिको अभाव देखिन्छ जसले गर्दा पार्टीभित्र केही जाति र वर्गको मात्र पकड देखिन्छ । महिला र पिछडिएका समुदायको संलग्नता न्यून छ ।

२) राज्यले बनाउने दीर्घकालीन योजना तथा पञ्चवर्षीय योजनामा विभिन्न क्षेत्र, जस्तैः कृषि, स्वास्थ्य, खानेपानी, सिंचाइ, शिक्षा, आदिमा महिलालाई मूलप्रवाहमा ल्याउने नीति तथा कार्यक्रमको अभाव खट्किन्छ । केही हदसम्म स्थानीय तहको योजना निर्माण तहमा युएनडीपीका कार्यक्रम एलजीपी र पीडीडीपीको प्रभावले महिला सहभागिता देखाएता पनि स्रोत परिचालन र कार्यान्वयन पक्षमा महिला सहभागिता न्यून देखिन्छ ।

३) राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयले लैङ्गिक दृष्टिकोणले विविध मन्त्रालयका योजना र कार्यक्रमलाई निर्देशित गर्ने र अनुगमन गर्नेतर्फ खासै प्रयत्न भएको पाइँदैन । यसले गर्दा कार्यक्रमिकरूपमा महिला कार्यक्रमको उल्लेख भएतापनि रकम विनियोजनमा महिलाको स्थानलाई कम प्राथमिकता दिएको देखिन्छ । उदाहरणको रूपमा, स्थानीय विकास मन्त्रालयमा १४ देखि २३ प्रतिशतसम्म बजेटले मात्र महिला कार्यक्रमलाई लाभ पुगेको देखिन्छ । त्यसैगरी शिक्षा मन्त्रालयको बजेटको ४२ प्रतिशत रकमले महिला र बालिकाहरूलाई फाइदा पुगेको देखिन्छ ।

४) खासगरी गरिबी निवारण, रोजगारी प्रबर्धन, स्रोत परिचालन, पहुँच बृद्धि गर्ने प्रतिबद्धताको अभावमा लैङ्गिक विभेद लामो समयसम्म कायम रहेको देखिन्छ । मूलतः महिलाको चौथो विश्व सम्मेलनपछि १२ वटा सरोकारको क्षेत्रमा संयुक्त राष्ट्रसंघले हरेक CEDAW पक्षधर मुलुकहरूको बार्षिक प्रगति प्रतिवेदनहरूको अनुगमन गरिरहेकोले सो कारणले मात्र सरकार लैङ्गिक कुराहरूमा अलि सचेत देखिन्छ ।

५) वर्तमान अवस्थामा विद्यमान राजनीतिक द्वन्द्वको स्थितिले महिलाको अवस्था झनै कष्टकर भएको छ । यस अवस्थामा सरोकारवाला सवैको दायित्व अझै थपिएको छ । विशेषगरी पीडित महिलालाई राहत, पुनर्स्थापना र रोजगारीको अवसर सृजना गरी उनीहरूको जीवनयापनलाई सहज बनाउन विशेष कार्यक्रमको आवश्यकता छ ।

**सुझावहरू**

१) धेरैजसो राजनेता र योजनाकारहरू लैङ्गिक विभेदको कुरामा उदासिन देखिने र समस्यालाई यथावतरूपमै सहज देख्न अभ्यस्त देखिन्छन् । यस दृष्टिकोणमा परिवर्तन गरी लैङ्गिक विभेद अन्त्य गर्न विशेष दृष्टिकोण र सोचसाथ कार्यक्रमहरूलाई प्राथमिकत दिनु आवश्यक देखिन्छ ।

२) हरेक मन्त्रालयका कार्यक्रममा महिलाले कति अवसर पाइराखेका छन्, उनीहरूको पहुँच पुगेको छ छैन भनी अनुगमन गर्न आवश्यक भइसकेको छ ।

३) नीति-निर्माण तहमा महिला सहभागिता बढाउन राजनीतिक पार्टीहरूको तहगत संरचनामा समानुपातिक प्रतिनिधित्व हुनु आवश्यक छ । प्रतिनिधिसभा, राष्ट्रियसभा, स्थानीय निकाय, प्रशासनका उच्च तह, संवैधानिक निकायमा महिलाको उल्लेख्य प्रनिधित्व आवश्यक प्रावधानसाथ गरिनुपर्दछ ।

४) विशेषगरी ग्रामीण क्षेत्रमा रहेका महिला र पिछडिएका समुदायको उन्नतिका लागि स्थानीय निकायमा बजेट विनियोजन पर्याप्त गर्ने र पिछडिएका तप्काका लागि गरिबी निवारण, रोजगारी अभिबृद्धि, चेतना अभिबृद्धि र अनिवार्य निःशुल्क शिक्षाको प्रावधान राखिनुपर्दछ ।

*(नेकपा (एमाले) केन्द्रीय महिला विभागद्वारा ०६१ असार १५ गते आयोजित गोष्ठीमा विभागका तर्फबाट प्रस्तुत कार्यपत्र)*

# बैंकहरूको सुधार प्रक्रियाः कति ठीक, कति बेठीक ?

## ' डा. गोविन्दबहादुर थापा

**खु**ला व्यापार प्रणालीलाई सबै मुलुकले जित्ने खेलको रूपमा अगाडि बढाइएको छ । विश्व व्यापार संगठनको कार्यक्षेत्रभित्र वित्तीय सेवा क्षेत्र पनि पारिएपछि सदस्य राष्ट्रभित्र कुनै पनि मुलुकका बैंक शाखाहरू खोल्न दिनुपर्ने, स्वदेशी बैंकहरूमा विदेशीहरूको लगानीलाई स्वीकार गर्नुपर्ने आदि हुनाले सदस्य राष्ट्रका बैंकहरूले बिदेशी बैंकहरूसँग प्रतिस्पर्धा गर्नुपर्ने बाध्यात्मक स्थिति सिर्जना भएको छ । यही परिप्रेक्षमा नेपालमा पनि बैकिङ तथा वित्तीय क्षेत्र सुधार कार्यक्रमलाई अगाडि बढाइएको छ ।

**नेपालको वित्तीय क्षेत्र र त्यसको सुधार**

हाल नेपालमा १७ वटा बाणिज्य बैंकहरू, १६ वटा विकास बैंकहरू, ५ वटा ग्रामीण विकास बैंकहरू, ५५ वटा वित्त कम्पनीहरू, ३४ वटा बैंकिङ कारोबार गर्ने स्वीकृति प्राप्त सहकारी संस्थाहरू र ३७ वटा त्यस्तै कारोबार गर्ने गैर सरकारी संस्थाहरू छन् । २०५९ पुस मसान्तसम्ममा सम्पूर्ण बाणिज्य बैंकहरू र कृषि विकास बैंकले परिचालन गरेको कुल निक्षेप रू. १ खर्ब ९० अर्ब ५० करोड पुगेको छ भने बित्त कम्पनीहरूले २०५९ आषाढ मसान्तसम्ममा परिचालन गरेको निक्षेप रू. ४० अर्ब ११ करोड पुगेको छ । यसमा विकास बैंकहरू, ग्रामीण विकास बैंकहरू, सहकारी संस्थाहरू र गैरसरकारी संस्थाहरूले परिचालन गरेको निक्षेप समावेश गरिएको छैन । बैंक तथा वित्तीय संस्थाहरूको संख्या र तिनको कारोबारको यो विस्तार नेपालमा आर्थिक उदारीकरण कार्यक्रम लागु गरिएको विगत १०-११ बर्षको अवधिमा भएको छ । यी संस्थाहरूको उपस्थितिबाट नेपालमा बैंकिङ तथा बित्तीय सेवामा पनि प्रशस्त विविधता आएको छ । तर जुन नीति र वातावरणमा बैंकिङ तथा वित्तीय संस्थाहरूको यो विस्तार भएको छ त्यस्ले यस क्षेत्रमा विकृतिहरू पनि उत्तिकै ल्याएको छ ।

सरकारी स्वामित्वका बाणिज्य तथा विकास बैंकहरू परम्परागत शैली र प्रणालीअनुसार नै संचालन भइरहेका छन् । ती बैंकहरूमा अत्यधिक संख्यामा कर्मचारीहरू रहेका छन् । उनीहरूको तलव, भत्ता तथा सुविधा आकर्षक छैन । काम गर्ने थलो, त्यहाँको वातावरण र काम गर्ने सामग्रीहरू पनि न्यूनस्तरका छन् । त्यसैले कर्मचारीहरूमा काम गर्ने उत्प्रेरणा पनि न्यूनस्तरमा छ । ती बैंकहरूमा व्यवस्थित किसिमको ऋण लगानी र असुली नीति तथा योजना छैन । लेखा प्रणाली परम्परागत र अवैज्ञानिक छ । त्यसैले गर्दा ती बैंकहरूको कारोबारका सूचना तथा विवरणहरू अद्यावधिक छैनन् । बैंकको वित्तीय अवस्था, नाफा-नोक्सानको स्थिति र सम्पत्ति तथा दायित्वको अद्यावधिक अभिलेख छैन । ती बैंकहरूमा लेखा परीक्षण पनि समयमा हुने गरेको पाइँदैन । फलस्वरूप ती बैंकमा खराब कर्जाको रासी थुप्रिदै गइरहेकोले घाटा पनि बढ्दै गइरहेको छ । मुलुकमा बैंक तथा वित्तीय क्षेत्रमा उदार नीति लागु गरी स्वदेशी निजी क्षेत्र र विदेशी बैंकहरूको संयुक्त लगानीमा बाणिज्य बैंकहरू स्थापना गर्ने अनुमति दिइएपछि सरकारी स्वामित्वका बैंकहरूमा जुन किसिमले सामयिक सुधार गर्दै जानुपर्ने थियो समयमा त्यसो गर्न नसकिएकोले यी बैंकहरूको मात्र अवस्था नाजुक भएको छैन । त्यसको दुष्प्रभाव मुलुकको समग्र बित्तीय क्षेत्रमा परिरहेको छ । यो क्षेत्रको सुधारको निमित्त सन् १९८५ मा विश्व बैंकको ऋण सहयोगमा सीवीपास अन्तर्गत प्रयास गरिएको भएतापनि विविध कारणले त्यसले पूर्णता पाउन सकेन । त्यसपछि हालसम्म पनि सुधारको कार्य स्थगित जस्तै अवस्थामा रहँदै आयो । यसले गर्दा सरकारी स्वामित्वका विशेषगरी बाणिज्य बैंकहरू क्रमिकरूपमा संकटोन्मुख हुँदै गए । मुलुकको बैकिङ क्षेत्रको कुल सम्पत्तिको आधाभन्दा बढी अंश ओगटेका यी दुई बैंक नै मुलुकको बैकिङ प्रणालीमा निर्णायक संस्था रहेका छन् । यी बैंकहरूको कार्य संचालन खर्च बढी हुने र खराब कर्जा बढ्दै गएकोले त्यसको लागि जोखिम व्यहोर्ने व्यवस्थाको लागि बढी रकम लाग्ने भएकोले लिने र दिने ब्याजदरको अन्तर बढी कायम गर्नुपर्ने भयो । निजी क्षेत्रका बाणिज्य बैंकहरूले त्यही दरमा कारोबार गर्ने गरेकाले उनीहरूले ठूलो राशीको नाफा आर्जन गर्दै गए । यसबाट न निक्षेप कर्ताहरूलाई लाभ पुग्न सकिरहेको छ न कर्जावालहरूलाई । यसले गर्दा बैंक तथा वित्तीय संस्थाहरूको संख्यात्मक विस्तार भएतापनि उपभोक्ताहरूले प्रतिस्पर्धाको लाभ पाउन सकिरहेका छैनन् । यो स्थितिको निराकरण गरी नेपालमा प्रतिस्पर्धात्मक बैकिङ सेवा प्रणाली स्थापना गर्न विश्व बैंकको वित्तीय तथा प्राविधिक सहयोगमा ३ बर्षीय वित्तीय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन गर्न लागिएको छ ।

नेपालको बैंक तथा वित्तीय क्षेत्रमा वि.सं. २०५० को दशकमा संस्थागत विस्तारबाहेक अरू उल्लेख्य सुधार गरिएन । यसबाट मुलुकको वित्तीय क्षेत्र मात्र लड्खडाएन, नेपालप्रति दातृ समुदाय नै असन्तुष्ट भई नेपाललाई दिंदै आएको सहायता कटौती गर्ने कुरा सार्वजनिक हुन थाले । यसबाट यो क्षेत्रको सुधारको निमित्त दातृ समुदायबाट ठूलो दबाव पर्न गयो । सुधारको कार्य लामो समयसम्म अवरूद्ध भई यो क्षेत्रका समस्याहरू झन् झन् जटिल र घनिभूत हुँदै गएकोले पनि अहिलेको चरम खाल्को सुधार कार्यक्रम लागु गर्नुपरेको देखिन्छ ।

**सुधारको प्रक्रिया**

नेपालका सरकारी स्वामित्वका दुई प्रमुख बाणिज्य बैकहरूको सुधार विदेशी कम्पनीहरूलाई व्यवस्थापन करारमा दिएर गर्ने कार्यक्रम नेपाल सहायता समूहको पेरिसमा सम्पन्न बैठकमा सरकारले गरेको प्रतिबद्धताअनुरूप हाल यो कार्यक्रम अगाडि बढिरहेको छ । यसअनुरूप नेपाल बैंक लिमिटेड विदेशी कम्पनीले चलाउन थालेको ८ महिना पुगिसकेको छ भने राष्ट्रिय बाणिज्य बैंकमा भर्खरै मात्र काम सुरू भएको छ ।

विदेशी कम्पनीलाई स्वदेशी कम्पनी सुधार गर्ने उद्देश्यले व्यवस्थापन करारमा दिने परम्परा विश्वमा पुरानो र प्रचलित परम्परा भएतापनि वाणिज्य बैंकहरू यसरी करारमा दिने परम्परा भने त्यति प्रचलित होइन । त्यही परम्परा नेपालजस्तो अति कम विकसित र पिछडिएको मुलुकमा भित्र्याइएको छ । यसको अन्तिम उद्देश्य अहिलेको अवस्थाका राष्ट्रिय बाणिज्य बैंक र नेपाल बैंक लिमिटेडलाई निजी क्षेत्रको संयुक्त लगानीका बाणिज्य बैंकहरूजस्तै शुद्धरूपमा नाफामूलक बैंकको रूपमा परिणत गरी निजी क्षेत्रलाई हस्तान्तरण गर्नु रहेको छ । यस सन्दर्भमा सर्वप्रथम प्रश्न के उठ्दछ भने त्यसो गर्दा ती बैंकहरूले त नाफा कमाउलान् तर तिनले आम जनतालाई आवश्यक बैकिङ सेवा देलान् ? यस्तो अवस्थाको मुलुकमा प्रमुख शहरी क्षेत्रका ठूला व्यापारिक घरानाहरू र नाफा दिने ठाउँमा मात्र सेवा दिने बैंकहरूले आधाभन्दा बढी संख्यामा रहेका भोका नांगा जनतालाई के सेवा देलान् ? यसो गर्ने बैंकहरू त निजी क्षेत्रले जति भने पनि खोलेका थिए र यतिले पनि नपुगे अरू पनि बैंक खोल्न लामो समयदेखि प्रतीक्षा गरेर बसिरहेको निजी क्षेत्रलाई बैंक खोल्ने ईजाजत दिएको भए भई हाल्थ्यो । मुलुकका कमजोर बर्ग र क्षेत्रलाई सेवा दिइरहेका बैंकहरूलाई पनि त्यस्तै बनाउनु किन परेको थियो ? यसको अर्थ यी बैंकहरूको सुधार नगर्ने भनिएको होईन । भन्न खोजिएको केमात्र हो भने अब के सरकारले आफ्नोतर्फबाट कमजोर वर्ग र क्षेत्रको उत्थानको निमित्त बैकिङ क्षेत्रमार्फत कुनै सेवा सुविधा दिने कार्य बन्द नै गर्ने भयो ? के नेपाल त्यस्तो अवस्थामा पुगिसकेको छ ?

मुलुकको सबैभन्दा ठूलो बाणिज्य बैंक (राष्ट्रिय बाणिज्य बैंक) श्री ५ को सरकारको पूर्ण स्वामित्वमा र । दोस्रो सबैभन्दा ठूलो बाणिज्य बैंक (नेपाल बैंक लिमिटेड) मा सरकारको ४१ प्रतिशत सरकारी स्वामित्वमा रहेकोले तिनीहरूमा अत्यधिक

राजनीतिक हस्तक्षेप हुने गरेकोले यी बैंकहरूमा नियमित र कडाइका साथ हुनुपर्ने निरीक्षण, सुपरीवेक्षण र नियमनको कार्य प्रभावकारी रूपमा हुन सकिरहेको थिएन । यो यथार्थ हो । त्यसैले बैंकिङ तथा वित्तीय क्षेत्रबाट सरकारी संलग्नता हटाउने यो सुधार कार्यक्रमको एउटा प्रमुख एजेण्डा रहेको देखिन्छ ।

तर नेपालको बैंकिङ तथा वित्तीय क्षेत्रमा सरकारी संलग्नता त्यसै भएको होइन । यो क्षेत्रको विकासको निमित्त शिशु अवस्थामा रहेको निजी क्षेत्र अग्रसर नभएको तर मुलुकको विकासमा गति ल्याउन यो क्षेत्रको विकास र विस्तार गर्नु अनिवार्य भएको कारणले त्यति बेला बैंक तथा वित्तीय संस्थाहरू स्थापना गर्न सरकार र नेपाल राष्ट्र बैंक अग्रसर हुनुपरेको थियो । साथै त्यतिबेला सरकार र नेपाल राष्ट्र बैंकले मुलुकका पछाडि परेका वर्ग र क्षेत्रहरूमा आधुनिक आर्थिक क्रियाकलापहरू पुऱ्याउन पनि आफ्नै अग्रसरता र लगानीमा बैंक तथा वित्तीय संस्थाहरू स्थापना गर्नु आवश्यक थियो । अहिले परिस्थिति निश्चित रूपमा बदलिएको छ । तर पिछडिएका वर्ग र क्षेत्रमा बैंकिङ सेवा पुऱ्याउने हो भने अहिले पनि बैंकिङ क्षेत्रमा सरकारी संलग्नता अनिवार्य हुन्छ । हालका निजी क्षेत्रका संयुक्त लगानीका बाणिज्य बैंकहरू त्यस्ता क्षेत्रमा जान तयार नहुनुले यस कुराको पुष्टि गर्दछ । त्यसैले आर्थिक दृष्टिले कमजोर वर्ग र क्षेत्रलाई बैकिङ सुविधा नदिने र यो सुविधा भनेको केवल शहरी क्षेत्रका ठूला व्यापारिक र औद्योगिक घरानाहरूलाई मात्र दिने हो भनेमात्र यो क्षेत्रबाट सरकारी संलग्नता पूर्णरूपमा हटाउन मिल्छ । अन्यथा हालका वाणिज्य बैंकहरूलाई ग्रामीण, कृषि र विपन्न वर्गबाट हटाएर त्यसको सट्टा छुट्टै नयाँ संस्था गठन गर्ने हो भने त्यसको लागि पनि सरकार र नेपाल राष्ट्र बैंकको संलग्नता अनिवार्य हुनेछ । तर प्रस्तावित सुधार कार्यक्रममा ग्रामीण तथा पिछडिएको वर्ग र क्षेत्रमा बैकिङ सेवा पुऱ्याउने सम्बन्धमा कुनै बैकल्पिक सोच प्रस्तुत गरिएको देखिँदैन । अतः यो खाल्को बैकिङ तथा वित्तीय क्षेत्रबाट नेपालको जस्तो विशिष्ट किसिमको भौगोगिक र वर्गीय संरचना भएको मुलुकमा निकट भविष्यमा डरलाग्दो आर्थिक तथा सामाजिक असमानता र असन्तुलनको स्थिति सिर्जना हुने कुरा निश्चित छ ।

बैंकहरूले दिएको कर्जा फिर्ता नआउने वा असुल नहुने यतिखेरको नेपालको बैंकिङ क्षेत्र र विशेषगरी सरकारी स्वामित्वका बैंकहरूको सबैभन्दा जटिल र पेचिलो समस्या भएको छ । सरकारी स्वामित्वका बैंकहरूमा यस्तो कर्जाको अनुपात अत्यधिक भएको र त्यसको पूर्ति ढिलो चाँडो सरकारले नै गर्नुपर्ने भएकोले यी बैंकको यस्तो कर्जा सार्वजनिक चासोको विषय बन्न पुगेको छ ।

२०५९ पुस मसान्तमा राष्ट्रिय बाणिज्य बैंकको उठाउन बाँकी ब्याज रकममात्र रू. १२ अर्ब १८ करोड र  नेपाल बैंक लिमिटेडको रू. ९ अर्ब १३ करोड गरी यी दुई बैंकको मात्र उठाउन बाँकी ब्याज रकम रू. २१ अर्ब ३१ करोड पुगेको छ । नेपाल बैंकको आधिकारिक स्रोतअनुसार त्यस बैंकको भाखा नाघेको कर्जा ५६ प्रतिशत पुगेको छ। केपीएम्जीको प्रतिवेदनअनुसार नेपाल बैंक लिमिटेडको सम्पत्तिभन्दा दायित्व रू. ६ देखि १० अर्ब र राष्ट्रिय बाणिज्य बैंकको रू. १४ देखि १८ अर्ब छ। यसरी जब कुनै बाणिज्य बैंकको उठाउन बाँकी ब्याज रकम नै रू. १२/१३ अर्ब पुग्दछ भने त्यो बैंकले निक्षेपकर्ताहरूलाई उनीहरूको निक्षेप रकम ब्याजसहित कसरी फिर्ता गर्न सक्ला ? संचालन खर्च कसरी जुटाउन सक्ला ? त्यसैले सरकारी स्वामित्वका यी बैंकहरूमा बढ्दै गएको खराव कर्जाको निराकरण गरी मुलुकमा स्वस्थ बैंकिङ प्रणालीको विकास गर्नु अति नै जरूरी भएको कुरा निर्विवाद छ। नेपाली व्यवस्थापकहरूबाट कर्जा असुलीको काम हुन नसकेको विगतको अनुभव रहेकोले विदेशी व्यवस्थापनलाई दिनुपरेको र विदेशी व्यवस्थापन दबाव र मोलाहिजामा नपर्ने भएकोले उसबाट ठूला ऋणीबाट कर्जा असुलीको काम हुन सक्दछ भन्ने सरकारी पक्षको तर्क रहेको छ । तर विगत आठ महिनाको अवधिमा नेपाल बैंक लिमिटेडमा जम्मा रू. १ अर्ब ३० करोडबराबरको कर्जा असुली गरिएको भनिएको छ । करारको एक तिहाई अवधि ब्यतित हुँदा ब्याजमात्र रू. ९ अर्ब १३ करोड उठाउन बाँकी भएको बैंकको सावाँ र ब्याज गरी जम्मा रू. १ अर्ब ३० करोडमात्र असुल गरिएको छ । असुलीको रफ्तार यही रहने हो भने नेपाल बैंकको ब्याजमात्र असुल गर्न पौने पाँच बर्षभन्दा बढी समय लाग्ने छ वा करारको दुई बर्षको अवधिमा साँवा ब्याज गरेर जम्मा रू. ४ अर्ब पनि असुल हुन सक्नेछैन। कर्जा असुलीको यो स्थितिबाट विदेशी कम्पनीले कर्जा असुली गर्न सक्दछन् भन्ने सरकारी पक्षको दावी असत्य सावित हुने निश्चित देखिएको छ ।

यी बैंकहरूमा थुप्रिएको खराब कर्जा राफसाफ गर्न पूँजी व्यवस्थापन कम्पनीको स्थापना गर्ने कुरालाई अगाडि सारिएको छ । पूँजी व्यवस्थापन कम्पनी खराब कर्जा राफसाफ गर्ने सन्दर्भमा विगत केही बर्षयता प्रचलनमा आएको प्रणाली हो । चीनमा हाल यस्ता चारवटा कम्पनीहरू कार्यरत छन्। भारत पनि यस्तो कम्पनी खडा गर्ने कार्यमा जुटेको छ। इण्डोनेशिया, थाइल्याण्ड आदि मुलुकहरूमा पनि सन् १९९७ को संकटपछि यस्ता कम्पनीहरू स्थापना गरिएको छ । तर यस्ता कम्पनीहरू कहीँ पनि आफ्नो उद्देश्य हासिल गर्न प्रभावकारी भएको देखिँदैन । नेपालको सन्दर्भमा त सफलताको सम्भावना झनै कम छ । किनभने नेपालका यी दुई ठूला बाणिज्य बैंकहरूमा जुन खराब कर्जा छ त्यसको अत्यधिक ठूलो हिस्सा ठूला व्यापारिक घरानाको छ। उनीहरूले लिएको कर्जाको पनि उल्लेख्य हिस्सा व्यक्तिगत जमानीमा दिइएको कर्जा छ। विनाधितोका यस्ता खराव कर्जाहरूको सन्दर्भमा पूँजी व्यवस्थापन कम्पनीले केही गर्न सक्दैन। त्यसैगरी धितो राखी कर्जा लिएका ठूला व्यापारिक घरानाहरू टाट पल्टेकाले कर्जा नतिरिएको होइन । उनीहरूको सम्पन्नता र रोव रवाफमा कुनै कमी आएको देखिँदैन । सरकारी बैंक भएको, ऋण तिर्नको लागि प्रभावकारी दबाव दिन नसकेको र बैंकका सम्बन्धित कर्मचारीहरू मोलाहिजामा परेकोले ती कर्जाहरू असुल हुन नसकेका हुन्। अतः पूँजी व्यवस्थापन कम्पनी स्थापना भएपछि पनि यी कुराहरू नहोलान् भन्न सकिने अवस्था छैन । त्यसैले पूँजी व्यवस्थापन कम्पनीले पाउने खराब कर्जाका धितो सम्पत्ति कुल खराब कर्जाको सानो अंशमात्र हुने निश्चित प्रायः छ। त्यसको साथै यस्तो कम्पनी स्थापना गर्नको लागि पूँजी कसले लगाउने, कति पूँजीको कम्पनी बनाउने, त्यसको संगठन ढाँचा कस्तो हुने आदि सबै कुराहरूको व्यवस्था मिलाएर त्यस्को स्थापना गरी त्यसलाई संचालनमा ल्याउन त्यति सजिलो छैन। त्यसैले पूँजी व्यवस्थापन कम्पनीले सरकारी बाणिज्य बैंकहरूको खराव कर्जाको समस्या पूर्णरूपमा समाधान गर्नेछ भनेर ढुक्क हुन सकिने स्थिति छैन ।

चर्को प्रतिस्पर्धाको कारणले बैंकिङ तथा वित्तीय क्षेत्र नयाँ प्रविधि र प्रणाली अपनाई ग्राहकहरूलाई आकर्षित गर्ने कार्यमा अग्रणी क्षेत्र मानिन्छ । तर नेपालका सरकारी स्वामित्वका वाणिज्य बैंकहरूलाई त्यसरूपमा सुधार गर्ने गम्भीर प्रयास गरिएन । यसले गर्दा सेवामा अत्यन्त ढिलाइ हुने र अभिलेख तथा सूचनाहरू ठीक दुरूस्तरूपमा समयमा तयार भई यी बैंकहरूको वित्तीय व्यवस्थापन अस्तव्यस्त हुन पुग्यो । यो पनि यथार्थ हो । त्यसैले यी बैंकमा नयाँ र आधुनिक प्रविधि र प्रणाली प्रवेश गराई व्यवस्थित र प्रतिस्पर्धी बनाउनु अति जरूरी भएको छ । तर यस सम्बन्धमा ध्यान दिनुपर्ने कुरा के छ भने अहिलेको अवस्थाका राष्ट्रिय बाणिज्य बैंक र नेपाल बैंक लिमिटेडलाई एकै चरणमा र २, ३ बर्षको अवधिमा संयुक्त लगानीको बैंकजस्तै बनाउनु अत्यन्त जोखिमपूर्ण हुन जानेछ । त्यसले बैंकलाई अरू अस्तव्यस्त पार्नेछ ।

यी बैंकहरूमा राजनीतिक दबावमा चाहिनेभन्दा बढी संख्यामा कर्मचारीहरू भर्ना हुँदै आए र ती मध्ये कतिपयमा काम गर्ने उत्प्रेरणा भएको पाइँदैन । उनीहरूलाई प्रतिस्पर्धात्मक किसिमको तलव, भत्ता र सुविधा दिन नसकिएको हुँदा उनीहरूको उत्पादकत्व पनि न्यून छ । यसका साथै यी संस्थाहरूमा धेरै पुराना, अस्वस्थ, काम गर्नबाट मन विचलित भइसकेका र दुष्प्रवृत्तिका कर्मचारीहरूको संख्या पनि उत्तिकै छ । यसले गर्दा पनि यी बैंकहरूको संचालन खर्च अधिक र उत्पादकत्व न्यून रहेको छ । यो अर्को यथार्थ हो । तर के यसलाई दुई तीन बर्षको छोटो अवधिमा पूर्णतः परिवर्तन वा प्रतिस्थापन गर्न सम्भव हुन्छ ? यो त चरणबद्धरूपमा गर्नुपर्ने कुरा हो । यसमा लामो समयसम्मको अभ्यस्तताबाट बनेको सस्कार तत्कालै परिवर्तन हुनसक्ने कुरा होइन । त्यसो गर्न खोजियो भने प्रणाली नै भताभुंग हुनगई बैंकहरू अस्तव्यस्त हुन सक्दछन् ।

विगतमा सरकारी स्वामित्वका बाणिज्य बैंकहरूलाई बैंक चल्ने सम्भावना न्यून भएका स्थानहरूमा समेत विभिन्न उद्देश्यले आफ्ना शाखाहरू विस्तार गर्न लगाइएको थियो । ती मध्ये कतिपय शाखाहरू निरन्तररूपमा घाटामा रहे । त्यसले गर्दा एकातिर बैंकको आकार ठूलो हुँदै गयो भने अर्कोतिर बैंकको संचालन खर्च पनि बढ्दै गई घाटा पनि बढ्दै गयो । बैंकको कारोबार र वित्तीय सूचना तथा विवरणहरू समयमा तयार हुन नसक्नुको पछाडि यस्ता शाखाहरू पनि जिम्मेवार रहेका छन् । त्यसैले यस्ता शाखाहरूको पुनर्गठन गरी सम्भावना भएका स्थानहरूमा मात्र शाखा कायम राख्नु व्यवसायिकताको दृष्टिले उचित हो । तर ती शाखाहरूले विगत लामो समयदेखि त्यहाँका जनतामा बैकिङ सेवा पुऱ्याएर ग्रामीण क्षेत्रमा केही मात्रामा आधुनिक आर्थिक क्रियाकलापहरू संचालन गर्न जुन मद्दत गरिरहेका थिए त्यसको पूर्णतः उपेक्षा गर्नु प्रत्युत्पादक हुन जाने निश्चित छ । आर्थिक अवसरविहीन ग्रामीण क्षेत्रमा जे जति आर्थिक चहलपहल थियो, त्यो यस्ता बैंक शाखाहरूले नै ल्याइरहेका थिए, त्यो पनि बन्द गरिदिएपछि त्यहाँको अवस्था झन् जर्जर हुन जानेछ । त्यसैले सरकारले घाटामा गए भनेर ग्रामीण क्षेत्रका बैंक शाखाहरू बन्द गर्नु वा बन्द गर्न अनुमति दिनु किमार्थ न्यायोचित हुदैन । पुरानो ऋणको असुलीको निमित्त पनि शाखाहरू यथास्थानमा राख्नु जरूरी हुन्छ । यदि त्यसो गर्नैपर्ने हो भने त्यस्ता शाखाको विकल्पमा त्यस क्षेत्रमा अन्य कुनै बैकिङ निकायको स्थापना गरिनु अत्यन्त जरूरी छ ।

नेपालको कुल ग्रामीण कर्जा उपयोगको २० प्रतिशतमात्र संस्थागत क्षेत्रबाट आपूर्ति भईरहेको छ भने ८० प्रतिशतभन्दा बढी कर्जाको माग स्थानीय साहु महाजन, जमिन्दार, सुदखोर आदिबाट आपूर्ति भइरहेको छ । शहरी क्षेत्रमा बैंकमाथि बैंक र विभिन्न थरीका वित्तीय संस्थाहरूको सेवा उपलब्ध छ । तर ८५ प्रतिशत जनता बस्ने ग्रामीण क्षेत्रमा भएको सीमित बैंकिङ सेवा पनि कटौती हुँदैछ । यो असन्तुलन र भौगोलिक दृष्टिले पक्षपातपूर्ण व्यवहारले देशकै सन्तुलनलाई खलबल्याउन खोजिरहेको स्थिति हाम्रो अगाडि छ । नेपालको विस्तृत ग्रामीण क्षेत्रमा संस्थागत स्रोतबाट हुने कर्जा प्रवाहको अनुपातलाई बढाउँदै लैजानुपर्नेमा एकातिर बैंक शाखाहरू हट्ने र अर्कोतिर त्यस क्षेत्रमा जाने कर्जा कार्यक्रम पनि बन्द गरिएपछि ग्रामीण क्षेत्रमा स–साना व्यवसाय संचालन गर्न उपलब्ध हुँदै आएको कर्जाको स्रोत बन्द हुन जानेछ । हालका ग्रामीण विकास बैंकहरूबाट यसको भिन्न किसिमको कार्य प्रणालीको कारणबाट बाणिज्य बैंकहरूले दिइरहेको बैकिङ सेवाको पूर्ण प्रतिस्थापन हुनसक्ने स्थिति छैन । त्यसैले यतिखेरको नेपालको बैंकिङ तथा बित्तीय क्षेत्रको प्रमुख चुनौती भनेको ग्रामीण क्षेत्रमा निरन्तर घट्दो कर्जा प्रवाहलाई कसरी र कुन संस्थागत माध्यमद्वारा बढाउने भन्ने पनि हो । यसको उचित निकास दिन नसक्ने सुधार कार्यक्रमले समग्रतामा मुलुकको हित गर्दैन ।

यसरी विश्व बैंकको वित्तीय एबम् प्राविधिक सहयोगमा नेपालको वित्तीय क्षेत्रको ३ बर्षे सुधार कार्यक्रम लागु हुने तयारीमा छ । यो कार्यक्रम योजनाअनुसार कार्यान्वयन भएपछि नेपालको बित्तीय क्षेत्रमा हाल रहेका कमीकमजोरीहरूमा सुधार भई स्वस्थ र आधुनिक खालको वित्तीय क्षेत्र निर्माण हुने दाबी गरिएको छ । तर ग्रामीण क्षेत्र र साना व्यवसायीहरूको निमित्त बैंकिङ सेवाको वैकल्पिक व्यवस्था गरिएन भने यो सुधारपछि अर्को किसिमका विसंगतिहरू मुलुकमा उत्पन्न हुने बलियो सम्भावना छ ।

**उपसंहार**

सन् १९९० को दशकको आरम्भदेखि विश्वमा अगाडि बढिरहेको विश्व आर्थिक एकीकरणको अभियानलाई उपेक्षा गर्न सकिने र हुने स्थिति छैन । त्यसैले यसलाई बरण गर्ने, यसबाट प्राप्त हुनसक्ने लाभ अधिकतम रूपमा लिने र यसबाट अर्थतन्त्रमा पर्नसक्ने प्रतिकूल प्रभावलाई यथासक्य न्यूनीकरण गर्ने प्रयास गर्नु नै आजको सन्दर्भमा उचित हुन्छ । यो अभियानले प्रभाव पार्ने विकासशील मुलुकका विभिन्न क्षेत्रहरूमध्ये त्यस्ता मुलुकको बैकिङ तथा वित्तीय क्षेत्र एउटा प्रमुख क्षेत्र हो । वित्तीय क्षेत्रको अन्तर्राष्ट्रिय बित्तीय क्षेत्रसँगको एकीकरणको क्रममा जुन मुलुकको वित्तीय क्षेत्र बढी परम्परागत शैलीमा संचालित छ, त्यस्तो मुलुकले अलि बढी कष्ट र उथलपुथल व्यहोर्नुपर्ने र जहाँ सुधारका कार्यहरू अगाडि बढिसकेका छन्, त्यहाँ यस्ता सुधार कार्यहरू सहज ढंगले अगाडि बढ्ने गरेको पाइन्छ । जुन स्वभाविक पनि हो । यस सन्दर्भमा नेपालको अर्थतन्त्र दक्षिण एशियामा सबैभन्दा उदार अर्थतन्त्रको रूपमा मानिएको भएतापनि यहाँको बैकिङ तथा वित्तीय क्षेत्र र विशेषगरी सरकारी स्वामित्वका वित्तीय संस्थाहरू अधिक मात्रामा परम्परागत शैलीमा संचालन भईरहेकाले तिनको सुधार कार्य जटिल र उथलपुथलमूलक हुने भएको छ । यी संस्थाहरूमा एकातिर झण्डै १० बर्षसम्म सुधारका कार्यहरू अवरूद्ध भएको र अर्कोतिर यसबीचमा भएका केही

गलत निर्णयहरूको कारणले गर्दा यी संस्थाहरूमा विकृतिहरू अझ थपिन गएकाले यी संस्थाहरूमा सुरू गरिएका सुधारका कार्यहरू कष्टप्रद र उथलपुथलमूलक हुने भएको छ ।

तर यी संस्थाहरूलाई जुन किसिमका संस्थामा परिणत गर्ने लक्ष्य राखी सुधारका कार्यहरू अगाडि बढाइएको छ, त्यो मुलुकको समग्र विकासको अवस्थासँग मेल खाने वा मुलुकले पचाउनसक्ने खालको भएको देखिँदैन । अर्थात विश्वको सबैभन्दा गरिब र पिछडिएका मुलुकहरूमध्येको एउटा मुलुकमा सबैभन्दा विकसित मुलुकहरूमा प्रचलित जुन बैकिङ प्रणाली स्थापित गर्न खोजिँदैछ, यस्तो बैकिङ प्रणालीले मुलुकको विकास र जनताको उत्थानमा योगदान पुऱ्याउनुको सट्टा मुलुक र जनता स्वयम्ले बैकिङ प्रणालीको विकासको निमित्त मूल्य चुकाउनुपर्ने र मुलुक खुम्चिएर बस्नुपर्ने स्थिति बन्न सक्दछ । साथै ८५ प्रतिशत जनता बसोबास गर्ने ग्रामीण क्षेत्र भएको, ७७ प्रतिशत जनताले जीविकोपार्जन गर्ने कृषि क्षेत्र भएको र गरिबीको रेखामुनी आधाभन्दा बढी जनता रहेको मुलुकमा यी क्षेत्र र यी जनताको उपेक्षा गर्ने बैकिङ तथा बित्तीय क्षेत्र कसको लागि भन्ने प्रश्न उठ्नु स्वभाविक हुन्छ ।

# उज्यालो खोज्दै

**' रामचन्द्र नेपाल**

वरिपरिदेखि क्षितिजसम्म
उसले सुन्यो,
खाँदिएका कर्कश शब्दहरू,
बाँधिएका पीडायुक्त शब्दहरू,
थिचिएका केही सुन्दर शब्दहरू
अनि वातावरणले गिजोलेका
वर्णशंकर ध्वनिहरू !

कुनै पाषाण युगदेखि
चुलिंदै र फेरिंदै आएको
अजंगको राक्षसाकार एउटा चित्रको
एक हातमा अँठ्याइएका कलिला खुशीहरू
अर्का हातमा
नि:शब्द बाँसुरी र
चिथरिएको अनुहारका युगीन नारी चित्रहरू ।

अविरल प्रवाहित निर्झरिणीको पानी पिउँदै
माटो खनेर पाइन्छ कि भन्दै
गाडिएको इतिहास खनिरह्यो, खोजिरह्यो
सूर्यलाई 'ज्वालामय जीवन' बुझ्दै
पसिनालाई 'समुद्री गहिराइमा' बुझ्दै

'खन' र 'खोज' को निरन्तरतामा
आफूभन्दा धेरै अग्लो प्रश्न जन्मायो ....
"गडेको इतिहासमात्र खोज्ने वा
यस माटोमा नयाँ इतिहास उमार्ने ?"

आफ्नो हातको कोदाली उचाल्दै
त्यस आकृतिसित पहिलो पटक
चट्याङको आवाजमा

उसले त्यो खुशी, त्यो चित्र र त्यो मुरली माग्यो ।

त्यतिबेला, बिजुली चम्केझैं
आलोकित भयो त्यस शब्दले धरा,
पहिलो पटक, गगनभेदी आफ्नो आवाज
आफैं सुनेर संकल्पमय हाँसो हाँस्यो ऊ !

यद्यपि, बाँसुरी र धुन
एकाकार भइसकेका थिएनन्
चाँप, बुकी र उन्यौंहरू
आकाश उचाल्ने भइसकेका थिएनन्
हावामा सुसाउने पैंयुँहरूको आवाज
खेत र घरका
सानुकान्छा र माइलीहरूले
सुनिसकेका थिएनन्
उसले आफू उभिएको एक चपरी जमीनमा
उज्यालो पोखिएको छ छैन हेऱ्यो
आफ्नो वरिपरि र आफूलाई हेऱ्यो ।

..... उसले सुनेको थियो
कालीय नागको टाउकोमा नाच्न
कृष्णै हुने पर्ने रे
कृष्ण भएपछि भगवानै हुनुपर्ने रे
राज्यका निम्ति रामै हुनुपर्ने रे
बुद्ध हुनुपूर्व राजकुमारै हुनुपर्ने रे ।

गडेको इतिहास निकाल्न खन्नु ठीकै छ
तर नयाँ इतिहास उमार्न
बिऊ, जीउ र उज्यालोको लागि ऊ
मन, आँखा र पैताला हुँदै
जमीनसम्म पुग्ने उज्यालोको लागि
उज्यालो नै खोज्दै छ, उज्यालैतिर हिंड्दै छ ।

# जनकवि केवलपुरे किसान

## ' मोदनाथ प्रश्रित

'सा *हित्य प्रष्ट हुनु नै पर्छ जनता जगाउने*
*के गरी होला यो देशबाट भाइमारा भगाउने' (किसान)*

जनकवि केवलपुरे किसान जनताकै बीचमा बसेर, जनताकै समस्या उठाई जनताकै भाषा र लयमा गीत र कविता कथ्ने कवि हुन् । उनका कुनै पनि रचनामा शब्दको आडम्बर छैन, कृत्रिमता छैन, क्लिष्टता छैन । उनका गीत र कविताहरू छाँगाबाट झरेको झरनाझैं र कल्कलाउने पहाडी खोलाझैं सललल बग्छन् । निरक्षर किसान, महिला, बुढा, तन्नेरी सबैले उनका रचना बोलचालको भाषाभन्दा पनि सहज ढंगले बुझ्न सक्छन् । अधिकांश गीत लोकलयमा रचिएकाले सबैले सजिलै गाउन सक्छन् ।

उनी सामन्ती अन्याय-अत्याचारको खैरो खन्ने बैरी हुन् र साम्राज्यवाद र विदेशी प्रभुत्वको उछित्तो काढ्ने जोधाहा हुन्। उनी निर्धा, गरीव, सुकुम्वासी, दलित, विधवा, टुहराटुहुरी, सामन्तहरूबाट लखेटिएका परदेशी र सबै शोषित-पीडित जनताका वाणी हुन्। त्यसैले उनका रचनाहरू देशभरिका क्रान्तिकारी जनताका जागरणका मन्त्र बनेका छन्। उनका गीत गाउँ-गाउँसम्म लोकगीत जस्तै बनेर जनजनका जिभ्रामा झुण्डिएका छन्। मैले २०१३ सालमा भोजपुरदेखि अर्घाखाँचीको हरिहर संस्कृत पाठशालामा पढ्न गएका एकजना विद्यार्थीबाट यो गीत सुनेको थिएँ-

*म मरेकी भएदेखि लोग्ने बिहे गर्ने*
*उनी मर्दा मैले चाहिं यसै बस्नुपर्ने*
*यस्तो चलन बनायो कल्ले त्यो मोरालाई लैजाउन बाँधेर।*

त्यो गीत धेरै बर्षसम्म मलाई आम लोकगीत जस्तै लाग्यो। पछि पो थाहा भयो त्यो गीत त केवलपुरे किसानकै रहेछ।

*चारैतर्फ छ अन्धकार निमुखामाथि छ त्यै शोषण*
*गर्ने हुन् कि ति मित्रराष्ट्रहरूले नेपाल आलिंगन*
*यो नेपाल नछो ! नछो ! अब नछो ! इन्क्लावी नाराभर*
*भिक्षाले हक पाइँदैन जन हो ! संघर्षको ठीक् गर।*

यो कविता २०१७-०१८ सालतिर बनारसमा पढ्ने धेरै विद्यार्थीलाई कण्ठै थियो, तर रचना कसको हो, थाहा थिएन। यो पनि केवलपुरेकै कविता रहेछ।

यसरी जनजनको मन-मनमा पुगेका कवि हुनाले उनलाई कुनै माथिको संस्थाले औपचारिक रूपले कुनै उपाधि, विभूषण दिनुपरेन। उनलाई जनताले नै आफूखुसी जनकवि भन्दै गए र त्यसरी नै चिन्दै गए। जनताको भाषा र लयमा जनताकै समस्या गाएर लोकप्रिय भएका कविलाई जनताले जनकवि नभनेर के भन्ने त ? उनी गोकुल जोशी र अलिमियाँ जस्तै जनताबाट स्वतः सम्मान र उपाधि पाउने जनकवि हुन्, लोककवि हुन्।

उनी जन्मेका हुन्-वि.सं. १९८३ को चैतमा, धादिङ लामिडाँडाको केवलपुरमा। चिनाको नाम देवीप्रसाद पौडेल हो, तर उनलाई त्यस नामले कसैले चिन्दैन। उनलाई आफ्नो जन्मतिथि पनि थाहा छैन।

२००४ मा रानीपोखरी पाठशालामा उनी संस्कृत पढ्दै थिए। त्यसैबेला राणाशासकले 'संस्कृत भाषा मृतभाषा हो' भनेर हेपेपछि 'जयतु संस्कृतम्'को विद्यार्थी आन्दोलन जम्क्यो। किसान पनि त्यस आन्दोलनका योद्धा थिए। आन्दोलनकारीहरूलाई पिटियो, पक्डियो, थुनियो र लखेटियो। लखेटिनेमध्ये धेरैजसो पढाइ पूरा गर्न र पार्टीका नेताहरूलाई भेट्न बनारसतिर लागे। किसानजी पनि चुटाइ, थुनाइको परीक्षा पास गरी बनास पुगे। त्यहाँ पुगेर उनले 'युगवाणी'को सम्पादन गरेर साहित्यको आगो बालिरहेका महाकवि लक्ष्मीप्रसाद देवकोटालाई भेटे। देवकोटाकै संगत र प्रेरणाले उनमा कविताको मूल फुट्यो। अनि २००५ सालमा 'युगवाणी'मा 'आह्वान' शीर्षकमा उनको कविता 'ऐलेको युगधर्म जो छ गर त्यो राष्ट्रिय सेवा ठूलो' छापियो। त्यसरी पहिलोपटक कविता छापिंदा उनी खुसीले गद्गद् भए र साहित्यकै माध्यमबाट जीवनभरि देश र जनताको सेवा गर्ने संकल्प गरे।

त्यसबेलाको बनारस नेपाली क्रान्तिकारी राजनीतिको केन्द्र थियो। राजनीतिका शिखर व्यक्तित्वहरू त्यहीं भेट हुन्थे र त्यतैबाट पार्टीहरूको संगठन र संघर्षको विस्तार गर्दै थिए। त्यहाँ देवकोटाको उपस्थितिले साहित्यिक र पत्रकारिता क्षेत्र पनि उर्जावान् भएको थियो। नयाँ-नयाँ सशक्त कलम जग्मगाउँदै थिए। देवीप्रसाद पौडेल बनारसबाट संस्कृतमा पूर्वमध्यमा उत्तीर्ण गरी कवि केवलपुरे किसान बनी २००६ मा नेपाल फर्के र क्रान्तिकारी साहित्यको माध्यमबाट जनतालाई जगाउने र संगठित गर्ने काममा जुटे।

उनको भेट र संगत पुष्पलाल र प्रगतिशील साहित्यकारहरूसँग भएको हुनाले उनले मार्क्सवादी दर्शन र समाजवादी आदर्श अँगाले। उनी गाउँघरमा जातपात, छुवाछूत, अन्धविश्वास र रूढीवादविरोधी आन्दोलनमा सक्रिय भए। गाउँका ब्राह्मण, पण्डित पुरोहितहरूलाई जुटाएर उनले आफ्नो 'किसान' नामलाई सार्थक पार्दै हलो जोत्ने अभियान चलाए। त्यसबाट उनले निकै घुर्कीधम्की पनि सहनुपर्‍यो तर ती केही समयमै पानीका फोकाजस्तै बिलाए।

केवलपुरे किसान २००७ को आन्दोलनका साहित्यिक र सांस्कृतिक योद्धा थिए। तर त्यसपछि बनेको सरकारका कामबाट उनी असन्तुष्ट भए। त्यसबेला जब दिल्ली सम्झौताविरूद्ध संघर्षका योद्धाहरू उत्रे, उनीहरूलाई भारतीय सेना बोलाएर दबाउने र मार्ने काम भयो। त्यसबेला कवि किसानले लेखे-

*नेपालमा के सरकार आयो किसानलाई गोलीले उडायो*
*मन्त्री मण्डल गठन गर्न पुग्छन् यिनै दिल्ली*
*नेपालको शासन गर्ने नेहरूका बिल्ली।*

... ... ...

*हाम्रो देशका दाजुभाइलाई अंग्रेजले हेर*
*मलाया र हिन्दचीनमा लाखौं कटाइरेछ*
*तिनैलाई झिका भन्दा विदेशीलाई ल्याउँछ*
*भारत सरकार मादल ठोक्छ नेपाल सरकार नाच्छ।*

त्यसबेला भारतले मादल ठोकेको र कांग्रेस सरकार नाचेको थुप्रै कार्टून बनाएर कलाकारहरूले बिजुलीका खम्बा र भित्ताहरूमा टाँसेका थिए।

केवलपुरे किसानको जनवादी साहित्यिक यात्रा त्यहाँदेखि अहिलेसम्म निरन्तर जारी छ। २००९ सालमा 'बाघ आयो' शीर्षकमा उनको पहिलो कविता र गीतको संग्रह छापिएको थियो। त्यसपछि क्रमशः 'नेपाल नछो' (२०१०), 'समातेर पछार' (२०११), 'छि : छिः' (२०१२), 'संघर्षको ठीक गर' (२०१६) गीत र कविताका संकलनहरू निस्कँदै गए।

२०१७ पछिको वातावरण क्रान्तिकारी साहित्यको निम्ति अप्ठेरो थियो । त्यसैले किसानले त्यसपछि पत्रपत्रिकामा रचना छाप्दैरहे, पुस्तक आकारमा निकाल्ने अनुकूलता पाएनन् । २०१७ को घटना र त्यसपछिको स्थितिबारे उनले लेखे-

*भौतारिंदा भौतारिंदा सत्र साल आयो*
*बाघले बाखा खाए जस्तै धेरै मान्छे खायो*
*तितरवितर भए सबै घ्याम्पा जस्तै फुटे*
*गरीवका रगतले सामन्तले चुठे ।*

किसान प्रखर राष्ट्रवादी कवि हुन् र उनले साम्राज्यवादविरूद्ध ज्यादै चोटिला कविताहरू लेखेका छन् । उनी स्वाभिमानका प्रतिमूर्ति हुन् र कहिले पनि उनले ठूलाबडा राजारजौटाहरूको प्रशंसा र गुणगान गरेनन् । उनले त बरू नेताहरूलाई सधैं खबर्दारी गरे, शासनबाट गल्ती हुँदा सधैं चोर औंला ठडाए । उनका साहित्यका सामग्री गाउँका गरीव, दुःखी किसान र शहरका छिंडीमा बस्ने श्रमजीवी जनता हुन् । उनको कलम दलितहरूको पक्षमा, संघर्षको पक्षमा, शिक्षा प्रचारको पक्षमा र जनताको उज्यालो भविष्यको पक्षमा चलिरह्यो । २०४५ मा उनका पुराना र नयाँ रचनाहरूको एकमुष्ट बिटो 'केवलपुरे किसानका गीत र कविताहरू' प्रकाशित भयो । २०४८ मा बाँकीटाँकी कविता र गीतहरूको पोको 'बोको खस्यो' शीर्षकमा निस्क्यो । यी दुवैमा उनको जीवन दृष्टि, चिन्तन, ध्येय, पात्र, शैली आदिको समग्र तस्वीर देखिन्छ ।

जनकवि किसान अहिले केवलपुर छोडेर काठमाडौंको सीतापाइलामा बसेका छन् । कमीज सुरवाल र भाद्गाउँले टोपी लाएर स्वयम्भूदेखि वाफलसम्म घुम्दै कविता गुन्गुनाउँदै गरेका किसानलाई साँझ-बिहान सधैं भेट्न सकिन्छ ।

२०५४ भदौ १९ गते कवि किसानको जीवनमा ठूलो बज्रपात भयो । जीवनभरको संघर्षमा उनलाई साथ दिने श्रीमती सावित्री पौडेल लामो समय दमले ग्रस्त भएर श्रीमान्‌लाई एक्लै छोडी संसारबाट बिदा भइन् । त्यस घटनाले धेरै दिनसम्म किसानलाई असह्य रूपले रन्थनायो । त्यही पीडामा उनले 'आँसुको पोखरी' शोककाव्य रचे । शोक र करूणाले भरिएको त्यो काव्य ज्यादै मार्मिक बनेको छ र त्यसले माधव घिमिरेको 'गौरी'लाई सम्झाउँछ । त्यो काव्य २०५८ मा प्रकाशित भयो । त्यसैसाल 'किसानको आन्द्राभुँडी' (कविता र गीतमय आत्मकथा) को क्यासेट पनि निस्क्यो ।

जनकवि किसानको संघर्ष र सिर्जनाले भरिएको जीवनलाई सम्मान गरी 'कृष्णमणि पुरस्कार' (२०४८) र 'गोकुल साहित्य पुरस्कार' (२०५२) प्रदान गरिएको थियो । तिनै लोकप्रिय जनकविको सम्मानमा २०६० को चैतमा मोहन दुवालको सम्पादकत्वमा बनेपाबाट निस्कने 'जनमत' (साहित्यिक मासिक)ले २४० पृष्ठको 'केवलपुरे किसान विशेषांक' समर्पित गरी भव्य समारोहका बीच अभिनन्दन गर्‍यो । त्यसमा नेपालका पुराना र नयाँ पुस्ताका गरी झण्डै असीजना साहित्यकारहरूले किसानको जीवनका विविध पक्षबारे कलम चलाएका छन् । ७८ वर्षे जनकविलाई यसरी जीवित अवस्थामै सम्मान गरेर 'जनमत'ले ज्यादै महत्वपूर्ण काम गरेको छ ।

केवलपुरे किसान जनताको माया र सम्मानले शतायु बाँचेर सृजन कार्यमा निरन्तर योगदान गरिरहन समर्थ होउन् !

***स्वयम्भू***
*२०६१/२/१५*

# 'नयाँ सत्ताको गीत'मा कहालीलाग्दो संगीत

यतिबेला माओवादीले दुईटा सत्ता भनेका छन्, आफ्नो नयाँ सत्ता र राज्यको सत्तालाई पुरानो सत्ता । यी दुई सत्ताबीच चर्को द्वन्द्व चलिरहेको छ । यसै मौकामा जाजरकोटका निरज आचार्यले माओवादीकै 'नयाँ सत्ता'लाई विषयबस्तु बनाएर 'नयाँ सत्ताको गीत' नामक उपन्यास बजारमा ल्याएका छन् । अहिले समस्यामात्र होइन, बिकाउ पनि भएको छ- माओवादीको 'नयाँ सत्ता' । अखबारदेखि साहित्यका पुस्तक, रेडियो, टेलिभिजनमा नयाँ सत्ताका छापहरू परेका छन् । निरजको उपन्यासको यात्रा काठमाडौंबाट शुरू हुन्छ, जुन राजमार्गमा माओवादीद्वारा गराइएका घटना, बनाइएका चिन्ह, निर्माण गरिएका सेल्टर, संगठन र आधार इलाका भेटिन्छन् ।

यात्राको राजमार्गमा हिंड्ने दुई यात्री दुई ध्रुवका भएपनि मायाको एउटै डोरीमा बाँधिएका छन् । शोभा र किरण नयाँ सत्ताका नायक-नायिका हुन् । बालकपनको माया दुवैमा गाढा छ, यद्यपि शोभा माओवादी नयाँ सत्ताकी नायिका हुन् भने किरण एउटा राम्रो शिक्षा हासिल गरेको बुद्धिजीवी । नयाँ सत्ताको हल्ला निकै चलेको छ शहरमा । शहरमा बस्ने किरणलाई नयाँ सत्ताको बारेमा जान्ने उत्सुकता भइरहेको बेला नयाँ सत्ताको क्षेत्रबाट प्रेमिका शोभाको चिठी उसको हातमा पर्छ । शोभा शहर आउँछिन् र किरणलाई भेट्छिन् । केही समयको बसाइपछि उनीहरू नयाँ सत्तातिर फर्कन्छन् ।

किरण जुन कल्पना गरेर नयाँ सत्ताको भ्रमण गर्न जान्छ, तर सोचेभन्दा उल्टो अनुभव गर्छ । शोभाको नयाँ सत्ताको अध्ययन भ्रमण गरिसकेपछि किरणलाई सकारात्मक प्रभाव पर्दैन । किरणको माध्यमबाट लेखकले माओवादीले स्थापना गरिएको भनिएको नयाँसत्ताको चिरफार गरेका छन् । नयाँ सत्ताको नाममा भएका सकारात्मक, नकारात्मक क्रियाकलापलाई केलाउने काम गरेका छन् उनले । तर विडम्बना, उनले नयाँसत्तामा नकारात्मक क्रियाकलापको डंगुर भेट्टाउँछन् । लेखकले माओवादी क्रियाकलापको निर्भीकतापूर्वक विरोध गरेका छन् ।

उपन्यासमा माओवादी नयाँसत्ताका कहालीलाग्दा दृश्यहरू छन् । उपन्यास पढ्दा यस्तो लाग्छ-नयाँ सत्तामा रगतको खोलामा लासहरू तैरिरहेका छन् । लासको गन्धले मान्छेको चेतना निस्क्रिय हुँदै गइरहेको छ र बन्दुके राजनीतिले खुल्ला आकाश र धर्तीमा स्वतन्त्रतापूर्वक हाँस्न, बोल्न दिइरहेको छैन । उपन्यासका नायक-नायिकाहरू छ जिल्लाको भ्रमण गर्दै जाँदा कहीं पनि नयाँ सत्तामा

उल्लेखनीय काम देख्न सक्दैनन् । जता हेरे पनि निराशैनिराश, जता हिंडे पनि अस्तव्यस्त, ध्वंश र विनाशमात्र देख्छन् । यहाँसम्म कि माओवादीको विशेष मोडेल क्षेत्रमा पनि उल्लेखनीय काम भेट्टाउँदैनन् उनीहरू । उपन्यासमा भनेजस्तै यथार्थ हो भने माओवादीहरू असफल भएको ठान्नुपर्छ र राजनीतिलाई सिद्धान्तले होइन बन्दुकले नियन्त्रण गरेको ठान्नुपर्छ ।

उपन्यासका पात्रहरू नयाँ सत्ताका जनता पनि छन् र कार्यकर्ता पनि । तर ती कार्यकर्ताहरू बलजफ्ती बनाइएका छन् र असन्तुष्टीको भारी बोकेर बाँचिरहेका छन् । जनताप्रति जिम्मेवार पार्टीले हरेक जनताका एकएक असन्तुष्टीलाई समाधान गरेको हुनुपर्छ । त्यहाँ यस्तो छैन । समस्यैसमस्या मात्र छन्, नयाँ सत्तामा ।

उपन्यासकार लेख्छन्-'जाजरकोटको भौगोलिक सेरोफेरोमा मैले आरम्भ गरेको राजनीति र करिब त्यही भेगबाट उत्पन्न हिंसात्मक तथा कारूणिक परिवेशका बीचबाट उठेका घटनाक्रमको संवेदनालाई औपन्यासिकता दिने प्रयत्न गरेको छु ।' लेखक राजनीतिकर्मी भएको यो भनाइबाट प्रष्ट हुन्छ । राजनीति जहिले पनि शुद्ध हुनुपर्छ र यदि राजनीतिमा पूर्वाग्रह भयो भने त्यो अर्कै नीति हुन्छ । लेखनमा भन् जे छ, त्यो कुरा विम्बित हुनु जरूरी छ । प्रस्तुत उपन्यास पढ्दा माओवादी उद्गमस्थल, अतिप्रभावित जिल्लाहरूको बारेमा जानकारी पाइन्छ र आफ्नो इलाकामा के-के क्रियाकलाप गरेका छन्, जो कोहीले बुझ्न सक्छ । लेखक आफैं भुक्तभोगी भएर होला, 'नयाँ सत्ताको गीत'मा माओवादी क्षेत्रका धेरै कुरा दिन सफल भएको ठान्नुपर्छ । तर यसमा वर्णनात्मकता वेसी नै पाइन्छ । साहित्यमा विवरणले बढी ठाउँ पायो भने त्यो रूचिकर नहुन पनि सक्छ । यद्यपि यो उपन्यास पढ्न शुरू गर्दादेखि नै अन्त्यसम्म कौतुहलतामै सकिन्छ । पढिसक्दा पनि कौतुहलता मेटाउन असफल छन् उनी ।

दुई वर्ग भएको समाजमा एउटा वर्गविरूद्ध अर्को वर्ग आन्दोलित हुन्छ । यसमा माओवादी आन्दोलित मात्र भएको छैन, युद्धरतसमेत छ । माओवादीको विरूद्धमा खरोरूपमा प्रस्तुत भएर नयाँ सत्ताको चिरफार गर्न लेखक जति सफल भएका छन्, त्यति माओवादीको विकल्प के हो ? भन्नेबारेमा स्पष्ट नभएको भान हुन्छ । समस्याको समाधान जहिले पनि हुने भएकोले लेखकले माओवादी समस्याको निकास बताउनु जरूरी थियो, त्यो भएन ।

'नयाँ सत्ताको गीत'मा लेखकले संगीत भर्ने प्रयास गर्दागर्दै कलाको अभाव खट्किएको छ । सुधार गर्नुपर्ने ठाउँको कमी छैन । तर पढ्दा सर्र्र् बुझिन्छ ।

अन्त्यमा, राजनीतिज्ञ एवं साहित्यकार प्रदिप नेपालको भनाइले 'नयाँ सत्ताको गीत'लाई अझ स्पष्ट पार्नेछ- 'जीवनका राम्रा पाटाहरू उत्खनन् गर्नाको लागि साहित्यको परिश्रमी खेतीको फूलबारीमा प्रवेश गरेको छ । कलाको नाममा प्रयोजनहीन गन्थनहरू छैनन्, उपन्यासमा । त्यहाँ छ, मध्यपश्चिम क्षेत्रको सुरम्य प्रकृतिको लोकजीवन । निरजले मातृभूमिको, मातृभाषाको ऋण तिरेका छन् आफ्नो सिर्जनाको माध्यमबाट । भूमिकामै विष्णु रिजालले प्रस्तुत उपन्यासलाई 'अनुभव, पीडा र यथार्थको दस्तावेज' भनेका छन् ।
***– गंगा बीसी***

# धादिङको कम्युनिष्ट आन्दोलनको इतिहास

## ' राजेन्द्रप्रसाद पाण्डे

**रा**णाको दरवारमा जागिरे हुन पुगेका धादिङ कल्लेरीका सुब्बा हेमनाथ खतिवडा र केदारनाथ खतिवडाले राणाविरोधी गतिविधिमा भाग लिएको आरोपमा देशनिकाला भई वाराणसीमा निर्वासनमा जानुपरे पनि राणाविरोधी प्रभाव धादिङ्गे जनतासम्म आइपुग्न सकेन । धादिङ जिल्लामा वाम राजनीतिको बीउ रोप्नमा केवलपुरका देवीप्रसाद पौडेलको विशेष योगदान छ । २००४को "जयुत संस्कृतम्" आन्दोलनमा धादिङ केवलपुरका देवीप्रसाद पौडेल (केवलपुरे किसान)ले भाग लिएको आरोपमा कारबाहीमा परेपछि राणाविरोधी प्रचार धादिङमा शुरू भयो । २००६ सालमा कम्युनिष्ट नेता तुल्सीलाल अमात्यसँग देवीप्रसादको भेट भएपछि कम्युनिष्ट राजनीतिसँग प्रभावित भए । रूढीवादी कुसंस्कारका विरूद्ध जुध्ने नाममा "बाहुनद्वारा हलो जोत्ने" अभियान चलाउँदा जनतामा विस्थापित हुने स्थिति बन्यो । ००८ सालमा प्रगतिशील साहित्यकार श्यामप्रसादलाई केवलपुरमा लगी अखिल नेपाल किसान संघको शाखा कमिटी बनाउने कार्यमा लागे तर पार्टी संगठन निर्माणलाई भन्दा साहित्यिक गतिविधिमा रूची राख्ने कारण कम्युनिष्ट पार्टीको संगठन निर्माण र विस्तार हुन सकेन । ०१५ सालको आमनिर्वाचनमा आफ्नो पार्टीलाई मत नदिनेहरूका विरूद्ध नेपाली कांग्रेसका जिल्ला नेताहरूले उत्तरी भेगको दार्खा, सत्यदेवी, गुम्दी र दक्षिण भेगमा ताल्ती लगायतका केही गाउँमा लुटपाट गर्ने, कुटपिट गर्ने, महिलालाई अभद्र व्यवहार गर्ने कामको नेतृत्व गरेको कारण जिल्लाभरि कांग्रेसविरोधी भावना फैलियो र जनताले कांग्रेसको विकल्प पार्टीको खोजी गर्न थाले । धादिङ जिल्लामा अध्ययन गर्ने विद्यालयको अभावमा बनारस पुगेका विद्यार्थी कम्युनिष्ट विचारसँग प्रभावित भई गाउँमा फर्कंदा पुस्तकालय खोल्ने र प्रगतिशील विचारको प्रचार गर्ने काम २०१९/२० सालतिर भयो । सो काममा निबुवाश्वाराका मुरारी शर्मा अधिकारी, रिचोकटारका घनश्याम कँडेल, ताल्तीका हेमराज कँडेल र ठाकुरप्रसाद शर्माले गर्नुभयो । कम्युनिष्ट नेताहरूबाट प्रभावित माथि नाम उल्लेखित युवाहरू बनारसबाट काठमाडौंमा अध्ययन गर्न फर्के र २०२२/२३ सालतिर जिल्लामा प्रगतिशील राजनीतिको प्रचार शुरू गरे । २०२२ सालमा रसुवा, नुवाकोट र धादिङ जिल्लाबाट काठमाडौंमा अध्ययन गर्ने विद्यार्थीबीच पश्चिम नं १ छात्र समिति गठन गरी विद्यार्थीबीच राजनीतिक काम शुरू गरे ।

०२३ सालदेखि २०३० सालसम्म धादिङको नौबीसेदेखि पोखरासम्म पृथ्वी राजमार्ग निर्माण गर्ने क्रममा सडक निर्माणका लागि आएका चिनियाँ पर्यटकहरूको असल व्यवहार देखेर, चिनियाँ क्रान्तिका तथा जापानी साम्राज्यवादीका विरूद्ध चिनियाँ

जनताले गरेको आन्दोलनको फिल्म हेरेर, चिनियाँ डाक्टरहरूबाट उपचारको सहुलियत प्राप्त गरेर पनि कम्युनिष्टहरू असल हुन्छन् भन्ने प्रभाव परेको थियो । यिनै गतिविधिलाई धादिङको वाम आन्दोलनको पृष्ठभूमि मान्न सकिन्छ ।

**धादिङमा कम्युनिष्ट पार्टीको संगठनात्मक गतिविधि**

२०२५ सालतिर भारतीय क्रान्तिकारी नेता चारू मजुमदारले "कलेज छोड, जनताको सेवा गर्न गाउँ पस" भन्ने नारा भारतमा दिएपछि सो नाराबाट प्रभावित उत्साही धादिङ्गे युवाहरूले पनि जिल्ला फर्केर राजनीतिक चेतना दिने उद्देश्यले गजुरीमा ०२५ साल पुस ११ गते आदर्श हाइस्कुल स्थापना गरे । त्यसबेलासम्म धादिङ जिल्लामा एउटा पनि माध्यामिक विद्यालय थिएन । सो विद्यालय स्थापनामा महत्वपूर्ण भूमिका निभाउने प्रगतिशील युवाहरूमध्ये हेमराज कँडेलको नेतृत्वमा विद्यासागर कँडेल, ठाकुर कँडेल, मुरारी अधिकारी, सुमनदास श्रेष्ठ आदि रहेको नेपाल कम्युनिष्ट पार्टी धादिङ शाखा कमिटी त्यसै वर्षको अन्त्यतिर गठन गरेका थिए । यसै कमिटीको सक्रियतामा जोगीडाँडा (महादेवस्थान) मा गौरीशंकर पुस्तकालय, गजुरीमा जनजागृति पुस्तकालय, रिचोकटारमा प्रकाश पुस्तकालय आदि खोली प्रगतिशील राजनीतिको प्रचार प्रसार गर्ने काम भएका थिए । त्यसबेला आदर्श हाइस्कुलका शिक्षकहरूले गजुरी आसपासमा बजार तथा गाउँहरूमा, गोरखा आरूघाटको भिमोदय मा.वि. का शिक्षकहरूबाट सल्यानटार, चैनपुर आदि गाउँहरूमा प्रगतिशील राजनीतिको प्रचार हुन पुगेको थियो । आदर्श हाइस्कुलमा विद्यार्थी युनियनको निर्वाचन गराई विद्यार्थीबीच व्यापक प्रगतिशील राजनीतिको प्रचारसमेत गरिएको थियो । त्यसबेला गजुरीमा बनेका शाखा कमिटीकै सक्रियतामा गजुरीमा किसान कमिटी पनि गठन भएको थियो ।

स्वतन्त्र राज्य सिक्किमलाई २०३१ सालको भदौमा भारतले गाभेपछि सो हस्तक्षेपको विरूद्ध राजधानीमा भएको विद्यार्थी आन्दोलनमा सरिक हुँदै २०३१ सालको लामो विद्यार्थी आन्दोलनको सिलसिलामा जेल पर्दा ०२८ सालमा सञ्चालन भएको झापा आन्दोलनका राजबन्दीसँग क. राजेन्द्र पाण्डेको सम्पर्क भयो र जेलबाट छुटेपछि राजेन्द्र पाण्डेबाट मलेखु आसपासका युवाहरू मिनराज कँडेल, वसन्त सिलवाल, विश्वनाथ त्रिपाठी, हेरम्व सिलवाल, कमलराज कँडेल र प्रमोदराज शर्माबीच को-अर्डिनेशन केन्द्रको राजनीतिक प्रचारमा लाने काम भयो। अध्ययनको क्रममा बनारस पुग्नुभएका कल्लेरीका जगन्नाथ नेपालबाट ०३४ सालमा वनारसमा सम्पर्कित भई जिल्ला फर्केर को-अर्डिनेशन केन्द्रको राजनीति प्रचार कार्य सुरू भयो । ०३६ सालको सुरूतिर जगन्नाथ नेपालको नेतृत्वमा बलराम ढुंगाना, ज्ञानेन्द्र के.सी., भीम प्रकाश ओझा र क. राजेन्द्र पाण्डेको नेतृत्वमा कमलराज कँडेल, विश्नाथ त्रिपाठी, मिनराज कँडेल र हेरम्वराज सिलवाल रहेको छुट्टाछुट्टै क्रान्तिकारी संघको रूपमा पार्टी कमिटी बनेका थिए ।

शिक्षक विद्यार्थीबीच पार्टी प्रभाव फैलदै गएपछि जिल्लास्तरीय पार्टी संगठनको आवश्यकता महसुस गरी को.के. को अगुवाईमा ०३६ साल कार्तिकको अन्तिम हप्ताको शुक्रवार गजुरीस्थित राजेन्द्र पाण्डेको कोठामा राजेन्द्र पाण्डे, जगन्नाथ नेपाल, गुरूप्रसाद बुर्लाकोटी, टंकनाथ शर्मा र भीमप्रकाश ओझा रहेको ५ सदस्यीय जिल्ला पार्टी सक्रिय दल (DPAG)को गठन भयो । यसको सचिवमा राजेन्द्र पाण्डे छानिनुभयो भने कमिटी गठन युवराज कार्कीले गराउनुभएको थियो । जिल्ला पार्टी सक्रिय दलको बेनीघाट, चैनपुर, खाल्टे, नलाङ, कल्लेरीमा गाउँ पार्टी सक्रिय दल निर्माण भएका थिए ।

पार्टी संगठनलाई विस्तार गर्ने क्रममा ०३७ फागुन सम्म १ जनामात्र पूर्ण सदस्य भएकोमा जगन्नाथ नेपाल र गुरू बुर्लाकोटीलाई पूर्ण सदस्यता प्रदान गरी पार्टी सदस्य संख्या बढाइएको थियो । ०३६ साल कार्तिकमा गठन भएको जि.पा.स. दल धादिङको संगठक क. युवराज कार्की सरूवा भई एक वर्षपछि अमृत बोहराले जिम्मा लिनुभयो । जिल्लामा पार्टी कामको विकास गर्न काठमाडौंमा अध्ययन गर्ने विद्यार्थीहरूको अत्यन्तै ठूलो योगदान छ । ०३६ सालको विद्यार्थी आन्दोलनपछि अनेरास्ववियु पाँचौं र छैटौंको विवादका समय धादिङ जिल्लाबाट काठमाडौंमा अध्ययन गरिरहेका छात्रहरूले रसुवा, नुवाकोट र धादिङका विद्यार्थीहरूबीच प. नं. १ स्ववियु गठन गरेका थिए । पछि अनेरास्ववियुको पाँचौं र छैटौं भन्ने २ समूहको विभाजनपछि अनेरास्ववियु पाँचौंका देवप्रसाद त्रिपाठीको नेतृत्वमा प. नं. १ स्ववियु तयारी कमिटीको गठन भएको थियो । त्यसपछि सो कमिटीको नेतृत्व पुष्प कँडेलले गर्नुभयो । पुष्प कँडेलको नेतृत्वमा "धादिङ काठमाडौं सम्पर्क कमिटी" बन्यो ।

झण्डै ३ बर्ष अमृत बोहरा धादिङको संगठक रहनुभयो । ०४० सालदेखि अमृत बोहराको पार्टी कामका सिलसिलामा सरूवा भएपछि धादिङ जिल्लाका संगठकको रूपमा इश्वर पोखरेल आउनुभयो । उहाँले धादिङको पार्टी काममा धेरै समय दिन सक्नुभएन ।

**पार्टी संगठन निर्माण गर्न शिक्षक आन्दोलनले खेलेको भूमिका**

०४२ साल वैशाख १५ मा सचिव राजेन्द्र पाण्डे शिक्षक आन्दोलनको क्रममा काठमाडौंको रत्नपार्कमा गिरफ्तार भई ६ महिनासम्म केन्द्रीय कारागारमा रहनुभयो भने संगठक इश्वर पोखरेल पार्टी कामकै सिलसिलामा ०४२ जेठ ४ गते दोलखामा गिरफ्तार हुनुभयो । नेतृत्व गर्नेहरू जेल परेका कारण पार्टी काममा समस्या भएकोले धादिङको पार्टी काम हेर्न विनोद घिमिरे आउनुभयो तर अस्वस्थताका कारण उहाँ केही दिनमै फर्कनुभयो । जिल्लाको पार्टी कामको नेतृत्वविहीन अवस्थालाई पूरा गर्न पार्टी केन्द्रले ०४२ असोज महिनामा युवराज कार्कीलाई पठायो । उहाँले भूमिगत पेशेवर कार्यकर्ताको रूपमा धादिङमै रहेर पार्टी काम गर्नुभयो । सोही बर्षको कार्तिकमा राजेन्द्र पाण्डे जेलबाट छुट्नुभयो । शिक्षक संगठनका तत्कालीन नेतृत्वदायी व्यक्तिहरू अध्यक्ष राजेन्द्र पाण्डे, सचिव रामप्रसाद अधिकारी, सहसचिव गुरूप्रसाद बुर्लाकोटी, सदस्यहरू कृष्णप्रसाद अर्याल, श्रीकान्त भट्टराई, केन्द्रीय प्रतिनिधि टंकनाथ शर्मालाई बेजिल्ला सरूवा गऱ्यो भने अस्थायी शिक्षकहरू देवी लोहनी, रामप्रसाद अर्याल, सिताराम दुवाडी र पुनाराम गौतमलाई अवकास दिने काम गऱ्यो । निस्क्रिय रहेको ५ जनाको जि.पा.स. दललाई विघटन गरी

०४२ मंसिर ५ गते मलेखुमा देवी लोहनीको घरमा ४ जना पार्टी सदस्यहरू युवराज कार्की, राजेन्द्र पाण्डे, जगन्नाथ नेपाल र बोधराज त्रिपाठी रहेको जिल्ला संगठन कमिटी धादिङ बन्यो । सो कमिटीको सचिवमा युवराज कार्की हुनुहुन्थ्यो ।

**जिल्ला पंचायतको निर्वाचन सफलता र पञ्चायती दमन**

स्थानीय निकायको निर्वाचनमा पनि उपयोगको निति बनाएको हुँदा जिल्ला पार्टी कमिटी धादिङले राजेन्द्र पाण्डेलाई जिल्ला सभापति र खेम लोहनीलाई उपसभापतिमा उठाउने निर्णय गऱ्यो । सवै दमनका बावजुद पनि राजेन्द्र पाण्डे सभापतिमा विजयी हुनुभयो भने खेम लोहनी धाँधलीका कारण १९ मतले मात्र पराजित हुनुभयो ।

राष्ट्रिय पञ्चायतको उपयोगदेखि जिल्ला पञ्चायतको उपयोग गर्दै प्रथम जिल्ला सम्मेलन (०४५ असोज) सम्म आइपुग्दा अर्धभूमिगत र भूमिगत भेला तथा सम्मेलन गरी अनेमसंघ, प्ररामञ्च, जनपक्षीय मञ्च, जनसांस्कृतिक मञ्च, अनेरास्ववियु आदिका जिल्लास्तरीय कमिटीहरू गठन भई शिक्षक संगठनमा एक्लौटी बर्चश्व कायम गर्नेदेखि लिएर मगर जातिको जिल्लास्तरीय संगठन निर्माण गर्नेसम्मका कामहरू पनि भएका थिए ।

जिल्ला सम्मेलन सम्पन्न भएको ५ महिना वित्न नपाउँदै जि.क. सदस्य तथा तत्कालीन जिल्ला पञ्चायत सभापति राजेन्द्र पाण्डेलाई फागुन ७ गते मञ्चबाट राजा र पञ्चायतको अन्त्य हुन्छ भन्ने कुरा बोल्यो भन्ने आरोप लगाउँदै ३ बर्ष जेल र ३ हजार जरिवाना हुने राजकाज अपराध र सजायको मुद्दा लगाई ०४५ फागुन १३ गते जेलचलान गऱ्यो । राजेन्द्र पाण्डेको गिरफ्तारीपछि जिल्लामा ज्यादै दमन र धरपकड सुरू भयो । धादिङ जिल्लाको इतिहासमा कम्युनिष्टमाथिको सवैभन्दा ठूलो दमनको काल यसै अवधिलाई मान्न सकिन्छ । यस अवधिमा प्रशासनिक दमन र आतंकको कारण कार्यकर्ता तथा समर्थकको पनि मनोवल ज्यादै गिरेकोले पार्टी काममा केही समस्या देखापऱ्यो । यस अवधिमा नै उत्तम कँडेल पार्टी काममा नुवाकोट जानुभयो । जिल्ला कमिटीको कामको क्षेत्रलाई ध्यानमा राखी ०४६ सालको जेठमा गंगालाल तुलाधरलाई जिल्ला कमिटीमा संगठित गर्ने काम भयो ।

**जनआन्दोलन र गिरफ्तारी**

०४५ सालको अन्त्यतिर शुरू भएको भारतीय नाकाबन्दीले राष्ट्रमा जटिल स्थिति देखापऱ्यो । यसै अवधिमा ०४६ भदौ ९-१४ सम्म नेकपा (माले) को ऐतिहासिक चौथो महाधिवेशन सम्पन्न भयो र सो महाधिवेशनमा धादिङ जिल्लाको तर्फबाट सुरेश कार्कीले भाग लिनुभएको थियो । धादिङ जिल्लाको विस्तार हुँदै गएको पार्टी कामलाई ध्यानमा राखी ०४६ साल मंसिर महिनामा नरनाथ लुइँटेललाई जिल्ला कमिटीमा सामेल गराइयो ।

केन्द्रमा वाममोर्चा गठन भएपछि जनआन्दोलन हाँक्नका लागि जिल्ला कमिटीको मातहतमा सुरेश कार्की, जगन्नाथ नेपाल, गुरू बुर्लाकोटी, कृष्णबहादुर दाहाल, कृष्ण अर्याल, जानुका सिंखडा र रामकृष्ण न्यौपाने रहेको ७ सदस्यीय प्रजातान्त्रिक आन्दोलन अभियान समिति गठन गरिएको थियो । पञ्चायतलाई फ्याँक्ने गतिविधिको प्रचार शुरू हुने वित्तिकै गुरूप्रसाद बुर्लाकोटी, रामबहादुर रावल, खिनबहादुर थापा, मुरारी अधिकारी, हरिप्रसाद सिलवाल, मोतिलाल श्रेष्ठ आदिलाई गिरफ्तार गरी यातना दिँदै पञ्चायतको अन्त्य नहुन्जेलसम्म धादिङवेसी कारागारमा राखियो भने देवी लोहनी र कमल कँडेल (विद्यार्थी) शिक्षक बाबुराम पन्त र शिवराज पन्तलाई गिरफ्तार गरी गजुरीमा यातना दिइएको थियो भने देवी छत्कुलीलाई धादिङवेसीमा यातना दिइएको थियो । यसैगरी जनआन्दोलन चलिरहेकै बखत विद्यालय हड्ताल गराएको आरोपमा गंगालाल तुलाधरलाई गिरफ्तार गरी जेलमा राखिएको थियो । यसैगरी शिक्षकहरू शालिकराम अर्याल र धादिङवेसीका राजेन्द्र अधिकारीलाई यातना दिई बाध्यतावस कागज गराउने काम भएको थियो ।

काठमाडौं, चितवन, धनुषा, पाल्पा, भक्तपुर र ललितपुरलगायत देशका धेरै भागका जनताले देखाएको साहसका अगाडि ०४६ साल चैत २६ गते निरंकुश राजतन्त्रले घुँडा टेक्नै पऱ्यो । त्यसपश्चात् ०४७ वैशाख ४ गते नेकां र संयुक्त वाममोर्चाको संयुक्त आमसभा धादिङवेसीमा सम्पन्न भयो । सोही दिन राजेन्द्र पाण्डेद्वारा उद्घाटन भई धादिङवेसी पुछार बजारमा हरि अधिकारीको घरमा नेपाल कम्युनिष्ट पार्टीको कार्यालयको स्थापना भयो । धादिङ जिल्लाका पार्टीमध्ये पहिलो कार्यालय तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माले) कै हो । ०४७ असारमा उद्धव लुइँटेलको कोठामा भएको जि. क. को बैठकले सुरेश कार्की सचिव र गंगालाल तुलाधरलाई उपसचिवको जिम्मेवारी दिइएको थियो । ०४७ साल असोज महिनामा पार्टी केन्द्रीय कमिटीको निर्णयले जि.क. सचिव सुरेश कार्कीलाई सेती अञ्चलको इन्चार्ज र राजेन्द्र पाण्डेलाई वागमती क्षेत्रीय कमिटीको सदस्यमा मनोनीत गऱ्यो । सुरेश कार्कीलाई सेती अञ्चलको काम गर्न र नरनाथ लुइँटेललाई नुवाकोटको पार्टी काम गर्न बिदा दिइयो भने संगठन कमिटीमा खेम लोहनी, कृष्ण अर्याल, गुरू बुर्लाकोटी र चुडामणि कँडेललाई समावेश गरी ९ जनाको कमिटी बनाइयो । सचिवमा राजेन्द्र पाण्डे र उपसचिवमा गंगालाल तुलाधर छानिनुभयो । ०४७ कार्तिक १७ गते व्यापक जनताको उपस्थितिमा नेकपा (माले) प्ररायुसंघ, अनेरास्ववियु, अनेमसंघ, अनेकिसंघ आदिको जिल्ला उपकार्यालय मलेखुमा तत्कालीन पार्टी प्रवक्ताको रूपमा मदन भण्डारीले उद्घाटन गर्नुभयो । **क्रमशः**

# हिंसाको चपेटामा मानवअधिकार

**' हरि फुयाल**

**मा**नवअधिकार व्यक्तिगत जीवनसँग सम्बन्धित आधारभूत अधिकारहरूको सामूहिक नाम हो । यस्ता अधिकारहरूलाई दोस्रो विश्वयुद्धभन्दा पहिले प्राकृतिक अधिकार भनिन्थ्यो । राज्यद्वारा व्यक्तिका अधिकारहरू माथि गर्न सकिने हस्तक्षेपलाई ध्यानमा राखी राष्ट्रहरूका सीमाहरूलाई पार गर्दै संसारभरिका मानिसहरूको अधिकारलाई सम्बोधित गर्नेगरी एक यस्तो प्रणालीको परिकल्पना गरियो जसलाई सम्मान, संरक्षण र प्रवर्धन गर्नु राज्यहरूको दायित्व मानियो । परिणामस्वरूप राज्यहरूले संविधान, नीति, कानुन र नियमहरू बनाउँदा मानवअधिकारका सिद्धान्तलाई ग्रहण गर्न थाले । आज संसारमा मानवअधिकार सम्बर्द्धनको अवस्था पार गरी सम्मान र संरक्षणको अवस्थामा संक्रमण गरिरहेको छ ।

विशेष गरेर मानवअधिकारका सिद्धान्तहरू राज्य केन्द्रित हुन्छन् । मानवअधिकारका सन्धिहरूमा राज्यले हस्ताक्षर गरेका हुन्छन् र त्यसको राष्ट्रिय र अन्तर्राष्ट्रिय दायित्व राज्यमाथि रहेको हुन्छ । राज्यभन्दा बाहेक अरू कसैले मानवअधिकारका सन्धिहरू अनुमोदन गर्न पाउँदैनन् तसर्थ राज्यभन्दा बाहेकका शक्ति (विद्रोही) हरूलाई मानवअधिकारको संरक्षण गर भन्न सकिँदैन । उनीहरूमाथि मानवअधिकारलाई सम्मान गर्नुपर्नेसम्मको राष्ट्रिय र अन्तर्राष्ट्रिय नैतिक दायित्व सृजना गर्न सकिन्छ । मानवअधिकारको विश्वव्यापी घोषणापत्रले जनताको विद्रोह गर्न पाउने अधिकारलाई मान्यता प्रदान गरेको छ तर विद्रोहीहरूले गरेका कार्यहरू अवैधानिक भएको हुँदा तिनीहरू अपराधमा परिणत हुन्छन् र त्यस्ता अपराधहरू सवै राज्यको फौजदारी कानूनी प्रणालीका विषय बन्छन् । तसर्थ कानूनी दृष्टिकोणबाट नेपालको सर्न्दभमा नेकपा (माओवादी)बाट भएका कार्यहरू मानवअधिकार उल्लंघन जस्तै प्रकृतिका अपराधहरू हुन् । यदि यस्ता कार्यहरू विद्रोहीहरूका नीतिगत परिणतस्वरूप व्यापकरूपमा भइरहेमा यस्ता अपराधहरू युद्ध अपराध वा मानवताविरोधी अपराधमा परिणत हुन सक्दछ । फलस्वरूप त्यस्ता अपराधहरूको राष्ट्रिय र अन्तर्राष्ट्रिय दायित्व शुरू हुन्छ । शान्ति स्थापना भइसकेपछि वा विद्रोह मथ्थर भएपछि सशस्त्र विद्रोही समूहका व्यक्तिहरूलाई राज्यले नै कानुन बनाएर सजाय गर्नसक्छ वा राज्यले त्यस्ता व्यक्तिहरूलाई कारबाही गर्न अन्तर्राष्ट्रिय फौजदारी अदालत वा न्यायाधिकरणसमक्ष पेश गर्न सक्दछ ।

राज्यले मानवअधिकारका सिद्धान्तहरूप्रति अन्तर्राष्ट्रिय प्रतिबद्धता जनाएको हुँदा तिनीहरूलाई कार्यान्वयन गर्नु गराउनु पनि उसको दायित्व हो । विशेषतः सशस्त्र द्वन्द्व भएको बेला राज्यले कतिपय हरण गर्न सकिने अधिकारहरूलाई स्थगित गर्न सक्दछ तर कतिपय त्यस्ता अधिकारहरू छन् जसलाई राज्यले कुनै पनि अवस्थामा हरण गर्न सक्दैन । राज्यले हिंसागत द्वन्द्वको बेला आम जनताका त्यस्ता अधिकारहरूलाई संरक्षण गर्न राज्यको कानुन कार्यान्वयन गर्ने निकायहरूलाई स्पष्ट निर्देशन दिएको हुनुपर्दछ । कोही कसैले त्यस्ता अधिकारहरूको उल्लंघन गरेमा त्यस्ता व्यक्तिका कार्यहरूलाई अपराधसरह मानी कारबाही गर्नु गराउनु पर्दछ । यदि राज्यले त्यस्ता अपराधिक कार्य गर्ने व्यक्तिहरूलाई कारबाही नगरेमा वा कारबाही गर्न विमुख भएमा मानवअधिकारको व्यापक उल्लंघन (Gross violation of human rights) मानिन्छ । र, यस्ता प्रकृतिका मानवअधिकार उल्लंघनका घटनाहरू युद्ध अपराध वा मानवताविरोधी अपराधमा परिणत हुन सक्दछन् ।

राष्ट्रिय प्रकृतिको सशस्त्र द्वन्द्व भएको बेला पनि अन्तर्राष्ट्रिय मानवीय कानुन आकर्षित हुन्छ । यस्ता कानुनहरू युद्ध गर्नु ठीक वा बेठिक वा युद्धको वैधानिकताका सम्बन्धमा र युद्धको तौरतरिकाका सम्बन्धमा विभाजित गरिएका हुन्छन् । आन्तरिक प्रकृतिको युद्धमा युद्धको वैधानिकताको प्रश्न उठ्दैन किनकि विद्रोहीहरूले नै सशस्त्र युद्धलाई अवैधानिक संघर्ष मानेका हुन्छन् तर अन्तर्राष्ट्रिय प्रकृतिका युद्धमा वैधानिकता नपुऱ्याई युद्ध वर्जित गरिएको हुन्छ । विशेषतः अन्तर्राष्ट्रिय मानवीय कानुन युद्धका तौरतरिकाका सम्बन्धमा केन्द्रित हुनेहुँदा कुन पक्षले कस्तो कस्तो युद्धको तरिका प्रयोग गरे भन्ने सम्बन्धमा अनुगमन गर्न केन्द्रित हुन्छ जेनेभा महासन्धिहरू यस्ता कानूनहरूको स्रोत भएको हुँदा नेपालमा भइरहेको सशस्त्र द्वन्द्वमा तिनीहरूको साझा धारा ३ आकर्षित हुने गरेको छ । जेनेभा कन्भेन्सनको साझा धारा ३ लाई युद्धको बेलाको न्यूनतमरूपमा मानवअधिकार पनि भनिन्छ । जसमा विशेषतः घाइते, विरामी र आत्मसमर्पण गरेका लडाकुहरू, गैरसैनिक नागरिक, युद्धमा प्रयोग नभएका बस्तुहरू र युद्धको बेला उद्धारमा संलग्न व्यक्ति वा संघसंस्थाहरूको संरक्षण गरिएको हुन्छ । नेपालले सन् १९६४ मा जेनेभा महासन्धिलाई अनुमोदन गर्दा साझा धारा ३ पनि अनुमोदन भई राष्ट्रिय कानुनसरह लागु भएकोले र साझा धारा ३ मा विद्रोहीहरूले पनि यस्तो युद्धको नियम पालना गर्नुपर्छ भनी लेखिएको हुँदा नेपालको प्रसंगमा नेकपा (माओवादी) पनि साझा धारा ३ मान्न बाध्य छन् । यदि साझा धारा ३ मा उल्लेख भएका प्रावधानहरूको युद्धमा संलग्न कुनै पनि पक्षले गम्भीर उल्लंघन गरेमा त्यस्तो कार्यलाई मानवताविरूद्धको अपराध मानिन्छ ।

मानवअधिकारका कतिपय प्रावधानहरू सापेक्षित भएता पनि आधारभूत अधिकारहरू सबै ठाँउहरूमा एकैनासका हुन्छन् । जस्तै, जीवनरक्षाको अधिकार गरिब वा धनी वा शान्त वा युद्ध भइरहेको देश जहाँ पनि उत्तिकै संरक्षण गरिनुपर्दछ । तर शिक्षाको अधिकार देशको अवस्था हेरेर फरक-फरक रूपमा कार्यान्वयन हुन सक्दछ । हाम्रो देशमा अहिले सबैभन्दा उल्लंघन भएको अधिकार कुन हो भनी विभिन्न मानिसहरूलाई प्रश्न गर्ने हो भने जीवनको अधिकार भनी उत्तर आउँदछ । जीवनको अधिकारको व्यापक उल्लंघन अशान्तिको बेलामा हुन्छ । तसर्थ यस्तो अवस्थामा आम समुदायले शान्तिका अधिकार दावी गर्दछन् । हाम्रो देशमा अहिलेसम्म पनि शान्तिको अधिकारलाई अधिकारको रूपमा ग्रहण गरिएको छैन र जनसममुदायमा यस सम्बन्धमा त्यति ठूलो चेतना पनि आएको देखिदैन । शान्तिको अधिकारलाई ऐक्यबद्धता वा मानवअधिकारको तेश्रो पुस्ताका अधिकार भनिन्छ । त्यस्तै राजनीतिक र नागरिक अधिकारलाई पहिलो पुस्ताका र आर्थिक-सामाजिक र सांस्कृतिक अधिकारहरूलाई दोश्रो पुस्ताका अधिकार भनिन्छ ।

मानवअधिकार उल्लंघनका घटनाहरूप्रति अन्तर्राष्ट्रियरूपमा आवाज उठ्दा कतिपय व्यक्तिहरूलाई सम्बन्धित देशको सार्वभौमिकतामाथि प्रश्न उठाएको वा कूटनीतिक मर्यादाविपरीत भएको भन्ने आवाजहरू सुनिन्छन् । यथार्थमा सम्बन्धित देशको अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुसार आचरण नभएमा अन्तर्राष्ट्रिय समुदायको कुनै पनि राष्ट्र वा संस्थालाई नेपालको बारेमा आवाज उठाउने वा उजुरी हाल्नेसम्मको अधिकार हुन्छ । नेपालमा भएको मानवअधिकार उल्लंघनको घटना भोलि विश्वयुद्धको कारण बन्दैन भन्न सकिदैन तसर्थ यदि कुनै देशमा युद्धका कारण व्यापकरूपमा मानवअधिकार उल्लंघनका घटनाहरू भएमा संयुक्त राष्ट्रसंघ वा उसको अनुमतिमा अन्य देशहरूले मानवीय हस्तक्षेप गर्नसक्नेसम्मको अवस्था सृजना हुन सक्दछ ।

तर यस्तो अवस्था आउनुभन्दा पहिले नै नेपालको लागि अन्तर्राष्ट्रिय समुदायले अन्य विभिन्न मानवीय वा कूटनैतिक उपायहरूको अवलम्बन गर्दा पनि स्थितिमा नियन्त्रण नआएको हुनुपर्दछ । अर्थात् नेपाल वा अन्य कुनै देशमा भएको मानवअधिकारप्रतिको ज्यादती अन्तर्राष्ट्रिय समुदायले अनुगमनमात्रै गर्दैनन् बरू स्थितिअनुसारका विभिन्न कदमहरू चाल्दछन् ।

विद्यमान हिंसा वा सशस्त्र द्वन्द्वको बेला शक्तिको प्रयोग ठीक थियो कि थिएन भन्ने सवाल मानवअधिकारको विषय नभएता पनि अर्थपूर्ण शान्तिको अधिकार मानवअधिकार हो । यद्यपी हिंसा भइरहेको बेला हिंसासँग सम्बन्धित घटनाहरूको अनुगमन, अभिलेखन र विश्लेषण गर्नु राजनीतिक दलहरूका जिम्मेवार कार्यकर्ताहरूको कर्तव्य हो । घटनाका प्रकृतिहरू कस्ता थिए, घटनामा को को व्यक्ति संलग्न थिए, त्यस्ता घटनामा कस्ता कस्ता अधिकारहरूको उल्लंघन भएको पाइयो, दोषीमाथि कारबाही भयो भएन, पीडितले क्षतिपूर्ति पाए पाएन र घटनाको यथार्थतालाई दबाईयो वा यथार्थ बाहिर आयो आएन भन्ने जस्ता सवालहरूलाई अभिलेखिकरण गर्नु र त्यस्ता तथ्यहरूको राष्ट्रिय र अन्तर्राष्ट्रियरूपमा सार्वजनिकरण गर्नु राजनीतिक दलहरूको कर्तव्यभित्र पर्दछ । यस्ता कार्यहरू अन्य कुनै संघ-संस्थाहरूभन्दा राजनीतिक

दलहरूले प्रभावकारीरूपमा गर्न सक्दछन् किनकि उनीहरूको पहुँच स्थानीयस्तरसम्म हुन्छ । त्यस्तै राजनीतिक दलहरूले शान्ति स्थापना गर्दाको प्रक्रियामा दोषीमाथि कारबाहीको लागी सप्रमाण त्यस्ता तथ्यहरू पेश गर्न सक्दछन् जसलाई इन्कार गर्न गाह्रो पर्दछ ।

यसर्थ राजनीतिक दलका केन्द्रदेखि जिल्लास्तरका कमिटीहरूले मानवअधिकार सम्बन्धी डेस्क बनाई आफ्नो जिल्लामा भएका घटनाहरूको अनुगमन र अभिलेखन गरी आफ्नो केन्द्रीय कार्यालयको मानवअधिकार डेस्कमा पठाई त्यस्ता तथ्यहरूको यथार्थ र रणनैतिक प्रयोग गर्नसक्ने अवस्थाको सृजना गर्नसक्नुपर्दछ । नेपालको वर्तमान अवस्थामा मानवअधिकारलाई जुनसुकै दलले पनि एक प्रमुख एजेन्डाको रूपमा प्रस्तुत गर्नसक्नु पर्दछ । मानवअधिकार नै एउटा यस्तो विषय हो जसले नेपालका राजनीतिक दलहरूलाई अन्तर्राष्ट्रिय समुदायको मन जित्नसक्ने विषय बनाउन सक्दछन् । यस अर्थमा मानवअधिकारको यथार्थ स्थितिलाई राजनीतिक रूपमा प्रयोग गर्न सक्नु दलहरूको कूटनैतिक विषयवस्तु बन्न सक्दछ ।

# आरोयोको पुनः सत्तारोहण

फिलिपिन्सलाई धेरै अर्थमा चिन्न सकिन्छ । अहिले ग्लोरिया आरोयोको नामको पर्यायजस्तै भएको फिलिपिन्स कुनै बेला मार्कोसको पर्याय थियो । दुनियाँका एक दुईजना तानाशाहको नाम लिंदा पनि उनको नाम छुट्दैनथ्यो । पछि चलचित्र अभिनेता जोसेफ स्ट्राडाले चुनाव जिते । तर उनको शासनकाल यति धेरै बद्नाम भयो कि अन्ततः उनले आफ्नो मुलुक छोडेर भाग्नुपर्‍यो । त्यही फिलिपिन्समा भर्खरै राष्ट्रपतिको निर्वाचन सम्पन्न भएको छ । विवाद र जटिलताको बीचमा घोषणा भएको निर्वाचन परिणाममा राष्ट्रपति ग्लोरिया माकापागल आरोयो पुनः विजयी हुनुभएको छ । बंशानुगत राजनीति सफलता फिलिपिन्समा पनि देख्न सकिन्छ । अहिलेका राष्ट्रपतिका पिता डिस्डाडो पांगन माकापागल फिलिपिन्सका नवौं राष्ट्रपति हुनुहुन्थ्यो, जसलाई त्यहाँको आधुनिक राजनीतिमा अत्यन्तै सम्मानका साथ लिने गरिन्छ ।

फिलिपिन्स लामो समयसम्म विदेशी अधिनमा रहेको राष्ट्र हो । फिलिपिन्सको नामाकरण नै विदेशी राजाको नामबाट भएको हो । स्पेनका राजा फिलिप दोस्रोको नामबाट यसको नाम फिलिपिन्स रहेको हो । स्पेनिशहरूले मनिला शहर सन् १५७१ मा पत्ता लगाएका थिए । लामो समयसम्म यो मुलुक स्पेनिशहरूकै नियन्त्रणमा रह्यो । सन् १८९९-१९०५ को स्पेन-अमेरिकाको युद्धमा ठूलो जनधनको क्षति भएको थियो । सन् १९४१ मा दोस्रो विश्वयुद्धका क्रममा जापानले आक्रमण गरी यसलाई आफ्नो नियन्त्रणमा लियो । त्यसको पाँच बर्षपछि मात्रै ४ जुलाई, १९४६ मा फिलिपिन्स पूर्णरूपमा एक गणतन्त्रको रूपमा स्वतन्त्र भयो । त्यसयता जननिर्वाचित प्रतिनिधिहरूले शासन चलाउने ब्यवस्था सञ्चालित भएको छ । तर ठूलाठूला राजनीतिक भ्रष्टाचार र अनियमितताका कारण यो मुलुक सधैं दुनियाँका अगाडि नकारात्मकरूपले देखा पर्ने गरेको छ ।

फर्निडाण्ड मार्कोस यो मुलुकका सबैभन्दा बद्नाम शासक हुन् । उनले सन् १९७२ मा लागु गरेको सैनिक कानुनले जनताका राजनीतिक र नागरिक अधिकारहरू मात्र अपहण गरेन, निरंकुशताको बन्द समाजभित्र राजनीतिक भ्रष्टाचारले आकाश छोयो । उनले आफ्नो निरंकुशतालाई अजम्मरी बनाउन निर्माण गरेको नयाँ संविधानले बैधानिक रूपमै जनताको मुखमा ताल्चा मार्‍यो । विपक्षी नेता बेनिग्नो एस. एक्विनोको हत्या गरेर पनि आफ्नो शासन टिकाउने सपना देखेका मार्कोसलाई उनकी विधवा कोराजोन एक्विनोले धूलो चटाइन् । फलतः उनले निरंकुशताको ठूलै मूल्य चुकाउनुपर्‍यो र देशमा बस्न नसकी अरूको देशमा शरण लिनुपर्‍यो ।

माओवादी कम्युनिष्ट र मुस्लिम पृथकतावादीहरूले जारी राखेको सशस्त्र युद्धबाट फिलिपिन्स लामो समयदेखि आक्रान्त रहिआएको छ । एक समय त्यहाँ कम्युनिष्टहरूको सशस्त्र युद्ध सफलताको निकै नजिक पुगिसकेको थियो । यतिसम्म कि त्यहाँको सरकारी टेलिभिजनसमेत विद्रोहीहरूले आफ्नो कब्जामा लिइसकेका थिए । तर जब उनीहरूमाथि ब्यापकस्तरमा दमन भयो, अहिलेको स्थिति कतिसम्म दयनीय छ भने बीबीसीले जनाएअनुसार त 'राजधानी मनिलामा शीर ठाडो पारेर कम्युनिष्ट हुँ भन्ने एकजनासम्म पनि मानिस भेटिंदैन ।' जनतामा भिज्न र उनीहरूसँग एकाकार हुन सकेन भने कम्युनिष्ट पार्टीले कति ठूलो नोक्सानी बेहोर्नुपर्छ भन्ने तितो उदाहरण त्यहाँको कम्युनिष्ट आन्दोलन हो ।

५७ बर्षीय राष्ट्रपति आरोयो अर्थशास्त्रका प्राध्यापक हुनुहुन्छ । सन् १९९२ बाट राजनीति शुरू गर्नुभएका आरियो १९९२ मा सिनेटर, १९९८ मा उपराष्ट्रपति र २००१ मा राष्ट्रपति निर्वाचित हुनुभएको थियो । हालै भएको निर्वाचनमा स्ट्राडाका छोरा फर्नाण्डो पोए जुनियरलाई पराजित गर्दै आरोयो विजय भएपछि विपक्षीले ठूलै बखेडा खडा गरेका छन् । त्यसको अन्त्य गरेर राष्ट्रिय सहमति कायम गर्न आग्रह गर्दै मनिलाको ऐतिहासिक रिजाल पार्क अगाडि उपस्थित लाखौं जनसमुदायसमक्ष उहाँले आग्रह गर्नुभएको छ-'म एक्लै केही पनि गर्न सक्दिनँ, मलाई सबै फिलिपिनोहरूको सहयोग चाहिन्छ ।'

फिलिपिन्समा ९२ प्रतिशत जनता क्रिश्चियन र चार प्रतिशत मुस्लिम छन् । मुसलमान विद्रोहीहरूले उग्रहिंसा चलाएका कारण बेलाबेलामा धार्मिक दङ्गा चलिरहन्छ । त्यहाँको जनसंख्या ८ करोड २८ लाख ४१ हजार १८ छ भने क्षेत्रफल १ लाख १५ हजार वर्गमाइल छ । खाद्यान्न, कपडा, रसायन, औषधि र काब्कला त्यहाँका मुख्य उद्योग हुन् भने तामा, सुन निकेल, तेल आदि प्रमुख प्राकृतिक स्रोत हुन् । पर्यटनका लागि पनि फिलिपिन्स प्रसिद्ध नै छ । त्यहाँको पुरूषको औसत आयु ६४ दशमलव ९६ र महिलाको ७० दशमलव ७९ बर्ष छ । त्यहाँ सरकारले ७ देखि १२ बर्षसम्म अनिवार्य र निःशुल्क शिक्षाको ब्यवस्था गरेको छ । जसका कारण त्यहाँको साक्षरता प्रतिशत ९५ प्रतिशत छ ।

– विष्णु रिजाल

# सर्वदलीय सरकार, माओवादी समस्या र समाधान

**’ सूर्य थापा**

मुलुकमा माओवादी समस्याको समाधान कसरी सम्भव छ ? हतियारका व्यापारी, कमिसन एजेन्ट र तिनका दलालहरूबाहेक यो राष्ट्रको स्वतन्त्र अस्तित्व र स्वाभिमानका हिमायतीहरूको निम्ति यो प्रमुख सरोकार र चिन्ताको प्रश्न हो । माओवादी समस्याका कारण दश हजार भन्दा बढी नेपालीको ‘अकाल-मृत्यु’ भइसकेको छ । हजारौं अंगभंग र घाइते छन् । बेपत्ता पारिने र विस्थापितहरूको संख्या दिनदिनै बढ्दो छ । गाउँ-गाउँमा शाही सेनाको अत्याचार र माओवादी छापामारको दमनचक्र बढिरहेको छ । उनीहरूका बीच कसले उछिन्ने भन्ने प्रतिस्पर्धा चलेको छ । मानवअधिकार र मानवीय मूल्यको कुनै मतलव छैन । राज्य र विद्रोही दुवै पक्षको यस्तो गतिविधिले अन्तिममा यो मुलुकको सर्वनाश निम्त्याउने काम भइरहेको छ । नौ वर्षदेखि चालु रहेको माओवादी हिंसाका कारण सिंगो राष्ट्र आहत र गतिहीन बनेको छ । दुईपटक वार्ताको प्रयत्न भएपनि विगतमा राज्यको हठ र जड मानसिकता एवं सैनिकीकरणको रूचिले शान्ति वहालीको सार्थक प्रयत्न हुनसकेन । यसबीचमा मुलुकका जिम्मेवार र जनआधारित राजनीतिक पार्टीहरूलाई किनारामा राखी माओवादी समस्या समाधान गरेर देखाइदिने राजाको षड्यन्त्रकारी कसरत दाङको हापुरेमा पुगेर अवरूद्ध हुन पुग्यो । र, समस्याको समाधान भएन । बीस महिना लामो प्रतिगमन र त्यसका विरूद्ध तेह्र महिनादेखि संचालित संयुक्त जनआन्दोलनका कारण राजाद्वारा मनोनीत सूर्यबहादुर थापाको सरकार पतन भएर शेरबहादुर देउवाको नेतृत्वमा नेकपा (एमाले), नेपाली कांग्रेस (प्रजातान्त्रिक) लगायतका चार पार्टीको सर्वदलीय सरकार बनेको छ । यसले माओवादी समस्या समाधानको निम्ति के कस्तो नीति र तरिका अवलम्बन गर्छ ? मुलुकमा चालु सैनिकीकरणको प्रक्रियालाई रोक्ने प्रयास गर्छ कि गर्दैन ? बढ्दो सैनिक खर्च रोक्ने र त्यसलाई सामाजिक द्वन्द्व कम गरी मुलुकमा शान्ति बहाली गर्न हिम्मत देखाउँछ कि देखाउँदैन ? यस्ता अनेकौं चुनौती र प्रश्नहरूका बीच सर्वदलीय सरकार गठन भएको छ ।

**सरकारको प्राथमिकता** : सत्तारूढ चार दलको न्यूनतम साझा कार्यक्रममा ‘देशको प्रमुख समस्याका रूपमा रहेको माओवादी समस्या समाधान गरी मुलुकमा दीगो शान्ति स्थापना गर्न राष्ट्रिय सहमतिका आधारमा राष्ट्रिय राजनीतिका सबै पक्षलाई मान्य हुने सम्मानजनक राजनीतिक निकासका लागि अधिकतम लचकताकासाथ शान्तिवार्तालाई प्राथमिकता दिइने’ उल्लेख छ ।

प्रधानमन्त्री शेरबहादुर देउवाले जेठ २७ गते राष्ट्रका नाममा गर्नुभएको सम्बोधनमा भनिएको छ-‘विद्यमान संकटपूर्ण परिस्थितिबाट मुलुकलाई त्राण दिलाउन, गुमेको शान्ति पुनर्वहाली गर्नुछ । माओवादी समस्याको शान्तिपूर्ण समाधान खोज्नुछ । तसर्थ, माओवादी समस्या समाधान गरी दीगो शान्ति स्थापना गर्नका लागि राष्ट्रिय राजनीतिक निकासको लागि अधिकतम लचकताकासाथ प्रस्तुत हुने मेरो प्रतिबद्धता व्यक्त गर्दछु । यसका लागि म माओवादीहरूलाई विगतका अनुभवलाई ध्यानमा राख्दै सार्थक शान्तिवार्ताका लागि अग्रसर रहन आह्वान गर्दछु ।’ उपप्रधानमन्त्री तथा अर्थमन्त्री भरतमोहन अधिकारीले माओवादीसँग शान्तिवार्ता गर्न सरकार कुनै पनि विकल्पमा जान तयार रहेको स्पष्ट पार्नुभएको छ । यस्ता भनाइले सरकारको प्राथमिकता मुलुकमा शान्ति बहाली गर्नु रहेको देखिन्छ । तर यो टिप्पणी लेख्दासम्म सरकारले वार्ताको वातावरण बनाउने हिसाबले कुनै ठोस कदम चालेको छैन । माओवादीलाई यसअघिको सरकारले ‘आतंककारी’ नामाकरण गरेको छ । उनीहरूका विरूद्ध इन्टरपोलको ‘रेडकर्नर नोटिस’ जारी छ र शाही नेपाली सेना परिचालन गरी सैनिकीकरणको माध्यमबाट नियन्त्रणको पहिलेकै प्रयास जारी छ । यस्तो अवस्थामा वार्ताको संभावना र आह्वानको कुनै अर्थ हुँदैन । सर्वदलीय सरकारले वार्ताको निम्ति राष्ट्रिय-अन्तर्राष्ट्रिय रूपमा वातावरण बनाउने तथा युद्धविरामको घोषणा गरी साझा न्यूनतम कार्यक्रममा उल्लेख भएअनुरूप राष्ट्रिय सहमतिको आधारमा आवश्यकता अनुसार संविधानसभाको चुनावमा जान समेत आफूलाई तयार बनाएन भने शान्तिवार्ता ‘मीठो कल्पना’ मात्र सावित हुनेछ, त्यस स्थितिमा व्यवहारमा तेस्रोपटक शान्ति-वार्ता हुन नसक्ने खतरा पनि नभएको होइन ।

**दरबारको चाहना र सिफारिसबिनाका दुई मन्त्री** : सर्वदलीय सरकारमा दरवारको प्रतिनिधित्व गरी डा. मोहम्मद मोहसिन र कृष्णलाल थकाली दुईजना मन्त्री बनेका छन् । सद्भावनाका बद्रीप्रसाद मण्डल र राप्रपाका मन्त्रीहरूसमेत सजिलै अधिकतम लचकताको विकल्पमा जान तयार भइहाल्नेछन् भन्ने अवस्था छैन । किनकि तिनीहरू संविधानसभाको ‘स’ मा पनि छलफल गर्न तयार भइनसकेको अवस्था छ । शेरबहादुर देउवालाई प्रधानमन्त्री नियुक्त गर्ने क्रममा जारी २० जेठको शाही विज्ञप्तिमा स्पष्ट उल्लेख छ-‘सार्वभौमसत्ता निहीत नेपाली जनताको चाहनाबमोजिम देशमा सकेसम्म शान्तिसुरक्षा कायम गरी २०६१ सालभित्र प्रतिनिधिसभाको निर्वाचन प्रारम्भ गर्न सकभर सबै पक्ष मिलाएर मन्त्रिपरिषद् गठनको लागि सिफारिस चढाउन हुकुम बक्सेको छ ।’ यस हुकुमले सरकारको प्राथमिकता मुलुकमा शान्ति बहाली गर्नु रहेको भएतापनि राजाको चाहना र जोड प्रतिनिधिसभाको निर्वाचन गराउनु रहेको स्पष्ट छ । प्रतिनिधिसभाको चुनाव गराउन माओवादी समस्याको समाधान गरी मुलुकमा शान्ति बहाली गर्नु अत्यावश्यक छ । माओवादीहरूलाई मान्य नहुने ढंगले सरकार मुलुकको दैनिक प्रशासन संचालन गरी प्रतिनिधिसभाको चुनाव गराउने तयारीमा जुट्यो भने माओवादीका भीषण हमला, हिंसात्मक कारबाही र आत्मघाती आक्रमणहरू समेत नहोलान् भन्न सकिन्न । अर्थात् माओवादी समस्याको समाधान नगरी मुलुकको नियमित सुसंचालन गर्न

खोज्नु सम्भव छैन । यसको निम्ति सर्वदलीय सरकार प्रतिबद्ध र इमान्दार देखिनुपर्छ । साथै सरकारमा रहेका दरवारका प्रतिनिधि, यथास्थितिवादी शक्ति र स्वयं राजालाई शान्ति बहालीको बृहत् राष्ट्रिय अभियानको निम्ति सहमत बनाएर अघि बढ्ने साहस र हिम्मत प्रधानमन्त्री शेरबहादुर देउवाले देखाउन सक्नुपर्छ । अन्यथा विगतमा एकपटक शेरबहादुर देउवासँग वार्ताको प्रयास गरी धोका खाएको बताएर जंगल फर्किएका माओवादीहरू पुनः वार्ताको टेबुलमा आउलान् भन्ने अपेक्षा गर्नसमेत गाह्रो छ ।

**एमालेको पहलकदमी र सडकका चार पार्टी** : माओवादी समस्याको समाधान गरी मुलुकमा शान्ति बहाली गर्नु सत्तामा सहभागी नेकपा (एमाले)को एकमात्र चाहना हो । केन्द्रीय कमिटीको (जेठ २२-२८ गते) छैटौं बैठकले स्पष्ट दिशानिर्देश गरेको छ-'०४६ सालको जनआन्दोलनका उपलब्धिको रक्षा गर्दै देशलाई अग्रगमनको दिशातिर डोऱ्याउने मान्यताको आधारमा शान्ति स्थापना गर्न र माओवादी समस्याको समाधानको सन्दर्भमा नेकपा (एमाले) राष्ट्रिय सहमतिको आधारमा नयाँ संविधान निर्माणको निम्ति आवश्यकता अनुसार संविधानसभासमेत कुनै पनि प्रजातान्त्रिक विकल्पकमा जान तयार छ ।" देउवा सरकारमा पार्टीको तर्फबाट उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायकमन्त्री गरी ११ जना नेताहरू समावेश भएपछि भोलिपल्ट उहाँहरूको स्वागतमा आयोजित एक कार्यक्रममा महासचिव माधवकुमार नेपालले चुनावको कुरा सुन्नेबित्तिकै नआत्तिन आग्रह गर्दै माओवादीको ध्यानाकर्षण गराउनुभएको छ-'समस्या समाधानको निम्ति सहमति कायम भएमा प्रतिनिधिसभाको चुनाव, जनमत संग्रह र संविधानसभा जे को पनि चुनाव हुनसक्छ । प्रमुख प्राथमिकता मुलुकमा शान्ति बहाली गर्नु हो । त्यसका निम्ति माओवादी समस्याको राजनीतिक समाधान हुनैपर्छ ।'

तर विगतमा प्रतिगमनविरूद्धको सडक आन्दोलनमा रहेका एमालेबाहेकका अन्य चार पार्टी सडकमा छन् । तिनीहरूले बस्तुगत परिस्थितिको सही मूल्यांकन नगरेका कारण सर्वदलीय सरकारको दायरामा समेटिन सकेका छैनन् । तर माओवादी समस्याको समाधान खोज्दा सडकमा रहेका ती दलहरूको पनि सहयोग, समर्थन र सहभागिता जुटाउन प्रयास गर्नैपर्छ । किनकि यतिबेला मुलुकको मुख्य समस्याको समाधान एक-दुई वटा पार्टी, राजा वा सरकारले मात्र खोजेर सम्भव छैन । राष्ट्रिय सहमति कायम गरेर त्यस आधारमा समस्याको समाधान खोज्ने हो भने त्यो दीगो र प्रभावकारी हुन्छ । अन्यथा यो समस्या ज्यूँका त्यूँ रहनेछ ।

**माओवादीको चासो** : प्रधानमन्त्रीमा शेरबहादुर देउवाको नियुक्तिलाई माओवादीले 'चन्द र थापा भन्दा प्रक्रिया र हैसियत दुवैको दृष्टिले फरक नरहेको' प्रतिक्रिया सार्वजनिक गऱ्यो । र, आफ्नो तर्फबाट गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधानसभाको निर्वाचनका एजेन्डा स्पष्ट शब्दमा राखेको स्मरण गराउँदै विदेशी शक्तिकेन्द्र र राजा ज्ञानेन्द्रले देउवालाई कतिसम्म अगाडि बढ्न निर्देशन गर्छन् भन्ने कुरामा नै युद्धविराम र वार्ताको प्रश्न निर्भर रहेको पनि बताएको छ । माओवादी अध्यक्ष प्रचण्डकै शब्दमा 'जबसम्म उनीहरू नेपाली जनताको सार्वभौम अधिकारलाई व्यवहारतः स्वीकार गर्न तयार हुँदैनन्, तबसम्म वार्ताको औचित्य सिद्ध हुनसक्दैन । कसैले माओवादीको शक्तिको अवमूल्यन गरेर जसरी पनि वार्तामा आउने कल्पना गरेको छ भने त्यो मुर्खतामात्र हुनेछ । माओवादी, संसदवादी र राजावादी तीनवटै शक्तिको सहमतिमा त्यसप्रकारको वार्ता संयुक्त राष्ट्रसंघको सहयोगमा सजिलै आयोजना गर्न सकिन्छ । यसका निम्ति वातावरण तयार पार्ने काम पुरानो सत्तापक्षले नै गर्नुपर्छ ।' माओवादीका अर्का नेता डा. बाबुराम भट्टराईले लोकतान्त्रिक गणतन्त्र वा निःशर्त संविधानसभाभन्दा तलको कुनै पनि एजेन्डाले जनयुद्ध रोकिनेवाला छैन र यो भीषण गृहयुद्धको बीचमा कुनै चुनावी नाटक सम्पन्न हुनेवाला छैन भन्ने कटु यथार्थलाई सबैले बेलैमा हेक्का राख्नु उपयुक्त हुने चेतावनीसमेत सार्वजनिक गरेको अवस्था छ ।

यहाँनेर माओवादी नेतृत्वको अविश्वसनीय र दोहोरो चालाबाजीलाई बुझेर व्यवहार गर्नु आवश्यक देखिन्छ । एकातिर अध्यक्ष प्रचण्डले आफ्नो पार्टीका न्यूनतम एजेन्डा गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधानसभाको चुनाव भनेर स्पष्ट शब्दमा राखेको र त्यस सन्दर्भमा देउवा कतिसम्म अघि बढ्न सक्छन् भन्ने कुरामा युद्धविराम र वार्ताको प्रश्न निर्भर रहेको बताउँछन्, अर्कोतिर एमालेको छैटौं बैठकले माओवादीका उल्लेखित तीनवटा एजेन्डामा सहमति जनाई समस्याको निकास खोज्न राष्ट्रिय सहमतिको आधारमा संविधानसभामा जानसमेत तयार रहेको निर्णय गरेकोमा त्यसको बेवास्ता गर्दै न्यूनतम कार्यक्रम र शर्तका साथ सरकारमा जाने एमालेको कदमलाई माओवादीका बरिष्ठ नेता डा. बाबुराम भट्टराईले 'एमालेको होलसेल रायमाझीकरण'को संज्ञा दिएका छन् । उनको एउटा लेखमा भनिएको छ-"एमालेको नेतृत्व पंक्तिमा कस्तो अर्न्तसंघर्ष चलेको हो, त्यो हामीलाई राम्रोसँग अवगत छैन । अखबारहरूबाट प्राप्त जानकारीअनुसार केन्द्रीय समितिमा माधव नेपाल, अमृत बोहरा, प्रदिप नेपाल, शंकर पोखरेल, प्रदिप ज्ञवाली, काशीनाथ अधिकारी, केदार न्यौपाने, कमल कोइराला आदि अल्पमतमा परेको र बाँकी अत्यधिक बहुमतले शेरबहादुरसँगै सति जाने निर्णय गरेको कुरा सही हो भने एमालेभित्र रायमाझी प्रवृत्ति कति प्रबल बनिसकेछ भन्ने सहज अनुमान गर्न सकिन्छ । कांग्रेसभित्रबाट शेरबहादुर देउवा नयाँ तुलसी गिरी बनिसकेको स्थितिमा कम्युनिष्टहरूबाट यसरी नयाँ रायमाझी तयार हुनु कुनै अनौठो कुराचाहिँ होइन । त्यस हिसाबले एमालेको यो होलसेल रायमाझीकरण नेपालको लोकतान्त्रिक गणतन्त्र स्थापनाको आन्दोलनका निम्ति ठूलो क्षति र चिन्ताको विषय भएको कुरा सबैले स्वीकार गर्नैपर्छ ।" सत्तारूढ चार पार्टीले १६ असारमा न्यूनतम साझा कार्यक्रम सार्वजनिक गरेपछि माओवादी अध्यक्ष प्रचण्डद्वारा एक विज्ञप्तिमार्फत्-'प्रतिगमन र षड्यन्त्रको मतियार बन्ने निर्णय गरेर एमाले नेतृत्वले देश र जनताको प्रजातान्त्रिक आकांक्षाविरूद्धमा भयानक विश्वासघात गर्दै आफूलाई सामन्ती निरंकुशताको कलंकित चाकरको स्तरमा गिराएको भन्ने गालीगलौज गर्ने काम भएको छ । एमालेको निर्णय आफ्नो अनुकूल नहुने बित्तिकै माओवादीले यस्तो गाली गलौजको राजनीति गर्दै आएको छ । तर सर्वपक्षीय सम्मेलन, अन्तरिम सरकार र संविधानसभाको न्यूनतम प्रस्तावसहित संयुक्त राष्ट्रसंघको उपस्थितिमा शान्तिवार्ता हुनुपर्ने अडान पनि सो विज्ञप्तिमा दोहोऱ्याइएको छ ।

निष्कर्षमा, माओवादीको चाहना संविधानसभामार्फत् नयाँ संविधान निर्माण गरी विद्रोहको शान्तिपूर्ण राजनीतिक निकास खोज्ने नै हो र उनीहरू राजनीतिक निकासका निम्ति इमान्दार छन् भने देउवा सरकारलाई माध्यम बनाउनसक्ने अवसर छ । र, जतिसुकै गालीगलौज र निन्दा-भर्त्सना गरे पनि माओवादी विद्रोहको समाधान गर्ने सन्दर्भमा एमाले इमान्दारीका साथै संविधानसभा एवं राष्ट्रसंघको संलग्नता र सहयोग लिनका लागि तयार रहेको छ । र, एमालेको सरकारमा सहभागिताले माओवादीका एजेन्डालाई सम्बोधन गर्न राज्यपक्ष अनुकूल परिस्थिति सिर्जना भएको छ । माओवादीले सिलगुडी जेलमा मोहन बैद्य, चेन्नईमा सीपी गजुरेल, पटनामा कुलप्रसाद केसी, लोकेन्द्र विष्ट, कुमार दहाल, हितबहादुर तामाङ र अनिल शर्मालगायतका केन्द्रीय सदस्य एवं चित्रबहादुर श्रेष्ठ र दिलिप महर्जन आदि केन्द्रीयस्तरका कार्यकर्ता र नेपालको हिरासतमा रहेका मातृका यादव र सुरेश आलेमगरलगायतका नेताहरूलाई विगतमा जस्तो सकुशल रिहाई गर्नमात्र युद्धविराम र वार्ताको कुरा उठाएको हो भने माओवादी समस्याको राजनीतिक समाधान खोज्नु सम्भव हुने छैन । जहाँसम्म सरकारको कुरा छ, चार पार्टीले बनाएको न्यूनतम साझा कार्यक्रमका त्रिचालीस बुँदा छन्, तर त्यसमध्ये माओवादी समस्याको समाधान गर्ने बुँदा नै साझा कार्यक्रमको एकमात्र अन्तर्वस्तु र सारतत्व हो । यो समस्या समाधान गर्न नसके न त सर्वदलीय सरकारको औचित्य पुष्टि हुनेछ न मुलुक अग्रगमनतर्फ जान नै सम्भव हुनेछ । त्यस स्थितिमा एमाले सरकारमा बसिरहनुको कुनै औचित्य रहने छैन ।

काभ्रेमा जिल्ला अधिवेशन

काभ्रे । नेकपा (एमाले) काभ्रेको पाँचौं जिल्ला अधिवेशन गत असार १२ गते सम्पन्न भएको छ । सो अधिवेशनको महासचिव माधवकुमार नेपालले उद्घाटन गर्नुभएको थियो ।

अधिवेशनले विदुरप्रसाद सापकोटा सचिव र गोकुल बाँस्कोटा उपसचिव रहेको नयाँ नेतृत्व चयन गरेको छ । त्यसैगरी सदस्यहरूमा क्रमशः नारायण पाण्डे, भीम न्यौपाने, रामहरि सुवेदी, शिला कतिला, तूयूकाजी ताम्राकार, कर्मसिंह लामा, मुकुन्द गौतम, शुभ अधिकारी, संग्रामजीत लामा, पूर्णबहादुर कर्माचार्य, तेजबहादुर खड्का, गोमा भुर्तेल, हरिदेव गिरी, लम्बोदर कायस्थ, कुमार थापा, किशोर थापा र दीपक चौलागाईं हुनुहुन्छ भने वैकल्पिक सदस्यहरूमा टोकबहादुर लामा, अशोक बेञ्जू, रामकृष्ण हुमागाईं, गुमानध्वज कुँवर, रघुवर प्रधान, सुरेश हुमागाईं र हरिशरण दाहाल हुनुहुन्छ ।

उद्घाटन समारोहमा स्थायी कमिटी सदस्य केशव बडाल, केन्द्रीय कमिटी सदस्य एवं बागमती अञ्चल इन्चार्ज सुरेन्द्रप्रसाद पाण्डेलगायतले बोल्नुभएको थियो ।

# केदार न्यौपाने

***केन्द्रीय कमिटी सदस्य***

***इन्चार्ज-नारायणी अञ्चल समन्वय कमिटी***

- **जन्ममिति** :- ०११ असार १७
- **जन्मस्थान** :- भोजपुर, रचने
- **माता** :- विष्णुमाया न्यौपाने

  **पिता** :- लिलानाथ न्यौपाने
- **पत्नी**:- शान्ता न्यौपाने, **छोरी**: आस्था न्यौपाने, **छोरा**: विश्वास न्यौपाने
- **शिक्षा**:- गोगने पाठशाला (शिवालय) भोजपुर, मेची क्याम्पस, भद्रपुर (आई.ए.)
- **राजनीतिक जीवनको आरम्भ**

+ २०२९ साल, झापा संघर्षको क्रममा

- **जिम्मेवारी** :-

– ०३२ सालदेखि भूमिगत

– ०३६-४३- चितवन जिल्ला सचिव

– ०४४- बारा जिल्ला सचिव

– ०४६- जनकपुर अञ्चल इन्चार्ज, वैकल्पिक केन्द्रीय सदस्य

- नारायणी अञ्चल सचिव
- नारायणी अञ्चल इन्चार्ज
- राष्ट्रिय सभा सदस्य

◆ **तपाईंको आदर्श –**

- पीडितहरूको मुक्ति

◆ **पार्टी कामको सन्दर्भमा अनुभूत गरेको ज्यादै दुःखको क्षण**

- मदन भण्डारीको निधन
- पार्टीभित्रको गुटबन्दी र विभाजन

◆ **पार्टी कामको सन्दर्भमा अनुभूत गरेको अप्ठ्यारो क्षण**

- बारा जिल्लामा ०३२ सालमा बिताएको भूमिगत जीवन

◆ **हालको ठेगाना** :– मकवानपुर जिल्ला, हेटौंडा न.पा.–४

## सुरेश कार्की

*केन्द्रीय कमिटी सदस्य*

*इन्चार्ज– तल्लो सगरमाथा अञ्चल समन्वय कमिटी*

◆ **जन्म मिति** - २०१४ साल, असोज

◆ **जन्मस्थान** :– ओद्राहा–८, सप्तरी

◆ **माता** :– स्व. लेख कुमारी **पिता** :– मखनबहादुर कार्की

◆ **पत्नी**:– विन्दिया कार्की, **छोरा**: सुशोभित

◆ **शिक्षा**:– नन्द उमा निम्न माध्यमिक ओद्राहा, सर्वोदय मा.वि. कञ्चनपुर, उच्च–विज्ञान प्रविधि अध्ययन संस्थान धरान, आइटेक,कुमार शसिन्द्र कलेजबाट बी.कम.

◆ **राजनीतिक जीवनको आरम्भ**

+ २०३३ मा को.के. सँग सम्पर्क
+ २०३४ मा को.के.को सदस्यता प्राप्त, युथ लिग शाखा कमिटी, इलाका कमिटी, जिल्ला, अञ्चल हुँदै केन्द्रीय कमिटीको सदस्य बनेको

◆ **जिम्मेवारी** :–

ॐ

⬩♐☸◘⬩☸◘ ✍ ♑☸⬩&♐ ✍♎♐■☸♉⬩♐☸ ⬩♐□❀⬩♐ ■♎♐ ✉☺♦✍☹✍ ●✉✍⌧♐✍ ❑♌❑&🕯✍✍ ♍♐☸ ❖■♋🕯♦♐✍ ✍♐♎☸♐&✍ ●✉☝⬩🕯■☹✍ ✉■♐❀⌧ ☹✍ ♎⌧♐☸✈✍☹✍ ♌♐☸■❖♐✍ ⬩♐●♌✦✍ ♑🕯♏ ♐⬩♐☸⌛✍ ✍✉🕯♏♐ ●♒☠■♐⬩♐☸ ✉●❒♏ ♏⚐❀ ⬩♐ □❀ ◆✍☸⬩♐☸▪✍

◆ **तपाईंको आदर्श -**

- इमान्दारीपूर्वक शालिन र नम्र भई लक्ष्यप्रति समर्पित रहनु

◆ **पार्टी कामको सन्दर्भमा अनुभूत गरेको दुःखद क्षण-**

- रहस्यमय दासढुङ्गा दुर्घटनामा मदन-आश्रितको अप्रत्यासित अवसान हुँदा

◆ **पार्टी कामको सन्दर्भमा अनुभूत गरेको अप्ठ्यारो क्षण**

- ०३९ सालमा उत्पन्न असामान्य स्थिति
- ०५४ सालमा पार्टी विभाजनपछि कार्यक्षेत्रमा काम गर्दा

◆ **हालको ठेगाना** :- स्थायी- त्रि.न.पा.-७, उदयपुर

अस्थायी - का.म.पा. ३५, फुलवारीमार्ग, कोटेश्वर